सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ असोज २०८२, सोमबार (13 Oct 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १७७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ नेपाल विश्वकपनजिक

छनोट खेलअन्तर्गत आइतबार युएईमाथि एक रनको रोमाञ्चक जित निकालेको नेपाल २०२६ मा हुने टी-२० विश्वकप खेल्ने यात्रामा



रमेश सुवेदी/नयाँ पत्रिका

युएईविरुद्ध रोमाञ्चक एक रनको जित निकालेसँगै नेपालको आगामी वर्ष भारत र श्रीलंकामा आयोजना हुने आइसिसी पुरुष विश्वकपको सम्भावना बढेको छ। नेपाल लगातार दोस्रो तथा समग्रमा तेस्रोपटक विश्वकप खेल्ने योजनामा छ। आइतबार युएईलाई हराएसँगै नेपालले एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटको सुपर सिक्समा महत्त्वपूर्ण दुई अंक जोडेको छ। समग्रमा नेपालले सुपर सिक्समा चार अंक जोड्यो। सोमबार कतारलाई हराए नेपालको विश्वकपमा सहभागी हुने सम्भावना उच्च बन्नेछ। पराजित हुँदा भने नेपालले २९ असोजमा ओमान र ३१ असोजमा सामोआविरुद्धको खेल कुनुपर्नेछ।

सुपर सिक्समा नेपालसँगै ओमानको पनि चार अंक छ। पहिलो हार व्यहोरेको युएईको दुई अंक छ। तुलनात्मक रूपमा कमजोर मानिएका जापान, सामोआ र कतारले सुपर सिक्समा अंक जोड्न सकेका छैनन्। त्यसैले नेपालसहित ओमान र युएईको विश्वकप छनोटको सम्भावना प्रबल देखिएको छ। सन् २०२६ मा हुने विश्वकपमा २० टोली सहभागी हुनेछन्। हालसम्म १७ टिमको टुंगो लागिसकेको छ। एसिया तथा इस्ट एसिया प्यासिफिकबाट (नेपाल, युएई, ओमान, कतार, जापान र सामोआ) तीन टोली छनोट हुनेछन्। (विस्तृत पृष्ठ ८)

त्रिविको जग्गामा क–कसको राइँदाइँ ?

निवर्तमान प्रधानमन्त्री केपी ओलीले लुकाएको त्रिविको जग्गा खोजबिन समितिको प्रतिवेदन सरकारले सार्वजनिक गरेको छ, कीर्तिपुरस्थित विश्वविद्यालयपरिसरको जग्गाबारे प्रतिवेदनमा खुलाइए पनि देशभरको त्रिविको जग्गा भने पहिचान गर्न सकेको छैन



● **महावीर पुन**, शिक्षामन्त्री

प्रतिवेदन निकै राम्ररी लुकाइएको रहेछ, प्रधानमन्त्री कार्यालयमा खोज्न लगाउँदा एक प्रति हार्डकपी भेटियो। बल्लबल्ल हार्डकपी पाएपछि त्यसलाई ई-कपी बनाएर सोमबार वेबसाइटमा राखिँदै छ। थुप्रै जग्गा हिनामिना भएको छ, तत्काल के-के कार्यान्वयन गर्न सकिन्छ, ती कार्यान्वयन हुन्छन्। दुईजना सहसचिवलाई अध्ययन गर्न लगाउँछु। त्रिविको जग्गा सकेसम्म त्रिविकै मातहतमा आउँछ।



● **जानकीबल्लभ अधिकारी**

सदस्य, छानबिन समिति

प्रतिवेदन अहिलेका शिक्षामन्त्रीले सार्वजनिक गर्नुभएको थाहा पाउँदा खुसी लाग्यो, अब त्रिविको सम्पत्ति केही हदसम्म भए पनि सुरक्षित होला र फर्किएला भन्ने लागेको छ। हामीले उक्त अध्ययन छोटो समयमै गरेका थियौं, विस्तृत अध्ययन गर्न समय अझै कम भएको थियो। हामीले प्रतिवेदनमा अर्को अध्ययन पनि गर्नुपर्छ भनेर सुझाव दिएका छौं, यदि कार्यान्वयन भयो भने त्रिविको भलो हुनेछ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

केपी ओली नेतृत्वको सरकारले लुकाएको त्रिभुवन विश्वविद्यालयको जग्गा खोजबिन समितिको प्रतिवेदन वर्तमान सरकारले सार्वजनिक गरेको छ। प्रतिवेदनअनुसार त्रिवि कीर्तिपुरपरिसरमा मात्रै पाँच हजार ५० रोपनी तीन आना एक पैसा एक दाम रहेकोमा ८४३ रोपनी १० आना ६ पैसा एक दाम जग्गामा विभिन्न संघसंस्थाले रजाइँ गरेका छन्।

त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिले साढे पाँच महिना लगाएर तयार पारेको १७९ पेज लामो प्रतिवेदन २ पुस ०८१ मै निवर्तमान प्रधानमन्त्री केपी ओलीलाई बुझाएको थियो। विज्ञहरूले अध्ययन प्रतिवेदन बुझाएको १५ दिनमै कार्यान्वयनमा लैजाने मापदण्ड बनाए पनि ओलीले गुपचुप राखेका थिए। आइतबार शिक्षामन्त्री महावीर पुनले उक्त प्रतिवेदन सार्वजनिक गर्दै कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाएका छन्।

» पृष्ठ २ मा क्रमशः

■ कीर्तिपुर विश्वविद्यालयपरिसरमा त्रिविको ५०५० रोपनी जग्गा, ८४३ रोपनीमा विभिन्न संघसंस्थाको रजाइँ



लेबोरेटरी माविं (ल्याब स्कुल)ले कीर्तिपुरस्थित त्रिविको १०८ रोपनी १४ आना दुई पैसा तीन दाम जग्गा कब्जा गरेको समितिको निष्कर्ष छ। 'सरकारी सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालयलाई शैक्षिक गुठीमा सञ्चालन गर्न दिइनेछैन भन्ने कुरालाई बेवास्ता गरी विभिन्न चरणमा सरकारी विद्यालयलाई निजीकरण गर्ने प्रयास गरेको, निजी विद्यालय सञ्चालनलाई गुठियारले भाडामा लगाई उल्टै त्रिविको जग्गा होइन भन्ने अनधिकृत व्यहोराका कागज प्रमाण तयार गर्न लागेको देखिँदा यस्तो गैरकानुनी प्रक्रियामा संलग्न शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालयलगायतका तत्कालीन सबै पदाधिकारी एवं कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका व्यक्तिहरूउपर अख्तियार र सिआइबीले थप छानबिन गरी कारबाही अघि बढाउनुपर्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ।

कृषि बागवानी केन्द्र : २८१ रोपनी। **प्लानेटोरियम तथा अब्जरभेटरी** : १६० रोपनी। **काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड** : १०७ रोपनी। **नेपाल क्रिकेट संघ, ग्लोबल आइएमई बैंक, लायन्स क्लब इन्टरनेसनलको रक्तसञ्चार केन्द्र** : ७६ रोपनी ४ आना ३ दाम। **आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र** : २५ रोपनी। **राधास्वामी सत्संग व्यास नेपाल** : १५ रोपनी। **नेत्रज्योति संघ** : १० रोपनी। **नेपाल प्राध्यापक संघ** : ६ रोपनी १२ आना। **महानगरी प्रहरी वृत्त (कीर्तिपुर)** : ५ रोपनी। **महानगरीय प्रहरी वृत्त (कालीमाटी)** : ४ रोपनी

यीबाहेक पनि त्रिवि प्राध्यापक संघ, त्रिवि कर्मचारी संघ, नेपाल बैंक लिमिटेड, कीर्तिपुर बसपार्कलगायतले त्रिविको जग्गा भोगचलन गर्दै आएका छन्

■ निवर्तमान प्रधानमन्त्री ओलीले लुकाएका थिए प्रतिवेदन



त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिले साढे पाँच महिना लगाएर तयार पारेको प्रतिवेदन तत्कालीन शिक्षामन्त्री विद्या भट्टराई र त्रिवि पदाधिकारीहरूको उपस्थितिमा २ पुस ०८१ मै निवर्तमान प्रधानमन्त्री केपी ओलीलाई बुझाएको थियो। तर, ओलीले कार्यान्वयन गर्नुको सट्टा प्रतिवेदन नै लुकाएका थिए। जबकि विज्ञहरूले अध्ययन प्रतिवेदन बुझाएको १५ दिनमै कार्यान्वयनमा लैजाने भनेर मापदण्ड पनि बनाएका थिए।

तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईले प्रतिवेदन कार्यान्वयन गर्न सक्रियता देखाए पनि प्रधानमन्त्री ओलीकै दबाबमा रोकिएकी थिइन्। योलगायत घटनाबाट रुष्ट बनेकी भट्टराईलाई शिक्षक आन्दोलनका क्रममा साथ नदिएर ओलीले पद छाड्न बाध्य पारेका थिए। संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले प्रतिवेदन सार्वजनिक गर्न सरकारलाई निर्देशन दिँदासमेत अटेर गरेको थियो।

सुरुमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले १८ जेठ ०८१ मा पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा त्रिविको जग्गा खोजबिन समिति बनाएको थियो। त्रिताल बिरामी परेपछि समिति सदस्य महेन्द्रकुमार थापा संयोजक बने। सदस्यमा जानकीबल्लभ अधिकारी र प्रेमसागर चापागाईं थिए। समितिले १५ मंसिरमै प्रतिवेदन तयार पारी १६ मंसिरमै तत्कालीन शिक्षामन्त्री भट्टराईलाई बुझाएको थियो। पछि कार्यान्वयनमा लैजान भन्दै समितिले शिक्षामन्त्रीसहितको उपस्थितिमा त्रिवि कुलपति एवं प्रधानमन्त्री ओलीलाई २ पुसमा प्रतिवेदन बुझाएको थियो।

जनमतमा विद्रोह

उपाध्यक्षसहित १५ नेताले दिए नयाँ पार्टी दर्ताको निवेदन



अध्यक्ष सिके राउत भन्छन्-

साथीहरूलाई शुभकामना !

(विस्तृत पृष्ठ ३)

इजरायल–हमास युद्धविराम कार्यान्वयनमा संशय



युद्धविराम सम्झौताको अस्पष्ट सर्तसँगै इजरायललाई धेरै गतिशीलता प्रदान गर्नेछ। उदाहरणका लागि हमासले सम्झौताका सर्त पालना नगरेको दाबी गर्दै इजरायली सरकारले पुनः बमबारी सुरु गर्न सक्छ, सहायता कटौती गर्न सक्छ वा गाजामा प्यालेस्टिनीलाई थप विस्थापित गर्न सक्छ।

(मारिका सोस्नोविस्कीको लेख पृष्ठ ५)

रसुवागढी नाका दुई साताभित्र सञ्चालनमा ल्याइने

बेलिब्रिज निर्माण अन्तिम चरणमा



तीन महिनादेखि सुस्ताएको चीनसँगको व्यापार चलायमान हुने अपेक्षा

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सुन तस्करी प्रकरणमा डेढ वर्षपछि पूर्वसभामुख महरा पुनः पक्राउ

भन्सार ऐन, संगठित अपराध तथा आपराधिक लाभ मुद्दामा अनुसन्धान गर्ने प्रहरी तयारी



नयाँ पत्रिका

सुन तस्करीमा संलग्न चिनियाँ गिरोहसँग नजिकको सम्बन्ध देखिएका पूर्वसभामुख तथा माओवादी नेता कृष्णबहादुर महरा पुनः पक्राउ परेका छन्। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनलाई आइतबार ललितपुरबाट नियन्त्रणमा लिएको हो। महरामाथि भन्सार ऐन, संगठित अपराध तथा आपराधिक लाभ मुद्दामा अनुसन्धान गर्ने

» पृष्ठ २ मा क्रमशः

फरार कैदीहरूलाई कुनै सरकारी सुविधा नदिन पत्राचार

गृह मन्त्रालयले जेन-जी आन्दोलनका क्रममा कारागारबाट भागेका कैदीबन्दीको नाम र ठेगानासहितको विवरण सार्वजनिक गर्दै उनीहरूलाई सरकारी कार्यालयबाट सेवा नदिन र सेवा लिन आए सुरक्षा निकायलाई खबर गर्न पत्राचार गरेको छ। विभागका अनुसार पाँच हजार ५४७ कैदीबन्दी अझै फरार छन्। फरार हुनेमा ५४० जना भारत १०९ अन्य देशका विदेशी नागरिक छन्। कारागारबाट भागेकामध्ये नौ हजार आठजना भने फर्किसकेको कारागार व्यवस्थापन विभागका महानिर्देशक लीलाप्रसाद शर्माले बताए।

गृहमन्त्रीस्तरीय निर्णयबाट फरार कैदीहरूको विवरण सार्वजनिक गरिएको हो। फरार कैदीहरू पक्राउ गर्न ७७ जिल्लामै सहायक प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा 'फरार बन्दी खोजी तथा पक्राउ कार्यदल' गठन गरेको छ। सो कार्यदललाई थप सक्रिय बनाई फरारहरूको पक्राउ अभियानलाई तीव्रता दिन लागिएको छ। फरारहरूको खोजीका लागि स्थानीय तहसँग पनि समन्वय गर्न लागिएको छ। प्रहरीले उनीहरूको बारेमा सूचना दिनका लागि आग्रह गरेको छ। साथै, उनीहरूलाई विदेश जानबाट रोक्न अध्यागमनमा पनि विवरण पठाइएको छ।

■ तिहार तयारी



नजिकिँदो तिहारसँगै भक्तपुर पोट्टी स्क्वायरका प्रजापति समुदायलाई माटाका पाला तथा भाँडा बनाउन भ्याइनभ्याई छ। उनीहरूले बनाएको माटोको पाला तिहारका बेला उपत्यका मात्र होइन, बाहिर पनि उत्तिकै माग हुन्छ।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

मंसिरमा एमालेको अर्ली महाधिवेशन

बहुमत पदाधिकारी नेतृत्व हस्तान्तरणको पक्षमा उभिएपछि दबाबमा आएका ओली विद्यालाई रोक्ने र वैधानिक फोरमबाट पुनः नेतृत्व लिने योजनामा

शुरोजंग पाण्डे/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणको मुद्दा चौतर्फी उठेपछि दबाबमा आएको एमालेले एक वर्ष अगाडि नै अर्थात् आगामी मंसिर अन्तिममा ११औं महाधिवेशन गर्ने निर्णय लिएको छ। तर, पार्टी केन्द्रीय सचिवालयको आइतबारको बैठकमा अध्यक्ष केपी ओलीले हरहालतमा पूर्वराष्ट्रपतिलाई सक्रिय राजनीतिमा आउन रोक्ने र महाधिवेशनबाट पुनः चुनिएर अर्को एक कार्यकाल अध्यक्ष बन्ने चाहना व्यक्त गरेका छन्।

बहुसंख्यक पदाधिकारीले नीति, नेतृत्व र कार्यशैलीको पुनर्गठनमार्फत नेतृत्व हस्तान्तरण गरेर जेन-जी आन्दोलनको भावना सम्बोधन गर्नुपर्ने विचार राखेपछि सचिवालयको बैठकले मंसिर अन्तिम साता 'अर्ली' महाधिवेशन गर्ने निर्णय लिएको हो। २९ असोजमा डाकिएको केन्द्रीय कमिटी बैठकमा महाधिवेशनको मिति र स्थान तय गर्ने गरी सचिवालय बैठकले प्रस्ताव लैजाने उपमहासचिव प्रदीप ज्ञवालीले बताए।

एमालेको दसौं महाधिवेशन ९ मंसिर ०७८ मा चितनवमा सम्पन्न भएको थियो। विधानतः पाँच वर्षभित्र राष्ट्रिय महाधिवेशन गर्नुपर्ने व्यवस्था रहे पनि ओली जेन-जी आन्दोलनपछिको विकसित परिस्थितिमा उठेको पुनर्गठन र हस्तान्तरणको मुद्दा सम्बोधन हुने गरी अर्ली महाधिवेशन गराउने पक्षमा पुगेका हुन्। यसअघि २२ भदौमा सकिएको एमालेको विधान महाधिवेशनले उमेरहद र कार्यकारी पदको

» पृष्ठ २ मा क्रमशः



● **बैठकमा एमाले अध्यक्ष केपी ओलीले भने–**

विद्याजीले पार्टी सदस्यता नवीकरणका लागि सर्वोच्च अदालतमा मान्छे पठाएर निवेदन दिनुभयो। तर, न्यायाधीश कुमार रेग्मीले पार्टीको आन्तरिक विषय अदालतले टुंग्याउन मिल्दैन भन्दै फिर्ता गर्नुपऱ्यो। अनि त्यस्तो मान्छे (विद्या)लाई अहिले फेरि सदस्यता चाहिएको छ। उहाँलाई सदस्यता दिन सकिँदैन। तपाईंहरू एकातिर उहाँको सदस्यता नवीकरण गर्ने भन्नुहुन्छ र अर्कोतिर नेतृत्व हस्तान्तरण हुनुपर्छ भन्नुहुन्छ। यसको अर्थ सिधै मलाई छोड्नुस् भनेको होइन र ? के म यो बुझ्दिनँ र ? विद्याजीलाई ल्याउन हस्तान्तरणको कुरा गर्दै हुनुहुन्छ। अनि मलाई तपाईं एकदम महान्, राष्ट्रवादी र सर्वोच्च व्यक्ति भन्नुहुन्छ। यसरी पार्टीबाट गलहत्याएर निकालेर राष्ट्रनायक हुन्छु म ?

संसद् पुनर्स्थापनाका लागि एमाले अदालत र आन्दोलनमा जाने

एमाले सचिवालय बैठकले २१ फागुनका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनमा नगई संसद पुनर्स्थानाको मुद्दा लिएर कानुनी र राजनीतिक आन्दोलनमा जाने निर्णय लिएको छ। लोकतन्त्र, संविधान र राष्ट्रियताको रक्षाका लागि संसद् पुनर्स्थापना गर्न सर्वोच्च अदालत जाने र सँगसँगै जनपरिचालन कार्यक्रमको प्रस्तावसमेत केन्द्रीय कमिटी बैठकमा लैजाने बैठकले निर्णय गरेको उपमहासचिव प्रदीप ज्ञवालीले बताए।

● **बैठकपछि उपमहासचिव ज्ञवालीले भने–**



बैठकले प्रतिनिधिसभाको विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक ठहर गरेको छ। त्यसकारण असंवैधानिक र अलोकतान्त्रिक ढंगले गरेको विघटन बदर गर्दै प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्छ भन्ने स्पष्ट माग बैठकले गरेको छ। संसद् पुनर्स्थापनाका लागि हामी अदालत जान्छौं। महाधिवेशनसहित लोकतन्त्र, संविधान र राष्ट्रियता रक्षाका लागि जनपरिचालन या आन्दोलनका लागि समानान्तर तयारी गर्ने प्रस्ताव केन्द्रीय कमिटीमा लैजान्छौं।

मंगलबारदेखि सर्वोच्चमा रिट दर्ता

काठमाडौं/ एक महिनादेखि सेवा बन्द रहेको सर्वोच्च अदालतमा मंगलबारदेखि रिट दर्ता हुने भएका छन् । आइतबार बसेको अदालतको पूर्ण बैठकले रिट दर्ता एवं सुनुवाइ गर्ने निर्णय गरेको हो ।

२४ भदौको जेन-जी आन्दोलनमा मुख्य भवन जलाएपछि सर्वोच्चले बन्दी प्रत्यक्षीकरणबाहेक अन्य सेवा दिन सकेको छैन । एक महिनापछि सर्वोच्चले रिट दर्ता र सुनुवाइ गर्न लागेको हो । भवनसँगै सर्वोच्चको सर्भरमा क्षति पुगेको थियो । सर्भर रिकभरको प्रयास भइरहेको सर्वोच्च प्रशासनले जनाएको छ ।

सर्वोच्चका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले अन्य सेवाहरू पनि सञ्चालनका लागि गृहकार्य भइरहेको बताए । तर, अन्य सेवाहरू सुरु गर्न भने छठअघि सम्भव नभएको सर्वोच्चका अधिकारी बताउँछन् ।

आन्दोलनका वेला सर्वोच्चसहित काठमाडौं जिल्ला अदालत, उच्च अदालत विराटनगर, जिल्ला अदालत, मोरङ, जिल्ला अदालत दाङ र उच्च अदालत तुलसीपुरमा धेरै क्षति पुगेको छ । अन्य अदालतले भने सेवा सुरु गर्न थालेका छन् । यद्यपि, केन्द्रीय सर्भर प्रणालीबाटै पेसी व्यवस्थापन हुने भएकाले देशैभरिका अदालतको सेवा प्रभावित बनेको छ । सेवा सुरु नहुँदासम्म म्याद नगुज्रने सर्वोच्च अदालतले प्रस्ट पारेको छ । 'सर्वोच्च अदालतका नियमित वा अन्य सेवा प्रवाहको अर्को सूचना प्रकाशित नहुँदासम्म म्याद, हदम्याद र तारेख गुज्रँदैन,' सर्वोच्चका सूचना अधिकारी नीराजन पाण्डेले भने ।

मंसिरमा एमालेको...

पृष्ठ १ बाट क्रमशः

कार्यकालको सीमा हटाएर ओलीलाई तेस्रो कार्यकालका लागि अध्यक्ष बन्ने बाटो खुला गरेको थियो ।

एमालेमा एउटा समूहले पूर्वराष्ट्रपति भण्डारीलाई पार्टी नेतृत्वमा ल्याउने गरी प्रयास गरेको छ । तर, एमालेले ओलीको चाहनाअनुसार भण्डारीको सदस्यता नवीकरणलाई वैधता दिएको छैन । पार्टीले सदस्यता नवीकरणलाई औपचारिकता नदिए पनि भण्डारीले एमालेको राजनीतिक गतिविधि गर्दै आएकी छिन् । उनले यसका लागि भिन्दै बानेश्वरमा सम्पर्क कार्यालयसमेत खोलेकी छिन् ।

आइतबारको बैठकमा उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, विष्णु रिमाल, सचिवहरू योगेश भट्टराई, गोकर्ण विष्ट, छविलाल विश्वकर्मा, रघुवीर महासेठ, पद्मा अर्याल र लेखराज भट्टले धारणा राखेका थिए । विष्टले पार्टीलाई सही ढंगले अगाडि बढाउन ओलीले राजीनामा दिनुपर्ने धारणा राखेका थिए । भट्टराईले ओलीले मुलुकका लागि थप योगदान गर्न सक्ने ठाउँ नरहेकाले स्वेच्छिक अवकाश लिएर राष्ट्रनायकका रूपमा सम्मानित भएर बस्नु नै हितकर हुने बताएका थिए । दुई नेताबाहेक अरूले ओलीको बिदाइबारे ठोस धारणा राखेनन् ।

बैठकमा ओलीले आफूलाई गलहत्याउन खोजेको भन्दै नेताहरूप्रति तीव्र आक्रोश व्यक्त गरे । त्यसरी आक्रोश व्यक्त गर्नुअघि ओलीले पूर्वराष्ट्रपति भण्डारीको पार्टी सदस्यता नवीकरण कुनै हालतमा नगर्ने अडान मात्र लिएनन्, पृष्ठभूमि बाँधेर लामै व्याख्या गरेका थिए । एक पदाधिकारीका अनुसार ओलीको अभिव्यक्तिमा वैधानिक फोरमबाट पुनः नेतृत्वमा आउने महत्त्वाकांक्षा देखिएको छ ।

'विद्याजीले पार्टी सदस्यता नवीकरणका लागि सर्वोच्च अदालतमा मान्छे पठाएर निवेदन दिनुभयो । तर, न्यायाधीश कुमार रेग्मीले पार्टीको आन्तरिक विषय अदालतले टुंग्याउन मिल्दैन भन्दै फिर्ता गर्नुपर्‍यो । अनि त्यस्तो मान्छे (विद्या)लाई अहिले फेरि सदस्यता चाहिएको छ । उहाँलाई सदस्यता दिन सकिँदैन,' ती पदाधिकारीका अनुसार बैठकमा ओलीले भनेका थिए, 'तपाईंहरू एकातिर उहाँको सदस्यता नवीकरण गर्ने भन्नुहुन्छ र अर्कोतिर नेतृत्व हस्तान्तरण हुनुपर्छ भन्नुहुन्छ । यसको अर्थ सिधै मलाई छोड्नुस् भनेको होइन र ? के म यो बुझ्दिनँ र ? विद्याजीलाई ल्याउन हस्तान्तरणको कुरा गर्दै हुनुहुन्छ । अनि मलाई तपाईं एकदम महान्, राष्ट्रवादी र सर्वोच्च व्यक्ति भन्नुहुन्छ । यसरी पार्टीबाट गलहत्याएर निकालेर राष्ट्रनायक हुन्छु म ?'

अर्का एक पदाधिकारीका अनुसार उपाध्यक्ष विष्णु पौडेलले शुक्रबार बैठकमा भण्डारीलाई ल्याउने गरी सदस्यता नवीकरणको प्रसंग जोडदार उठाएका थिए । यसले आन्तरिक समीकरणमै उथलपुथलको सम्भावना भएपछि ओलीले शनिबार पौडेललाई गुन्दुमै बोलाएर लामो कुराकानी गरेका थिए । ओलीले पौडेललाई भण्डारीको पक्षमा धेरै चलखेल नगर्न चेतावनी नै दिएको उनले बताए । यसपछि आइतबार ओलीले सचिवालय बैठकमा तिक्तता पोखेको ती पदाधिकारीले बताए । आइतबार बैठकमा छविलाल विश्वकर्मा र पद्मा अर्यालले पनि भण्डारीलाई सदस्यता दिनुपर्ने धारणा राखेका थिए । अर्यालले सर्तसहित सदस्यता दिने, तर कुनै पनि पदमा नल्याउने गरी निर्णय गर्दा उपयुक्त हुने आशयको धारणा राखेकी थिइन् । एमालेमा बहुमत पदाधिकारी नेतृत्व हस्तान्तरणको पक्षमा उभिएपछि ओलीमाथि दबाब छ ।

संसद् पुनर्स्थापनाका लागि एमाले अदालत र आन्दोलनमा जाने

एमाले सचिवालय बैठकले २१ फागुनका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनमा नगई संसद् पुनर्स्थापनाको मुद्दा लिएर कानुनी र राजनीतिक आन्दोलनमा जाने निर्णय लिएको छ । लोकतन्त्र, संविधान र राष्ट्रियताको रक्षाका लागि संसद् पुनर्स्थापना गर्न सर्वोच्च अदालत जाने र सँगसँगै जनपरिचालनको कार्यक्रमसमेत प्रस्ताव केन्द्रीय कमिटी बैठकमा लैजाने बैठकले निर्णय गरेको उपमहासचिव प्रदीप ज्ञवालीले बताए । प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक ठहर गर्दै बैठकले सरकारले चुनाव गराउन विश्वसनीय आधार तयार नपारेको निष्कर्ष निकालेको छ । 'बैठकले प्रतिनिधिसभाको विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक ठहर गरेको छ । त्यसकारण असंवैधानिक र अलोकतान्त्रिक ढंगले गरेको विघटन बदर गर्दै प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्छ भन्ने स्पष्ट माग बैठकले गरेको छ । संसद् पुनर्स्थापनाका लागि हामी अदालत जान्छौं,' बैठकपछि ज्ञवालीले भने, ' महाधिवेशनसहित लोकतन्त्र, संविधान र राष्ट्रियता रक्षाका लागि जनपरिचालन या आन्दोलनका लागि समानान्तर तयारी गर्ने प्रस्ताव केन्द्रीय कमिटीमा लैजान्छौं ।'

एमालेले अन्तरिम सरकारले चुनावको वातावरण बनाउनुको सट्टा दल र पार्टी नेताहरूप्रति निषेधको नीति लिएको दाबी गरेको छ । 'सम्माननीय राष्ट्रपतिज्यूले यो सरकारलाई निर्वाचनको कार्यादेश दिनुभएको छ । तर, सरकार निर्वाचनको बाटोमा होइन, निषेध, प्रतिशोध र मुठभेडको बाटोमा हिँडिरहेको हामीले अनुभूति गरिरहेका छौं,' ज्ञवालीले भने, 'नेताहरूलाई स्थान हद तोक्ने, राहदानी रोक्का गर्ने र नेताहरूलाई मुद्दा लगाएर चुनावमा उठ्नै नसक्ने बनाउँछौं भन्नेलाई संरक्षण गरिरहेको समग्र घटनाक्रमको अध्ययनबाट सरकार चुनाव गराउने बाटोमा छैन भन्ने देखिन्छ ।' बैठकमा अध्यक्ष ओलीले चुनाव हुने अवस्था नभएको 'ब्रिफिङ' गरेका थिए । उनको भनाइमा उपाध्यक्ष रामबहादुर थापाले समर्थन जनाएका थिए । त्यसपछि संसद् पुनर्स्थापना र अर्ली महाधिवेशनको निर्णय लिन सहज बनेको नेताहरूको भनाइ छ । 'अध्यक्षले सुरक्षा जोखिमको विषय उठाउनुभो । बादलजीले पनि नेताहरूलाई मुद्दा लगाउने र निषेधको नीति लिइरहेका वेला कसरी चुनावको वातावरण बन्छ भन्नेजस्तो तर्क गर्नुभो । त्यसपछि पुनर्स्थापनातिर जानुपर्छ भन्ने निर्णय गर्न सजिलो भयो,' एक पदाधिकारीले भने ।

हार्दिक श्रद्धाञ्जली



जन्म :
वि.सं. १९९१/५/३१

स्वर्गारोहण:
वि.सं. २०८२/६/१५

स्व. धनिराम राई

श्रद्धेय पूज्यपिता तथा श्रीमद्भगवद् गीता आश्रम ललितपुरका अध्यक्ष श्री धनिराम राईज्यूको असामयिक निधनले हामी मर्माहत र स्तब्ध भएका छौं ।
यस दुःखद् क्षणमा दिवंगत आत्मालाई चिरशान्ति र स्वर्गीय आनन्द प्राप्तिका लागि परमेश्वरसँग प्रार्थना गर्दै १३औं दिनको पुण्यतिथिका सुअवसरमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

परिवार सहित पुत्रद्वय :
सुवासचन्द्र राई । निरबहादुर राई
एवं
सिम्हँछा परिवार लगायत
सम्पूर्ण गीतामार्गी गुरु तथा भक्तजनहरु
ललितपुर-१४

मोटरसाइकल हरायो

मिति २०८२/६/५ गते अ.राति २:३० बजेको समयमा का.जि.का.म.न.पा-२ आफ्नै घरको पार्किङबाट मेरो निम्न व्यहोरा भएको नेवि ब्लु रंगको **FZS V2 Yamaha 150CC** मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।
नाम: एम.ए. डब्लु हायर पर्चेज प्रा.लि. (त्रणी : रवि दुलाल)
मो.सा.नं.: बा.प्र ०२-०५९ प ०४७४
चेसिस नं.: ME1RG445650100865
इन्जिन नं.: G3J3E0598472
सम्पर्क न.: 9802364418

मोटरसाइकल हरायो

मिति २०८२/६/१ गते अन्दाजी बेलुका २०:३० बजेको समयमा ललितपुर जिल्ला ललितपुर म.न.पा.-४, भनिमण्डल स्थित पाकिङबाट मेरो निम्न व्यहोरा भएको कालो रंगको 200CC NS पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।
नाम : हुलास अटो काफट (विवेक खड्का)
मो.सा.नं.: बा.प्र. ०२-०५२ प ८९१७
चेसिस नं.: MD2A36FX7RCE97592
इन्जिन नं.: JLXCRE86082
सम्पर्क न.: 9803478375

कोशी प्रदेश, झापा जिल्ला, गौरादह न.पा., वार्ड नं. ८, डिपु चौक स्थायी ठेगाना भई हाल यस बैंकको जनशक्ति व्यवस्थापन विभाग (अतिरिक्त समूह) मा कार्यालय सहायक पदमा कार्यरत कर्मचारी श्री रिमा पौडेल (५८०७) लाई बैंकको सेवाबाट हटाइएको बारे अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/६/२७ गते

उल्लेखित स्थायी घर ठेगाना भएकी हरि प्रसाद पौडेल (शर्मा) की छोरी श्याम प्रसाद फुयाँलकी बुहारी अशोक कुमार फुयाँलकी पत्नी वर्ष ४० की यस बैंकको कार्यालय सहायक पदमा कार्यरत तपाईं श्री रिमा पौडेल (५८०७) मिति २०८१।०७।३० गतेदेखि लगातार आफू कार्यरत कार्यालयमा जानकारी समेत नदिई अनुपस्थित भएको हाजिरी रेकर्डबाट देखिन आएको तथा तपाईंलाई सफाई तथा स्पष्टिकरणको मौका दिंदा समेत बेवास्ता गरी सफाई तथा स्पष्टिकरणको जवाफ समेत पेश नगरी कार्यालयमा उपस्थित नहुनु भएको हुँदा बैंकको मिति २०८२।०६।२६ गतेको निर्णय अनुसार कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ (संशोधनसहित) को परिच्छेद-७ को विनियम ५ खण्ड (झ) को अभियोगमा ऐ. विनियमावलीको परिच्छेद ७ को विनियम १ को खण्ड (ख)को उपखण्ड (१) बमोजिम मिति २०८२।०६।२६ देखि लागु हुने गरी भविष्यमा बैङ्कको सेवाको निमित्त अयोग्य नठहरिने गरी बैंकको कार्यालय सहायक पदबाट हटाइएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

कृषि विकास बैंक लिमिटेड
जनशक्ति व्यवस्थापन विभाग
मुख्य कार्यालय,काठमाडौं ।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं

विद्युतीय बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०८२/०६/२७ गते (Oct 13, 2025)

यस कार्यालयको तपशिलबमोजिमको खरिद कार्य विद्युतीय बोलपत्र (E–Bid) को माध्यमबाट गराउनुपर्ने भएकाले इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको **website: www.bolpatra.gov.np/egp** मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

ठेक्का नं.	खरिदसम्बन्धी बिवरण	फाराम दस्तुर (रु.)	जमानत रकम (रु.)	बोलपत्र जमानत मान्य अवधि	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय	लागत अनुमान रु. (VAT र PS बाहेक)
09/SQ/TM/ W/2082-83	Ward bhitra agalagi niyantran tatha dhamkal sewako lagi pipe bistar tatha bebasthapan, ward-7	१,०००।–	४७,०००.००	७५ दिन	कार्तिक १३, २०८२ (Oct-30, 2025) मध्यान्ह १२ बजे	कार्तिक १३, २०८२ (Oct-30, 2025) मध्यान्ह ०१ बजे	१६,७३,९६१.७६
10/NCB/TM/ W/2082-83	Kathmandu Jilla Tokha Nagarpalika ward-2 Bajrayogi Sadak Istarunnati	३,०००।–	९५,०००.००	१२० दिन	कार्तिक २७, २०८२ (Nov-13, 2025) मध्यान्ह १२ बजे	कार्तिक २७, २०८२ (Nov-13, 2025) मध्यान्ह ०१ बजे	३३,९७,२९८.३२

प्रमुख प्रशासकीय अधिकृत

त्रिविको जग्गामा...

पृष्ठ १ बाट क्रमशः

'प्रतिवेदन निकै राम्ररी लुकाइएको रहेछ, प्रधानमन्त्री कार्यालयमा खोज्न लगाउँदा एक प्रति हार्डकपी भेटियो । बल्लबल्ल हार्डकपी पाएपछि त्यसलाई इ-कपी बनाएर वेबसाइटमा राखिनेछ,' उनले भने, 'थुप्रै जग्गा हिनामिना भएको छ, तत्काल के-के कार्यान्वयन गर्न सकिन्छ, ती कार्यान्वयन हुन्छन् । दुईजना सहसचिवलाई अध्ययन गर्न लगाउँछु । त्रिविको जग्गा सकेसम्म त्रिविकै मातहतमा आउँछ ।'

त्रिविले छानबिन समितिलाई उपलब्ध गराएको विवरणअनुसार कृषि बागवानी केन्द्रले मात्रै २८१ रोपनी प्रयोग गरिरहेको छ । त्यस्तै, प्लानेटोरियम तथा अब्जरभेटरीले १६० रोपनी, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले १०९ रोपनी र आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रले २५ रोपनी भोगचलन गर्दै आएका छन् । त्यस्तै, कीर्तिपुर बहुमुखी क्याम्पसको नाममा जग्गाधनी दर्ता प्रमाणपुर्जा भएको कित्ता नम्बर ३४ को १०८ रोपनी १४ आना दुई पैसा तीन दाम जग्गा लेबोरेटरी माध्यमिक विद्यालयले अनधिकृत रूपमा जबर्जस्ती कब्जा गरी उपयोग गरिरहेको प्रतिवेदनमा छ । समितिले उक्त जग्गा लेबोरेटरी विद्यालयले भोगाधिकार दर्ता गराउन प्रयास गरेको भन्दै त्रिविकै नाममा फिर्ता ल्याउन सुझाव दिएको छ ।

'लेबोरेटरी मावि कीर्तिपुरलाई त्रिविको स्वामित्वमा रहेको जग्गा तथा भवनहरू त्रिविको आफ्नै कार्यक्रम सञ्चालन गर्नका लागि अन्यन्त आवश्यक हुन गएको हुँदा यस शैक्षिक सत्रपश्चात् उक्त भवन तथा जग्गा विश्वविद्यालयलाई हस्तान्तरण गरिदिने' भनी पटक-पटक पत्राचार भएको देखिएको, तर लेबोरेटरीले उक्त जग्गा खाली गर्न अटेर गरेको,' प्रतिवेदनमा भनिएको छ । लेबोरेटरी स्कुलमा कांग्रेस नेता तथा शिक्षा व्यवसायी उमेश श्रेष्ठ र एमाले नेता कृष्णगोपाल श्रेष्ठलगायतको लगानी छ । त्रिविले ०६० देखि नै जग्गा छाड्न निर्देशन दिँदै आए पनि अटेर गर्दै आएको छ ।

त्रिविपरिसरमै ग्लोबल आइएमई बैंक, लायन्स क्लब इन्टरनेसनलको रक्तसञ्चार केन्द्र र नेपाल क्रिकेट संघले ७६ रोपनी चार आना तीन दाम जग्गा प्रयोग गरिरहेका छन् । त्यस्तै, विश्वविद्यालय कर्मचारी संघले त्रिवि गेटअगाडि झन्डै २० रोपनी जमिन हडपेको छ । उक्त जग्गा संघले आफूअनुकूल भाडामा लगाएको र ठेक्कापट्टाबाट आउने रकम सोझै संघको खातामा जाने गरेको प्रतिवेदनमा उल्लेख छ ।

राधास्वामी सत्संग व्यास नेपाल नामक संस्थाले पनि १५ रोपनी विनास्वीकृति ०४७ देखि अपचलन गर्दै आएको छ । त्यस्तै, नेपाल प्राध्यापक संघले ६ रोपनी १२ आना, महानगरीय प्रहरी वृत्त, कीर्तिपुरले पाँच रोपनी र महानगरीय प्रहरी वृत्त, कालीमाटीले चार रोपनी भोगचलन गर्दै आएका छन् । यी संस्थाहरूलाई विभिन्न मितिमा जग्गा दिँदा विधि प्रक्रिया नपुर्‍याइएको प्रतिवेदनमा उल्लेख छ ।

समितिले बालुवा डिपोले उपभोग गरेको जग्गाबारे पनि प्रश्न उठाएको छ । त्रिविको १० रोपनी जग्गा कब्जा गरी डिपो सञ्चालन भएकाले त्यसलाई खाली गराउन सुझाव दिएको छ । उक्त जग्गा कब्जा गर्नेलाई कारबाही र जरिवाना गर्न पनि भनेको छ । त्यस्तै, कीर्तिपुर नगरपालिकाले उपभोग गरेको सय रोपनी जग्गाबारे समितिले प्रश्न उठाउँदै त्रिविको जग्गा विधिसम्मत प्रयोग गर्न सुझाव दिएको छ । समितिले त्रिविसँग गरिएका कुनै सम्झौता भए उपलब्ध गराउन नगरपालिकालाई पत्र पठाए पनि नगरपालिकाले चासो नै नदिएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले १८ माघ ०१३ मा नेपाल बजेटमा त्रिविको जग्गा अधिग्रहणसम्बन्धी सूचना प्रकाशन भएको उल्लेख गरेको छ । उक्त सूचनाअनुसार त्रिभुवन विश्वविद्यालयका लागि बागमती नदीदेखि पश्चिम, बल्खु खोलादेखि दक्षिण, पाँगा जाने भाजंगल र नयाँ बाटो कीर्तिपुर जाने बाटोदेखि उत्तर र कीर्तिपुरबाट कालीमाटी जाने पुरानो मूलबाटोदेखि पूर्वतर्फको चार किल्लाभित्रको कीर्तिपुर क्षेत्रको रैकर जग्गामध्ये पाँच सय रोपनी अधिग्रहण गरिने उल्लेख भएको देखिन्छ ।

त्रिविको जग्गा कीर्तिपुरपरिसरबाहिर झन् धेरै अपचलन भएको छ । खोजबिन समितिको प्रतिवेदनमा देशभर त्रिविको कति जग्गा छ भन्ने यकिन छैन । यसका लागि थप अध्ययन गर्नुपर्ने निष्कर्ष समितिको छ ।

काठमाडौंकै डिल्लीबजार, त्रिपुरेश्वर, वसन्तपुर, नयाँ नैकाप, लुभु, कपनलगायत क्षेत्रमा त्रिविको जग्गा छ । समितिको प्रतिवेदनअनुसार नैकापमा त्रिविको १२५ रोपनी र लुभुमा ३७५ रोपनी छ । सो जग्गा पनि संरक्षण गर्न समितिले सुझाव दिएको छ । बारामा इन्डो नेपाल कटन मिल रहेको ठाउँमा ६३ बिघा जग्गा त्रिविको नाममा किनिएको थियो । तर, उक्त जग्गा ३२ लाखमा सूर्य टोबाकोलाई बेचेको पाइएको छ । समितिले यसबारे पनि सरकारको ध्यानाकर्षण गराएको छ । त्यस्तै, उपत्यकामा रहेका २२ आंगिक क्याम्पस (विश्वविद्यालय क्याम्पससमेत) र उपत्यकाबाहिर मुलुकभर सञ्चालनमा रहेका ४० गरी ६२ आंगिक क्याम्पसको आ-आफ्नो स्वामित्वमा रहेको र भोगाधिकार प्राप्त गरेकोसमेत जग्गाजमिन र अन्य अचल सम्पत्तिहरू मुलुकभर रहेको प्रतिवेदनमा देखिन्छ ।

छानबिन समितिका सदस्य जानकीबल्लभ अधिकारीका अनुसार प्रतिवेदनमा त्रिविको कैयौं रोपनी जग्गा हिनामिना भएको पुष्टि गरिएको छ । 'प्रतिवेदन अहिलेका शिक्षामन्त्रीले सार्वजनिक गर्नुभएको थाहा पाउँदा खुसी लाग्यो, अब त्रिविको सम्पत्ति केही हदसम्म भए पनि सुरक्षित होला र फर्किएला भन्ने लागेको छ,' उनले भने, 'हामीले उक्त अध्ययन छोटो समयमै गरेका थियौं, विस्तृत अध्ययन गर्न समय अझै कम भएको थियो । हामीले प्रतिवेदनमा अर्को अध्ययन पनि गर्नुपर्छ भनेर सुझाव दिएका छौं, यदि कार्यान्वयन भयो भने त्रिविको भलो हुनेछ ।

समितिले दियो यस्तो सुझाव

- **बिपी प्लानेटोरियम तथा अब्जरभेटरी** : बिपी कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समितिले त्रिविको १५० रोपनी जग्गा भोगचलन गरिरहेको छ । त्रिविले नेपाल सरकारको दबाबमा जग्गा दिएको प्रतिवेदनमा उल्लेख छ । समितिले बिपी कोइराला मेमोरियल प्यानेटोरियमलाई त्रिविको जग्गा आवश्यक थियो, वा छ-छैन भनेर त्रिविका पदाधिकारीसँग बुझेको थियो । तर, त्रिविका वर्तमान र पूर्वपदाधिकारीबिच मतभेद रहेकाले त्रिविको भिजन, मिसन र उद्देश्य पूर्तिका लागि सामञ्जस्य हुने गरी मूल्यांकन गरी पुनर्विचार गर्न समितिले सिफारिस गरेको छ ।
- **कृषि बागवानी केन्द्र** : त्रिविले स्वास्थ्य, शिक्षा, कृषि वन र चिकित्साशास्त्र आयुर्वेद व्यवस्थापनका लागि छुट्याइएकोमध्ये २८१ रोपनी जग्गा कृषि बागवानी केन्द्रले भोगचलन गरिरहेको पाइएको छ । तर, यसबाहेक केन्द्रले अधिग्रहण गरेको भनेको थप १३७ रोपनीमा भने समितिले प्रश्न उठाएको छ । १३७ रोपनीका हकमा जग्गाधनी प्रमाणपुर्जा र जग्गा अधिग्रहणहबारे राजपत्रमा प्रकाशित सूचना उपलब्ध गराइदिन कृषि विभागसँग माग गरिए पनि प्राप्त नभएकाले अन्यथा प्रमाणित नभएसम्म त्रिविकै हुने समितिले ठहर गरेको छ । २८१ रोपनी भने कीर्तिपुर क्याम्पसको नाममा छ ।
- **आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र** : चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत आयुर्वेद क्याम्पस कीर्तिपुरका लागि छुट्याइएको एक सय रोपनीमध्ये ३० रोपनी आयुर्वेद विभागअन्तर्गतको राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रले भोगाधिकार गरिरहेको पाइएको छ । त्रिवि कार्यकारी परिषद्ले आयुर्वेद क्याम्पसको पठनपाठन र अनुसन्धानमा सहयोग पुर्‍याउने गरी त्रिविको स्वामित्व रहने गरी ३० रोपनी भोगाधिकार दिएको पाइएको प्रतिवेदनमा उल्लेख छ । समितिले भने असीमित अवधिका लागि बाह्य संस्था वा निकायलाई भोगाधिकारमा जग्गा दिँदा त्रिविको आर्थिक र थप प्राज्ञिक उपयोगमा बाधा पर्न सक्ने उल्लेख गरेको छ । र, भोगाधिकार दिँदा कानुनी व्यवस्था बाध्यात्मक रूपमा पालना नभएको पाइएको छ । त्रिविसँग सम्बन्धित नियमावलीको पालना भए-नभएको अनुगमन गरी सम्झौतामा पुनर्विचार गर्न समितिले सुझाव दिएको छ ।
- **काठमाडौं खानेपानी बोर्ड** : काठमाडौं खानेपानी व्यवस्थापन बोर्ड र खानेपानी तथा ढल निकास समितिले उपयोग गरिरहेको ४२ रोपनी जग्गामा समितिले प्रश्न उठाएको छ । समितिका अनुसार त्रिविको हाताभित्र १८ रोपनी र २४ रोपनी जग्गा दिइएको छ । क्याम्पसमा खानेपानी सप्लाई र आवश्यक ढल निर्माण गरिदिने समभ्रूदारीमा १८ रोपनी दिइए पनि खानेपानीको बक्यौता महसुल (तीन करोड आठ लाख) मिनाहा हुने सर्तमा त्रिविको अर्को परिसरमा बोर्डलाई थप २४ रोपनी भोगचलनमा दिइएको छ । तर, साबिकको १८ रोपनी जग्गा उपलब्ध गराएबापत त्रिविलाई निःशुल्क पानी उपलब्ध गराउने आशयले पत्राचार भएर सुविधा कायम भएकोजस्तो देखिए पनि महसुल नतिरेको भनेर दाबी गरिएकाले यस विषयमा थप स्पष्ट हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ । २५ वर्षका लागि जग्गा उपलब्ध गराउने र त्यसपछि पुनरावलोकन गरी नवीकरण हुन सक्ने भए पनि पानीको बक्यौता तीन करोड आठ लाख छ । त्रिविले काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई कुन वर्ष कति रकम तिर्न बाँकी थियो र किन भुक्तान भएन ? भनेर सोधे पनि प्राप्त पत्रबाट प्रस्ट हुन नसकेको बताएको छ । यस विषयमा अख्तियारबाट थप छानबिन हुनुपर्ने ठहर समितिले गरेको छ ।
- **महानगरीय प्रहरी वृत्त (कीर्तिपुर)** : महानगरीय प्रहरी वृत्त (कीर्तिपुर)ले त्रिविको चार रोपनी जग्गा लिएर भवन बनाएको पाइएको छ । समितिले त्रिविको गुरुयोजनाअनुसार जग्गा दिइएको हो-होइन भनेर यकिन हुन नसकेको उल्लेख गरेको छ । समितिले त्रिविको गुरुयोजनाअनुसार जग्गा दिइएको हो-होइन भनेर यकिन हुन नसकेको उल्लेख गरेको छ । 'त्रिविको गुरुयोजना यस समितिमा प्राप्त हुन नसकेकाले गुरुयोजनामा मेल खानेगरी भयो,-भएन, आवश्यक थियो-थिएन भन्ने विषयमा केही उल्लेख गर्न सकिने अवस्था रहेन,' प्रतिवेदनमा भनिएको छ, 'त्रिविको जग्गा उपयोग, संरक्षण र व्यवस्थापन गर्न पनि गुरुयोजनामा समावेश गरी सुरक्षाकर्मीका लागि स्थान र आवश्यकता तय हुनुपर्ने देखिन्छ ।'
- **महानगरीय प्रहरी वृत्त (कालीमाटी)** : महानगरीय प्रहरी वृत्त बल्खु/कालीमाटीले एक रोपनी जग्गा भोगचलन गरिरहेको पाइएको त्रिवि कार्यकारी परिषद्को बैठकले एक रोपनी नबढाई अस्थायी रूपमा प्रहरी कार्यालय युनिट राख्न जग्गा उपलब्ध गराएको हो । तर, त्रिविको गुरुयोजनाअनुसार उपयुक्त स्थानमा जग्गा उपलब्ध गराउने निर्णय भए-नभएकोबारे प्रस्ट हुन नसकेको प्रतिवेदनमा उल्लेख छ । 'अन्य विश्वविद्यालयले जस्तै गुरुयोजना तयार गरी सुरक्षा निकायका लागि उपयुक्त र आवश्यक स्थान तोकिनु उपयुक्त हुने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ ।
- **नेपाल प्राध्यापक संघ** : नेपाल प्राध्यापक संघले भवन निर्माणका लागि ६ रोपनी १२ आना जग्गा लिएर सटरसमेत बनाई भाडा उठाउँदै आएको पाइएको छ । समितिले भवन बनाउनका लागि त्रिविले दिएको जग्गामा भवन निर्माणबाहेक अन्य प्रयोजन (तेस्रो पक्षलाई भाडामा दिएर नर्सरी र मार्बल व्यवसाय) सञ्चालन भएको विषयमा प्रश्न उठाएको छ । त्रिविको स्वीकृतिविना अनधिकृत रूपमा भाडामा लगाएर त्रिविलाई आर्थिक हानि पुर्‍याएकाले तुरुन्त हटाउन सिफारिस गरिएको छ ।
- **राधास्वामी सत्संग व्यास नेपाल** : राधास्वामी सत्संग व्यास नेपालले त्रिविबाट भोगाधिकार नै नलिई १५ रोपनी जग्गा अतिक्रमण गरेको छ । ०४० मा त्रिविको नाममा नापनक्सा भइसकेको जग्गा हाल नदी उकास भन्न नमिल्ने समितिले ठहर गरेको छ । 'नदी उकास भनेर स्वामित्वहीन अवस्था देखाएर फिल्डबुक विरह महलमा संस्थाको नाम (राधास्वामी सत्संग व्यास)मा नक्सा सिट तयार गरी जग्गाधनी प्रमाणपुर्जा तयार गर्ने-गराउनेजस्ता गैरकानुनी कारबाही अघि बढाएको भन्ने जानकारी हुन आएको हुँदा सो कार्यमा संलग्नउपर पनि सम्बन्धित निकायबाट थप छानबिन गरी कारबाही हुनुपर्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ । नेपाल बैंक लिमिटेडले उपभोग गरेको जग्गा : त्रिविको जग्गा प्रयोगको विषय विधिसम्मत प्रक्रिया पूरा गरेर समयसापेक्ष प्रचलित बजारभाउ वा काठमाडौं जिल्ला प्रशासनद्वारा तोकिएको भाडादर कायम गर्दै जानुपर्ने ।
- **ग्लोबल आइएमई बैंक** : उजुरीमा उल्लेख भएजस्तो जग्गा प्रयोग विधिसम्मत नभएको-नरहेको भन्ने देखिन नआएको, त्रिवि आफैंले जिल्ला प्रशासन कार्यालयद्वारा निर्धारित भाडादर र प्रचलित भाडादरअनुसार पुनः मूल्यांकन गर्नु उपयुक्त हुने ।
- **रक्तसञ्चार केन्द्र (लायन्स क्लब इन्टरनेसनल)** : त्रिविपरिसरमा रक्तसञ्चार केन्द्र राख्नुपर्ने आवश्यकता र औचित्य कार्यकारी परिषद्को निर्णय र सम्झौताबाट प्रस्ट भएन । त्रिविको जग्गा भोगाधिकारमा वा लिजमा दिने सम्बन्धमा रहेका ऐन-कानुनबमोजिम भए-नभएको पुनर्विचार गरी अनुगमन गर्नुपर्ने ।
- **नेपाल क्रिकेट संघले उपभोग गरेको जग्गा** : सुरुको पाँच वर्षपछि पुनः प्रयोग गर्दा त्रिवि कार्यकारी परिषद्ले गरेको निर्णयमा अनियमितता भएको देखिन्छ । पहिले नै राजी भई गरेको सम्झौता पछि उल्लंघन गरी घटाएर भाडामा दिनु त्रिविलाई गम्भीर आर्थिक नोक्सानी गरेकाले त्रिविका पदाधिकारी एवं कर्मचारीविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम अख्तियारबाट थप छानबिन र अनुसन्धान गर्नुपर्ने देखिन्छ । यस्तै, नेपाल क्रिकेट संघका सम्झौता गर्ने पदाधिकारीसँग बुझी कानुनबमोजिम असुलउपर गर्नुपर्ने । यस्तै, त्रिविका विद्यार्थीका लागि मात्रै प्रयोग गर्ने गरी त्रिवि क्रिकेट मैदान प्रयोग गर्न उपयुक्त हुने । प्राज्ञिक कार्यमा असर पुग्ने गरी राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिता गराउन उपयुक्त नहुने ।
- **त्रिवि कभर्डहलले उपभोग गरेको जग्गा** : जग्गा उपभोग सम्झौताबारे त्रिवि रजिस्ट्रारको कार्यालय, सामान्य प्रशासन महाशाखाले विवरण दिएन । आर्थिक रूपमा त्रिविलाई हानिनोक्सानी भयो-भएन भन्ने विषयमा थप छानबिन गर्नुपर्ने ।
- **कृषि बागवानी केन्द्रले उपभोग गरेको जग्गा** : समितिलाई प्राप्त पत्रहरूको व्यहोराबाट अध्ययन विश्लेषण गर्दा केन्द्रले उपभोग गरेको जमिन जग्गाधनी प्रमाणपुर्जामा कीर्तिपुर बहुमुखी क्याम्पस उल्लेख भए पनि जग्गा अधिग्रहण गरेको राजपत्र, जग्गाधनी पुर्जा र केन्द्रले नै मुआब्जा दिएको कागजातहरू उपलब्ध गराउन नसकेकाले उक्त जग्गा अन्यथा प्रमाणित नभएसम्म त्रिविकै हो भन्ने देखिन्छ ।
- **कीर्तिपुर नगरपालिकाले उपभोग गरेको जग्गा** : त्रिविको हक स्वामित्वमा रहेको र हाल नगरपालिकाले उपभोग गर्दै आएको जग्गा विनासर्त हस्तान्तरण गर्नुपर्ने । साथै हालसम्म उपभोग गरेबापत क्षतिपूर्ति रकम त्रिविलाई दिनुपर्ने ।
- **गिटी–बालुवा डिपोले उपभोग गरेको जग्गा** : छानबिन समितिको राय र निर्माण कम्पनीले गरेको प्रतिबद्धताअनुरूप समय तोकी निर्माण सामग्री हटाउन त्रिविको सम्बन्धित निकायबाट थप कारबाही अघि बढाउनुपर्ने देखिन्छ । अन्यथा स्वीकृतिविना त्रिविको जग्गा कब्जा गरी व्यक्तिगत रूपमा थप आर्थिक लाभ लिएको छ-छैन अनुगमन मूल्यांकन गरी क्षतिपूर्ति भराउनेतर्फ कारबाही गर्नुपर्ने ।
- **नेपाल विद्युत् प्राधिकरण, कीर्तिपुर वितरण केन्द्रले उपभोग गरेको जग्गा** : प्राधिकरणलाई जमिन खाली गर्न वा कानुनबमोजिम सम्झौता गर्न त्रिविले समयमै पहल गरेको देखिएन । यसकारण यथाशीघ्र उक्त जग्गाबाट केन्द्रलाई अन्यत्र सार्न वा त्रिविसँग कानुनसम्मत भाडा सम्झौता गर्न उपयुक्त हुने ।

सुन तस्करी...

पृष्ठ १ बाट क्रमशः

प्रहरी तयारी छ । सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठका अनुसार भेप (विद्युतीय चुरोट)मा लुकाइएका सुन तस्करी प्रकरणको अनुसन्धानका क्रममा महरालाई पक्राउ गरिएको हो । सोही मुद्दामा ५ चैत ०८१ मा सिआइबीले पक्राउ गरेकोमा त्यतिवेला उनलाई स्वास्थ्य समस्याको कारण देखाउँदै हाजिरी जमानीमा छाडिएको थियो । पछि पर्याप्त प्रमाण नपुगेको भन्दै मुद्दा चलाइएको थिएन । सोही घटनाका सिआइबीले महरालाई पक्राउ गरी नयाँ कोणबाट अनुसन्धान थालेको हो । महरालाई यही विषयमा गत बिहीबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि बयान लिएको थियो ।

नेपालमा सुन तस्करी गर्ने गिरोहका नाइके चिनियाँ नागरिक दाबाजिन वाङसँग महराको निकटतम सम्बन्ध देखिएको थियो । वाङ र महराबिच अस्वाभाविक टेलिफोन सम्पर्क देखिएको मात्र होइन, महराले वाङले ल्याएको भेप छुटाउन तत्कालीन भन्सार प्रमुखलाई दबाब दिएपछि उनी अनुसन्धानको दायरामा तानिएका हुन् । तर, उनीसँग सोधपुछ नै नगरी पहिलो चरणमा सिआइबीले मुद्दा चलाएको थियो । महराले चिनियाँ नागरिकसँग आफ्नो निकटता भए पनि उनको सुनको कारोबारबारे भने जानकारी नभएको दाबी गर्दै आएका छन् ।

त्यस विषयमा समेत प्रश्न उठेपछि डिल्लीराज आचार्य नेतृत्वको जाँचबुझ आयोगले महरामाथि पनि अनुसन्धान गर्न भन्दै १ चैत ०८१ मा प्रतिवेदन दिएको थियो । त्यसको चार दिनपछि सिआइबीले उनलाई पक्राउ गरी बयान लिएकोमा ९ भदौमा उनी हाजिरी जमानीमा छुटेका थिए । तर, त्यसपटक पनि उनीविरुद्ध मुद्दा गएन ।

सिआइबीले नै त्यतिवेला मुद्दा चलाउनु नपर्ने राय दिएको छ । जसअनुसार उनका छोरा राहुलसहित चारजनाविरुद्ध पूरक अभियोग लगिएको थियो । सिआइबीले लोकेन्द्र पौडेल, तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङ र चिनियाँ नागरिक ली हानसोङविरुद्ध आठ करोड ५७ लाख रुपैयाँको बिगो दाबी गरी पूरक अभियोग लगाएको थियो ।

०८० को भदौमा राहुल महरालाई सिआइबीले पक्राउ गरी मुद्दा दायर गरेकोमा उनी जेल बसेर छुटिसकेका छन् । दोषी ठहर भई अदालतले तोकेको एक वर्ष कैद भुक्तान गरेर उनी छुटेका हुन् । राहुलसहित ११ जनाविरुद्ध सम्पत्ति शुद्धीकरणको कसुरमा पनि विशेष अदालतमा छुट्टै मुद्दा दायर भइसकेको छ । यस प्रकरणमा भन्सारका केही कर्मचारीको भूमिका पनि शंकास्पद देखिएको छ । यसमा पनि अनुसन्धान हुने सिआइबीका अधिकारी बताउँछन् ।

के हो भेप प्रकरण ?

०७९ को माघमा भेप ल्याएको दुईवटा सुटकेस विमानस्थल भन्सारले बरामद गरेको थियो । तर, पछि त्यो रहस्यमय रूपमा भन्सारबाटै साटिएको थियो । भेपमा सुन भएकाले त्यहाँ कार्यरत नायब सुब्बा रेवन्त खड्कासँगको मिलेमतोमा साटिएको पाइएको थियो । सो सूचना भन्सार कार्यालयले पाएपछि छानबिन गर्न सिआइबीलाई पत्राचार गरेको थियो । सोही आधारमा सो घटनाको अनुसन्धान गर्दा यसमा राजनीतिक तहको संलग्नता खुलेको हो ।

बागमतीमा अझै उठाइएन जलेका गाडी

जेन-जी आन्दोलनमा भएको विनाशको प्रमाण बोकेर एक महिनादेखि उभिएका छन् प्रदेश सरकारका संरचना

मकवानपुरमा **पोष्टराज अधिकारी**

जेन-जी आन्दोलनको एक महिना बितिसक्दा पनि बागमती प्रदेशमा तोडफोड र आगलागीबाट जलेका सरकारी गाडी र भवनका खरानी अझै उठ्न सकेको छैन। आन्दोलनका क्रममा जलेर खण्डहर बनेका सरकारी कार्यालय, मन्त्रालय र सवारीसाधन अहिले पनि जस्ताको तस्तै अवस्थामा छन्।

प्रदेश सरकारका अधिकांश मन्त्रालय तथा प्रशासनिक कार्यालयहरू अहिले पनि भग्नावशेष अवस्थामा छन्। त्रिभुवन राजपथ किनारमा रहेको तत्कालीन श्रम कार्यालयको पाँचतले भवनमा प्रदेशका चार मन्त्रालय सञ्चालनमा थिए। अहिले त्यही भवनको आँगनमा जलेर खरानी भएका सवारीसाधन अलपत्र अवस्थामा देख्न सकिन्छ।

एक महिनाअघि सर्वसाधारण र सवारीको चहलपहल हुने उक्त क्षेत्रमा अहिले सन्नाटा छ। फुटेका सिसा, पग्लिएका एल्मुनियम र युपिभिसीका टुक्रा, जलेका एयर कन्डिसनरका भाग र कालो खण्डहरजस्ता भवन जेन-जी आन्दोलनमा भएको विनाशको प्रमाण बोकेर उभिएका छन्। यस्तै, हेटौंडा- १० मा रहेको प्रदेश सभा भवन, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका भवनमा पनि जलेका सवारीसाधन, विभिन्न उपकरण र फर्निचर अझै पनि व्यवस्थापन हुन सकेका छैनन्।

गत २३ र २४ भदौमा जेन-जी आन्दोलनका क्रममा बागमती प्रदेशमा सबैभन्दा ठुलो भौतिक क्षति भएको थियो। आन्दोलनका क्रममा सरकारी कार्यालय, निजी सम्पत्ति र सवारीसाधनमा व्यापक तोडफोड र आगजनी भएको थियो। प्रदेश सभा भवनमा मात्र करिब ३० देखि ३५ करोड रुपैयाँबराबरको क्षति भएको अनुमान गरिएको छ। पाँचवटा भवन, तीनवटा गाडी, ६ वटा मोटरसाइकल र कार्यालयका अधिकांश सामग्री जलेर नष्ट भएका थिए।

बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङका अनुसार प्रदेश सरकारमातहतका संरचना, सवारीसाधन र जिन्सी सामान गरी करिब ८९ करोड ९३ लाख रुपैयाँबराबरको क्षति भएको छ। मकवानपुरमा मात्रै ४० वटा सरकारी भवनमा क्षति पुगेकोमा १७ वटा भवन पूर्ण रूपमा नष्ट भएका छन्। चितवनमा १० वटा संरचना क्षतिग्रस्त भएका छन् भने ललितपुर, काठमाडौं र भक्तपुरमा रहेका प्रदेशमातहतका कार्यालयमा पनि आंशिक क्षति पुगेको छ।

सवारीसाधनतर्फ मात्रै १९५ वटामा आगजनी भएको थियो। जसमा १४२ वटा दुईपाङ्ग्रे र ५३ वटा चारपाङ्ग्रे सवारीसाधनमा क्षति पुगेको आर्थिक मामिलामन्त्री तामाङले बताए। मूल्याङ्कनपछि सवारीसाधनतर्फ २१ करोड ६७ लाख रुपैयाँबराबरको क्षति पुगेको उनको भनाइ छ।



● **प्रभात तामाङ**, आर्थिक मामिला तथा योजनामन्त्री



केही भवन मर्मत गरेर सञ्चालन गर्न सकिने अवस्थामा छैनन्। त्यसैले पुनर्निर्माण र स्रोत व्यवस्थापनका विषयमा सरकार गम्भीर छ,' उनले भने।

एक महिना बितिसक्दा पनि क्षतिग्रस्त भवनहरूको पुनर्स्थापना कार्य भने सुरु हुन सकेको छैन। भौतिक पूर्वाधार विकास मन्त्रालयले असोज पहिलो साता नै क्षतिग्रस्त भवनहरूको प्रारम्भिक द्रुत जोखिम मूल्यांकन गरेको थियो। सहरी विकास तथा भवन कार्यालयले दुई भवनमा रातो स्टिकर टाँसेर 'प्रयोग अयोग्य' घोषणा गरेको छ, जबकि अन्य केही भवनलाई रेट्रोफिटिङ गरेर प्रयोगमा ल्याउने सुझाव दिएको छ।

मुख्यमन्त्री सभाहल, सहकारी तथा गरिबी निवारण मन्त्रालय र प्रमुख सचिवको आवासीय भवन मध्यम जोखिममा छन् भने सामाजिक विकास र स्वास्थ्य मन्त्रालयका भवनहरू 'यल्लो स्टिकर' श्रेणीमा परेका छन्। मन्त्री तामाङका अनुसार पुनर्स्थापनाका लागि ७१ करोड ४१ लाख रुपैयाँबराबरको प्रारम्भिक लागत अनुमान गरिएको छ। 'केही भवन मर्मत गरेर सञ्चालन गर्न सकिने अवस्थामा छैनन्। त्यसैले पुनर्निर्माण र स्रोत व्यवस्थापनका विषयमा सरकार गम्भीर छ,' उनले भने।

सरकारले मन्त्रीस्तरीय र सचिवस्तरिय दुई समिति गठन गरेर पुनर्स्थापना तयारी थालेको भए पनि काम व्यावहारिक रूपमा अघि बढ्न सकेको छैन। ३ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले तत्काल क्षति व्यवस्थापन गर्न निर्देशन दिए पनि त्यसको ठोस कार्यान्वयन अझै भएको छैन।

क्षतिग्रस्त मुख्यमन्त्री सभाहलमा बागमती प्रदेश सभा बैठक राख्ने तयारी

मकवानपुर/ लामो समयदेखि अवरुद्ध बागमती प्रदेश सभाको बैठक तिहारअघि नै सञ्चालन गर्ने तयारी थालिएको छ। प्रदेश सरकारले हेटौंडा उपमहानगरपालिका- २ स्थित मुख्यमन्त्री सभाहललाई अस्थायी रूपमा प्रयोग गर्दै बैठक सञ्चालन गर्ने तयारी गरेको हो।

प्रदेश सभाको मुख्य भवन जेन-जी आन्दोलनका क्रममा गत २४ भदौमा आगजनीबाट क्षतिग्रस्त भएपछि तत्कालका लागि हेटौंडा उपमहानगरपालिका कार्यालय पछाडिको भवनलाई वैकल्पिक सभाहलका रूपमा प्रयोग गर्न लागिएको हो। उक्त हलमा पनि जेन-जी आन्दोलनका क्रममा आगजनी गरिएको थियो। तर, सभाहललाई सामान्य मर्मत र सरसफाइ गरेर अस्थायी रूपमा भए पनि बैठक बस्नयोग्य बनाउने तयारी गरिएको बागमती प्रदेश सभा सचिवालयले जानकारी दिएको छ।

आल्मुनियम र युपिभिसी प्रोफाइलबाट निर्माण गरिएको भवनको अधिकांश भाग जलेका कारण सहरी विकास तथा भवन कार्यालयले जलेका भाग हटाउने, रङरोगन गर्ने र विद्युत् प्रणाली मर्मतको काम गरिरहेको छ। कार्यालयका प्रमुख सुबोध अधिकारीका अनुसार सोमबारसम्ममा सबै तयारी सक्ने लक्ष्य राखिएको छ।

प्रदेश सभा सचिव रामकुमार पौडेलका अनुसार असोजको अन्तिम साताभित्र बैठक बोलाउने गरी अनौपचारिक छलफल अघि बढाइएको छ। उनका अनुसार दलहरूको केन्द्रीय तहमा कार्यक्रम चलिरहेका कारण अन्तिम मिति तय भने भइसकेको छैन। उपसभामुख अप्सरा चापागाईं र दलका नेतासँग परामर्शपछि बैठकको मिति औपचारिक रूपमा घोषणा गरिने तयारी गरिएको उनले बताए।

सचिव पौडेलले भौतिक पूर्वाधार मन्त्रालयको सहयोगमा सरसफाइ, रङरोगन र विद्युत् मर्मतको काम अघि बढेको जानकारी दिए। उनका अनुसार बैठक सञ्चालनका लागि आवश्यक टेबल, कुर्सी, माइक प्रणालीलगायतका सामग्री तत्कालका लागि भाडामा वा अस्थायी रूपमा उपलब्ध गराउने तयारी गरिएको छ।

आगलागीका क्रममा सचिवालयका कागजात, कम्प्युटर र फर्निचर नष्ट भए पनि केही ल्यापटप र डेस्कटप बचेकाले प्रशासनिक काम पुनः सुरु गरिएको उनले बताए। हाल संसदीय दलहरूले प्रयोग गर्दै आएको भवनमा सचिवालय कार्यालय सञ्चालन भइरहेको छ। 'आगलागीले क्षति पुगेको सभाहललाई सामान्य मर्मत र सरसफाइ गरेर बैठक बस्नयोग्य बनाउँदै छौं। हाम्रो प्रयास असोज अन्तिम सातासम्ममा बैठक बोलाउने हो,' उनले भने, 'तर दलका कार्यक्रमका कारण मिति तय हुन बाँकी छ। परामर्शपछि औपचारिक घोषणा गर्नेछौं।'

मुख्यमन्त्री सभाहलको अस्थायी व्यवस्थापनका लागि आवश्यक फर्निचर र प्राविधिक सामग्री जुटाउन करिब १० लाख रुपैयाँभन्दा कम खर्च हुने अनुमान गरिएको छ। आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङका अनुसार तत्कालका लागि अस्थायी व्यवस्था गरिएको र दीर्घकालीन समाधानका लागि पुरानै भवन मर्मत गर्ने विषयमा पनि छलफल भइरहेको छ। 'लामो समयदेखि रोकिएको सभा सञ्चालन हाम्रो प्राथमिकता हो। तत्कालका लागि अस्थायी व्यवस्थापन गर्न लागेका छौं,' उनले भने, 'आन्दोलनका कारण सरकारी भवनहरूमा क्षति पुगेकाले बैठक बस्ने स्थानसमेत अभाव छ। त्यसका लागि आवश्यक उपकरण र फर्निचर जुटाउने काम भइरहेको छ।'

बैठकका एजेन्डा : सभामुखको राजीनामा र नयाँ निर्वाचन

अब बस्ने प्रदेश सभा बैठकमा सभामुखको राजीनामा र नयाँ सभामुखको निर्वाचनको प्रक्रिया मुख्य छलफलको विषय रहेको छ। प्रदेश सभा सचिवालयमा दुईवटा नयाँ विधेयक पनि दर्ता भएको सचिवालयले जनाएको छ। प्रदेश सभा सचिवालयका सचिव पौडेलका अनुसार सभामुख भुवनकुमार पाठकले पदबाट दिएको राजीनामापत्रलाई पहिले सभामा औपचारिक जानकारी गराइनेछ। सभाले राजीनामा स्वीकृत गरेपछि पद रिक्त भएको घोषणा गरेर नयाँ सभामुख चयनको प्रक्रिया अघि बढ्नेछ।

गत २४ भदौमा सभामुख पाठकले पदबाट राजीनामा घोषणा गरी १ असोजमा उपसभामुखलाई राजीनामापत्र पठाएका थिए। सचिव पौडेलका अनुसार संविधानतः राजीनामा स्वीकृत भएको १५ दिनभित्र नयाँ सभामुखको निर्वाचन प्रक्रिया टुंग्याउनुपर्ने हुन्छ। कार्यव्यवस्था परामर्श समितिको बैठकले दलहरूसँगको छलफलपछि निर्वाचनको मिति तय गर्ने उनको भनाइ छ।

प्रदेश सभा सचिवालयमा दुईवटा नयाँ विधेयक दर्ता भएको पौडेलले जानकारी दिए। खानेपानी तथा सरसफाइसम्बन्धी र प्रदेशको वित्तीय उत्तरदायित्वसम्बन्धी विधेयक बैठकमा पेस हुनेछन्। आगामी बैठकमा प्रदेश सभामा सचिवालयमा दर्ता भएका आर्थिक उत्तरदायित्वसम्बन्धी विधेयक र खानेपानीसम्बन्धी विधेयकमाथि छलफल अघि बढ्नेछ भने लामो समयदेखि रोकिएको चिठ्ठा विधेयकलाई पनि पारित गर्ने प्रस्ताव बैठकमा प्रस्तुत हुने सचिव पौडेलले बताए। यसका साथै प्रदेश मामिला समितिको यातायातसम्बन्धी प्रतिवेदन पनि बैठकमा पेस हुने तयारी रहेको उनको भनाइ छ।

जनमतमा विद्रोह

उपाध्यक्षसहित १५ नेताले दिए नयाँ पार्टी दर्ताको निवेदन

प्रेम गौतम/नयाँ पत्रिका

संसद् विघटन भई नयाँ निर्वाचनको मिति तोकिएलगत्तै सिके राउत नेतृत्वको जनमत पार्टीमा तेस्रो पक्षले विद्रोह गरी नयाँ पार्टी दर्ता प्रक्रिया अघि बढाएको छ। वरिष्ठ उपाध्यक्षको नेतृत्वमा ६ केन्द्रीय सदस्यले राजीनामा दिएको करिब एक महिनापछि उपाध्यक्षको नेतृत्वमा तेस्रो पक्षले नयाँ पार्टी दर्ता प्रक्रिया अघि बढाएको हो।

जनमतका उपाध्यक्ष दीपक साहको नेतृत्वमा निर्वाचन आयोगमा जनस्वराज पार्टी दर्ताका लागि निवेदन परेको छ। निर्वाचन आयोगका सूचना अधिकृत सुमन घिमिरेले निवेदन दर्ता भएको बताए। 'निवेदन दर्ता भएको छ। अरू प्रक्रिया अघि बढेको छैन। राजनीतिक दलसम्बन्धी ऐन र पार्टीको विधान हेरेर आयोग अगाडि बढ्छ,' उनले भने।

■ अध्यक्ष सिके राउत भन्छन्- साथीहरूलाई शुभकामना



साहले भने नेताहरू बुझ्नका लागि निर्वाचन आयोगमा गएको बताए। 'म आज कुरा गर्ने अवस्थामा छैन, साथीहरू बुझ्नका लागि निर्वाचन आयोगमा जानुभएको हो,' उनले नयाँ पत्रिकासँग भने। ५२ सदस्यीय कार्यकारिणी समितिबाट अलग भएर १५ जनाले नयाँ पार्टी दर्ता प्रक्रिया अगाडि बढाएको साहको दाबी छ। साहसँगै कार्यकारिणी समितिका सदस्य सुरेन्द्रनारायण यादव, हेमलता रजक र शम्भुनाथ साहलगायत नेता नयाँ पार्टी दर्ता प्रक्रियामा लागेका हुन्।

यसअघि भदौ अन्तिममा वरिष्ठ उपाध्यक्ष तथा पूर्वमन्त्री अब्दुल खानसहित केन्द्रीय प्रवक्ता डा. शरदसिंह यादव, कुमार यादव, सिके सिंह, राजाराम चौधरी र विक्रमबहादुर बमले सामूहिक राजीनामा दिएका थिए। साहले खानलाई नयाँ पार्टीको नेतृत्व गर्न आग्रह गरेका थिए। तर, खान सहमत नभएपछि आफ्नै नेतृत्वमा साहले नयाँ पार्टी दर्ताको प्रक्रिया अघि बढाएका हुन्।

'दीपकजीले अध्यक्षता गर्नुस् भन्नुभएको थियो। तर, मैले पार्टी फुटाउँदिनँ भनेँ। उहाँहरू पार्टीमा २० प्रतिशत पुऱ्याएर दर्ताका लागि निर्वाचन आयोग जानुभएछ,' खानले भने, 'अब के गर्ने र कसरी अगाडि बढ्ने भन्ने छलफलमै छौं।'

खानलगायत ६ नेताले अध्यक्ष राउतको लिखित राजीनामा मागेका थिए। राउतले स्पष्टीकरणको तयारी गरेपछि उनीहरूले राजीनामा दिएका थिए। राउतले अनावश्यक रूपमा स्पष्टीकरण सोध्ने र कारबाही गर्ने क्रम बढाएपछि नयाँ पार्टीको प्रक्रिया अघि बढाएको साहपक्षीय नेताहरूको दाबी छ। पार्टी अध्यक्ष राउतले पार्टी विधि र आफ्नो एजेन्डामा चलिरहेको तथा नयाँ पार्टी गठनबारे आफूलाई थाहा नभएको बताए। 'नयाँ पार्टी दर्ताको विषयमा मलाई थाहा छैन। यदि, साथीहरू त्यसरी लाग्नुभएको भए, शुभकामना छ,' उनले भने, 'हामी जनताको पक्षमा निरन्तर क्रियाशील छौं। पार्टी नीतिविपरीत जाने जो-कोही अनुशासनको कारबाहीमा पर्छन्।'

संक्षेप

मणिपाल अस्पताल र आन्दोलनरत नर्सबिच भएन सहमति

कास्की/ मणिपाल शिक्षण अस्पतालमा कार्यरत नर्सहरूले आन्दोलन जारी राखेका छन्। स्वास्थ्य मन्त्रालयले प्रतिष्ठान सरकारी अस्पताल, मेडिकल कलेज र सामुदायिक निजी अस्पताल सम्पूर्णलाई नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीको पारिश्रमिकलगायत सुविधाको व्यवस्थाका सम्बन्धमा गरेको पत्राचारअनुसारको सेवा-सुविधा दिन अस्पताल प्रशासन तयार नभएपछि वार्ता निष्कर्षविहीन भएको हो। मन्त्रालयले गरेको पत्रमा स्वास्थ्य संस्थाहरूमा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीका लागि न्यूनतम पारिश्रमिक र सेवा-सुविधा नेपाल सरकारसरह नघट्ने गरी लागू गर्नुपर्ने, तोकिएको समयभन्दा बढी कार्यका लागि अतिरिक्त भत्ताको व्यवस्था गर्नुपर्ने, स्वास्थ्य तथा शैक्षिक संस्थाले करार नियुक्ति सम्झौता गरी राख्नुपर्ने, ज्यालादारीमा कार्य गराउन नपाइने सक्कल शैक्षिक लब्धांक पत्रहरू कार्यालयले राख्न नपाइने, अनुभवको पत्र प्रदान गर्नुपर्ने र नर्सिङलगायत अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकिङ प्रणालीबाट मात्र उपलब्ध गराउनुपर्ने भनेको थियो। सोही पत्र लागू गर्न अस्पताल प्रशासन नमानेपछि आइतबारको वार्ता निष्कर्षविहीन भएको हो।

चापागाउँ प्रहरी वृत्तलाई गोदावरी नगरपालिकाको ३० लाखबराबरको सहयोग

काठमाडौं/ ललितपुरको गोदावरी नगरपालिकाले प्रहरी वृत्त चापागाउँलाई विपत्मा जुध्ने सामानसहित तीनवटा मोटरसाइकल हस्तान्तरण गरेको छ। आइतबार मेयर गजेन्द्र महर्जन र प्रमुख प्रशासकीय अधिकृत मानबहादुर खड्काले प्रमुख जिल्ला अधिकारी सुमन घिमिरे, जिल्ला प्रहरी प्रमुख एसएसपी होविन्द्र बोगटीमार्फत मोटरसाइकल, विपत् सामान र १० लाखको चेक हस्तान्तरण गरे। नगरपालिकाले जेन-जी प्रदर्शनमा ध्वस्त पारिएको चापागाउँ वृत्तको भवन निर्माणका लागि १० लाख रुपैयाँ पनि सहयोग गरेको हो। 'सबै गरी ३० लाखबराबरको सहयोग गरेका छौं,' मेयर महर्जनले भने, 'प्रहरीलाई अप्ठ्यारो परेका वेला सहयोग गर्नुपर्छ, त्यो हाम्रो दायित्व पनि हो, अहिले प्रहरी भौतिक रूपमा दयनीय अवस्थामा छ। स्थानीय समुदाय र स्थानीय सरकारले प्रहरीलाई सहयोग गरी मनोबल बढाउन आवश्यक छ।' प्रमुख प्रशासकीय अधिकृत खड्काले प्रहरीको मनोबल बढाउन नगरपालिकाले सहयोग गरेको बताए। उनले प्रहरीलाई थप सहयोग गर्ने बताउँदै यो सुरुवाती भएको जानकारी दिए। उनका अनुसार तीन थान मोटरसाइकल, ५० थान लेडर ग्लोब्स, ५० थान कटन ग्लोब्स, १० थान टर्चलाइट, दुई थान ब्याक बोर्ड, तीन थान फ्लास लाइट, २२० थान डाइनामिक रेस्क्यु रोप, १५ थान साबेल, १५ थान पिक, १०० थान सेफ्टी भेस्ट, पाँच थान स्ट्रेचर, १० थान प्राथमिक उपचार बाकस, सय थान रेनकोट, पाँच थान लाइफ रिङ, पाँच थान थ्रो ब्याग, ५० थान सेक्टी हेलमेट र तीन थान मेघा फोन माइक हस्तान्तरण गरेको हो।

खैरो हिरोइन र गाँजा बरामद, भारतीयसहित तीनजना पक्राउ

लहान/ प्रहरीले सिराहाको गोलबजार र सीमावर्ती क्षेत्र माडरबाट प्रतिबन्धित लागुऔषध खैरो हिरोइन र गाँजा बरामद गरी एक भारतीयसहित तीनजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार गोलबजार नगर पालिका- ६ स्थित दुर्गा मन्दिर क्षेत्रको गोलचोकबाट उत्तरतर्फ गुम्बा चोकतिर जाँदै गरेको प्रदेश २-०१-००१ प ३०२६ नम्बरको मोटरसाइकल चढेका दुई युवकलाई प्लास्टिकबाहेक १५ ग्राम खैरो हिरोइनसहित पक्राउ गरिएको हो। तीव्र गतिमा हुइँकिँदै उत्तरतिर जाँदै गरेको मोटरसाइकलमा रहेका चालक गोलबजार- ७ पुरानो चोहर्वाका करिब २९ वर्षीय सुनील साह र पछाडि बसेका धनगढीमाई नगरपालिका- ७ फुलकाहाकट्टीका करिब २४ वर्षीय विष्णुदेव यादव पक्राउ परेको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। त्यस्तै, प्रहरीले सीमावर्ती माडरस्थित इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी गस्ती टोलीले गोप्य सूचनाका आधारमा नेपालबाट गाँजा बोकेर भारततर्फ जाँदै गरेका भारतीय नागरिकलाई करिब ६४.९ किलो गाँजासहित पक्राउ गरेको छ।

प्रधानमन्त्री र राष्ट्रिय सभा अध्यक्षबिच छलफल

काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्की र राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालबिच राष्ट्रिय सभा निर्वाचनका विषयमा छलफल भएको छ। प्रधानमन्त्री कार्यालय सिंहदरबारमा आइतबार कार्की र दाहालबिच आगामी २० फागुनमा म्याद सकिने एकतिहाइ सदस्यको स्थानमा हुने निर्वाचनबारे छलफल भएको हो। म्याद सकिनु ३५ दिनअघि नै निर्वाचन गर्नुपर्ने प्रावधान छ।





निर्वाचनका साथै राष्ट्रिय सभा बैठक बोलाउने विषयमा समेत छलफल भएको दाहालले बताए। जेन-जी आन्दोलनका क्रममा संसद् भवन ध्वस्त भएकाले हलको व्यवस्थापन गरेर बैठक बोलाउने तयारी रहेको उनको भनाइ छ। गत ३१ भदौमा राष्ट्रिय सभाको अधिवेशन अन्त्य भएको थियो।

'राष्ट्रिय सभालाई कसरी गतिशीलता दिने, कसरी अगाडि बढाउने, बैठक बस्ने हल छैन। राष्ट्रिय सभामा केही विधेयक बाँकी छन्। ती विधेयकलाई कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल भयो,' दाहालले भने, 'आगामी २० फागुनमा राष्ट्रिय सभाका एकतिहाइ सांसदहरूको अवधि सकिँदै छ। ३५ दिनअगाडि नै निर्वाचन गरिसक्नुपर्छ। त्यो निर्वाचनबारे पनि छलफल भयो।'

राष्ट्रिय सभामा रहेका विधेयकका विषयमा पनि दाहालले प्रधानमन्त्री कार्कीलाई जानकारी गराएका छन्। कार्कीले अहिलेको परिस्थितिमा सबै मिलेर देशलाई अघि बढाउनुपर्नेमा जोड दिएको दाहालले बताए। उनले अन्तर्राष्ट्रिय सांसदहरूको 'आइपिओ मञ्च'मा सहभागी हुने विषयमा प्रधानमन्त्री कार्कीलाई जानकारी गराएका छन्। आइपिओमा राष्ट्रिय सभाका अध्यक्ष दाहालको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल सहभागी हुँदै छ।

माओवादीसँग पार्टी एकताको विपक्षमा खनाल

काठमाडौं/ एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल माओवादीसँगको पार्टी एकताको विपक्षमा उभिएका छन्। समाजवादी मोर्चालाई पार्टीमा रूपान्तरण गर्ने गृहकार्य चलिरहेका वेला खनालले सचिवालय बैठकमा लिखित धारणा पठाउँदै पार्टी पुनर्गठनमा जोड दिएका हुन्।



जेन-जी आन्दोलनका क्रममा निवासमै आगजनीमा परेकी पत्नी रविलक्ष्मी चित्रकारको उपचारका लागि उनी हाल भारतमा छन्। उनले एकताको सहनाई नबजाउन तथा अविलम्ब पार्टी पुनर्गठनको दिशा समात्न आग्रह पनि गरेका छन्। खनालले अहिले पार्टीलाई आम रूपमा पुनर्गठनको खाँचो रहेको औंल्याएका छन्। अहिले सबै पार्टीमा पुनर्गठनको बहस बाक्लिएका वेला एकीकृत समाजवादीले एकताको बेमौसमी बाजा बजाउनुको तुक नरहेको उनको दाबी छ। 'एकीकृत समाजवादीलाई आम रूपमा पुनर्गठन गर्न जरुरी छ। पार्टीलाई व्यापक पुनर्गठन गर्दै क्रान्तिकारी शक्ति बनाउनुपर्नेछ। त्यसपछि मात्रै एकताको सान्दर्भिकता रहन्छ,' उनले भनेका छन्।

खनालले विगतमा काँग्रेसको पुच्छर बनेर हिँड्दा पार्टी आन्दोलन संगठित नै हुन नपाएको पनि बताएका छन्। अहिले माओवादीसँग एकता गर्न हतारिँदा एकीकृत समाजवादीको औचित्य नै समाप्त हुने उनको दाबी छ। उनले आफू बृहत् वामपन्थी एकताको पक्षधर भएको पनि बताएका छन्। 'म बृहत् वामपन्थी एकताको पक्षधर नै हुँ। लामो समयदेखि भन्दै पनि आएको छु। तर, सबैलाई हेक्का होस्, त्यो वेला आइसकेको छैन,' उनले भनेका छन्।

खनालले जेन-जी आन्दोलनको विस्फोटन उनीहरूको फगत आवेग वा बाह्य शक्तिको षड्यन्त्र मात्र नभएको पनि बताएका छन्। 'युवा आन्दोलनको विस्फोटन उनीहरूको फगत आवेग वा बाह्य शक्तिको षड्यन्त्र मात्र होइन, यो दुईतिहाइ बहुमत भएको संसद् विघटन भएदेखि मुलुकलाई नेतृत्व गर्दै आएका र सत्तामा बसेका पार्टीहरूको मुख्य नेतृत्वको घनघोर असफलता पनि हो।

१४ वर्षदेखि कन्काई पुल अलपत्र, निरीक्षणमा मन्त्री

जनजीविकासँग जोडिएको रणनीतिक महत्त्वको पुल निर्माणबारे तत्काल अध्ययन गरेर सरकारले निर्णय लिने

झापामा **चिरञ्जीवी घिमिरे**

मध्य असोजको बाढीपहिरोले पुऱ्याएको क्षति अवलोकन गर्न कोशी प्रदेश पुगेका भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले १४ वर्षदेखि अलपत्र झापास्थित कन्काई माई नदीको पुलको आइतबार निरीक्षण गरेका छन्। स्थानीयका गुनासा सुनेपछि मन्त्री घिसिङले जनजीविकासँग जोडिएको रणनीतिक महत्त्वको पुल निर्माणबारे तत्काल अध्ययन गरेर सरकारले निर्णय लिने बताए।

'१४ वर्षसम्म किन अलपत्र रह्यो अध्ययन गर्छौं। विस्तृत रूपमा छलफल र अध्ययन गरेर ठेक्का तोडेर जाने वा निर्माण कम्पनीलाई कारबाही गर्ने अथवा अरू के हुन्छ। तत्काल निर्णय गरेर अघि बढ्छौं,' हुलाकी राजमार्गअन्तर्गत झापाको गौरीगन्ज गाउँपालिका र झापा गाउँपालिका जोड्ने पुलको निरीक्षणपछि मन्त्री घिसिङले भने। विगतमा पनि प्रधानमन्त्री, पूर्वप्रधानमन्त्रीदेखि मन्त्रीसम्मले यो पुलको निरीक्षण गरेका थिए।

हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय इटहरीका प्रमुख युवराज पोखरेलले पुलको ठेक्का तोडिने सम्भावना रहेको बताए। 'अधिल्लो आर्थिक वर्षमा पनि अपेक्षाकृत काम हुन सकेन। पुल निर्माणका क्रममा देखिएका केही त्रुटि सच्याउने र दुईवटा स्पाम थप्नेभन्दा अरू काम नै भएन,' उनले भने, 'अब सरकारले ठेक्का तोड्ने सम्भावना छ। गत वर्ष तोड्ने तयारी हुँदा काम गर्ने भनेपछि नतोडिएको हो। तर, त्यसअनुसार काम हुन सकेको छैन। कम्पनीले यो वर्ष सक्ने योजना बनाएन भने ठेक्का तोड्ने निर्णय हुन्छ।'



सात सय मिटर लामो पुलको काम १४ वर्षमा ६० प्रतिशत मात्र पूरा भएको छ। पप्पु र महादेव खिम्ती जेभीले २९ जेठ ०७२ मा ३४ करोड आठ लाख लागतमा सम्पन्न गर्ने गरी ३१ जेठ ०६८ मा ठेक्का सम्झौता गरेका थिए। सुरुमा पप्पुले काम गऱ्यो। तर, पुल अलपत्र बनाएपछि पछिल्लो समय निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहको निर्माण कम्पनी महादेव खिम्तीले काम अघि बढायो। पाँचौंपटक म्याद थपिएको समय ०८० असारमै सकिएपछि आयोजनाको म्याद थप भएको छैन। ठेकेदार कम्पनीले म्याद थपका लागि अपिल भए पनि सडक विभागबाट निर्णय भएको थिएन।

यसअघि पटक-पटक सरकारले ठेक्का तोड्ने धम्की दिँदै आएको भए पनि शक्तिशाली निर्माण व्यवसायी भएकै कारण काम नगरे पनि छुट पाउँदै आएका थिए। यही पुलका कारण झापामा निर्माण सम्पन्न भएको हुलाकी राजमार्गमा नागरिकले यात्रा गर्न पाएका छैनन्।

निर्माण कम्पनीको लापरबाहीले नागरिकले बर्खामा डुंगा र हिउँदमा बाँसको पुलमा पैसा तिरेर जोखिमपूर्ण यात्रा गर्दै आएका छन्। समयमा पुल नबन्दा झापा र गौरीगन्ज गाउँपालिकाका स्थानीय केही मिनेटमा पुगिने ठाउँमा करिब २० किलोमिटर उत्तरमा रहेको पूर्व-पश्चिम राजमार्ग आएर यात्रा गर्न बाध्य छन्।

ऊर्जा, भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री कुलमान घिसिङ भन्छन्-



१४ वर्षसम्म किन अलपत्र रह्यो अध्ययन गर्छौं। विस्तृत रूपमा छलफल र अध्ययन गरेर ठेक्का तोडेर जाने वा निर्माण कम्पनीलाई कारबाही गर्ने अथवा अरू के हुन्छ। तत्काल निर्णय गरेर अघि बढ्छौं।

निर्वाचनको वातावरण कसरी सिर्जना गर्ने ?

निर्वाचनबाट पछि हटेर मुलुकका समस्या समाधान हुँदैनन् । अहिले देश, जनता र संविधानको रक्षाका लागि पनि निर्वाचन अपरिहार्य छ ।



● प्रेमलकुमार खनाल

अग्रलेख

जेन-जी आन्दोलनपश्चात् प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ । प्रधानमन्त्री बनेपछि कार्कीको सिफारिसमा प्रतिनिधिसभाको विघटन भएसँगै आगामी फाल्गुन २१ गतेका लागि आमनिर्वाचनको मिति तोकिएको छ ।

भदौ २३ गतेको जेन-जी आन्दोलनको पहिलो दिन तत्कालीन केपी ओली सरकारले अन्धाधुन्ध गोली हान्दा २१ जना युवा विद्यार्थीको हत्या भयो । त्यसको भोलिपल्ट अर्थात् भदौ २४ गतेको आन्दोलनमा घुसपैठ हुँदा सरकारी भवन, व्यापारिक भवनमा व्यापक तोडफोड र आगजनी भयो । यस किसिमको विध्वंसात्मक गतिविधि देशव्यापी बन्न पुग्यो । प्रधानमन्त्री केपी ओलीले राजीनामा दिए । त्यस दिन सुरक्षा निकायले सुरक्षा दिन असमर्थ भएपछि देशले ठुलो क्षति भोग्नुपऱ्यो ।

केपी ओलीको राजीनामा स्वीकृत भएपछि नै राष्ट्रपति रामचन्द्र पौडेलले आन्दोलनकारी जेन-जी युवा-विद्यार्थीहरूसँग छलफल सुरु गरेका थिए । आन्दोलनकारीले संसद्को विघटनलाई प्रमुख माग बनाएकाले प्रधानमन्त्री बनेपछि सुशीला कार्की र राजनीतिक दलका नेताहरूबिचको सहमतिमा अन्तरिम सरकारको गठन र संसद् विघटन सँगसँगै भएको थियो । यसरी देशमा असामान्य अवस्था सिर्जना भएको अवस्थामा मुलुकमा थप नोक्सानी हुन नदिन राष्ट्रपतिबाट चालिएको कदमप्रति सबै राजनीतिक दल, नागरिक समाजले त्यस कदमलाई तत्कालीन अवस्थामा सकारात्मक रूपमा लिइएको थियो ।

अन्तरिम सरकारले यतिवेला मुलुक चुनावलाई प्रमुख कार्यभारको रूपमा लिएको स्वयं प्रधानमन्त्री सुशीला कार्कीले देशवासीको नाममा सम्बोधन गर्दा बताइसकेकी छन् । मतदाता ऐन समेत अध्यादेशबाट जारी भएको हुँदा देश अहिले निर्वाचनतर्फ उन्मुख भएको छ ।

असोज २३ गते शीतलनिवासमा भएको सर्वदलीय बैठकमा राष्ट्रपतिले 'निर्वाचनबाहेक अन्य विकल्प खोज्न थालियो भने यसले देशलाई कहाँ पुऱ्याउला ?' अहिलेको बहुदलीय गणतान्त्रिक व्यवस्था र संविधान चुनावले मात्र जोगिन्छ' भनेर व्यक्त गरेको विचारले नै देश भयावह अवस्थामा रहेको संकेत गर्छ । किन्तु-परन्तु नभनी निर्वाचनबाहेक अर्को मार्गबाट मुलुकमा न त शान्तिसुरक्षा कायम हुन्छ, न त देश, जनता, लोकतन्त्र र संविधानको नै रक्षा हुन सक्छ भनेर राष्ट्रपतिले भनेका छन् ।


सोही बैठकमा प्रधानमन्त्री कार्कीले पनि जसरी पनि चुनाव गर्ने प्रतिबद्धता गर्दै चुनावको वातावरण बनाउने बताइन् । उनले अब दलहरूको साथ खोजेकी छिन् । निश्चित रूपमा दलहरूको सहभागितावाना चुनाव हुँदैन भन्ने हामी सबैलाई थाहा भएकै कुरा हो । बैठकमा सहभागी राजनीतिक दलका नेताहरूले भने लोकतन्त्रमा आस्था राख्ने दलहरू सधैं निर्वाचनका पक्षमा रहने उल्लेख गरे । तर, हालको सुरक्षा व्यवस्थाका कारण निष्पक्ष, स्वतन्त्र र भयरहित निर्वाचन हुने धेरैको बलियो विश्वास देखिएन ।

देश यतिवेला पनि असामान्य अवस्थामा छ । भदौ २४ गते आगजनीका घटना अतिरिक्त तीनजना सुरक्षाकर्मीहरूको समेत हत्या भएको थियो । ४०० भन्दा बढी प्रहरीचौकीमा तोडफोड, आगजनी भए । सुरक्षा निकायको कार्यालयबाट ११०० हतियार, झन्डै एक लाख गोली र प्रहरीका पोसाक लुटिएको छ । र, यसबाट सुरक्षा निकायको मनोबल खस्किएको अवस्था छ । आन्दोलनपछि देशका अधिकांश कारागारबाट फरार भएकामध्ये अझै पाँच, ६ हजार कैदी नियन्त्रणमा आउन सकेका छैनन् । सहर बजार, गाउँटोलबस्ती पूर्ण सुरक्षित हुन नसकेर कतिपय स्थानमा स्वयंसेवक गस्ती हुन थालेको छ ।

निर्वाचनपूर्व भदौ २३ र २४ गतेको घटनाका दोषीहरू पत्ता लगाएर कारबाही गर्नुपर्ने जिम्मेवारी पनि यो सरकारमाथि छ । विगतमा भएका ठुल्ठुला अनियमितता, भ्रष्टाचार र अकुत सम्पत्ति कमाउनेको सम्पत्ति छानबिन गरी दोषी व्यक्तिलाई कारबाही गर्नुपर्नेछ । वास्तवमा जेन-जी युवा-विद्यार्थीले उठाएका विषय मुख्यतः सुशासनसँग सम्बन्धित छन् । त्यसबाहेक प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्थाको माग पनि उठेको छ । मुलुकमा सुशासन कायम गर्न शासकीय व्यवस्थामा सुधार, निर्वाचन प्रणालीमा सुधार, अधिकार सम्पन्न संवैधानिक अंगको गठन आदि गर्नुपर्ने हुन्छ । यी विषय संविधान सुधारसँग जोडिएका छन् ।

देशमा यतिवेला संसद् नरहेकाले जेन-जी युवा विद्यार्थीका कतिपय संविधान सुधारसँग सम्बन्धित मागलाई राजनीतिक सहमति र समझदारीको आवश्यकताका आधारमा सम्बोधन गर्न सकिन्छ । यसमा दुईवटा विकल्प छन् । पहिलो राजनीतिक सहमतिमा राष्ट्रपतिबाट अध्यादेश जारी गरेर पनि संविधान संशोधन गर्न सकिन्छ । दोस्रो अहिले राजनीतिक सहमति गरेर सहमति भएका विषयलाई निर्वाचनबाट गठन हुने पहिलो संसद्को बैठकबाट संविधान संशोधनको प्रक्रियालाई अगाडि बढाउन सकिन्छ ।

जस्तो जेन-जी आन्दोलनमा बलियो गरी उठेको प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको मागका लागि संविधान संशोधन गर्नुपर्छ । देशमा पाँच वर्षसम्म स्थिर ढंगबाट सरकार सञ्चालन हुन सकोस् भन्ने कोणबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था हुनुपर्ने माग आएको देखिन्छ । केही राजनीतिक दलहरूले पहिलेदेखि यस मागलाई अघि राख्दै आएका थिए । तर, यससम्बन्धमा दुई ठुला दल एमाले र काँग्रेसको धारणा भने सार्वजनिक भएको छैन । यसका पनि राम्रा-नराम्रा दुवै पक्ष छन् । तर,



अहिलेको निर्वाचन प्रणालीबाट सधैं नै त्रिशंकु संसद् गठन भएको सबैले देखेकै हो । कुनै एक राजनीतिक दलले बहुमत ल्याउन नसक्ने भएकाले सधैं राजनीतिक अस्थिरता हुने स्थिति देखिन्छ ।

त्यस्तै, सांसदहरू मन्त्री हुन नपाउने, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्नुपर्ने, संवैधानिक अंगको गठन विधिमा सुधार, राजनीतिक दलहरूको सञ्चालनमा सुधार, कर्मचारीतन्त्रमा सुधारका विषय पनि उठेका छन् । यी सबै सुशासनसँग सम्बन्धित भएर उठेका छन् । यी सवालमा सरकार, राजनीतिक दल र जेन-जी युवा विद्यार्थीबिचमा त्रिपक्षीय छलफल वार्ता गरेर सहमति कायम गर्न सकियो भने आसन्न निर्वाचनलाई राष्ट्रिय सहमतिका साथ अगाडि बढाउन मद्दत पुग्दछ ।

> सरकार र राजनीतिक दलहरूबिचको नियमित छलफलले मात्र मुलुकमा निर्वाचनको वातावरण सुनिश्चित हुनेछ । शासकीय व्यवस्थादेखि निर्वाचन प्रणालीको सुधार, संवैधानिक तथा न्यायिक अंगको सुधारको विषय भने निर्वाचन अधिपछि नै बहसलाई निरन्तरता दिनुपर्छ ।

यसैगरी, मुलुकमा शान्ति-सुरक्षा कायम गर्नु अहिलेको मुख्य चुनौती देखिन्छ । खासगरी, लुटिएका हातहतियार र गोली फिर्ताका लागि अपिल गर्नुपर्दछ । देशव्यापी रूपमा सुरक्षा निकायबाट सर्च अभियानलाई अगाडि बढाउनुपर्छ । सीमानाकालाई पनि निगरानीमा राख्नुपर्दछ । साथै, फरार कैदी खोजीका लागि युद्धस्तरमा सर्च अभियान सञ्चालन गर्नुपर्दछ । यसबारेमा सरकारले आवधिक रूपमा प्रगति सार्वजनिक गर्नुपर्दछ ।

अहिलेको अस्थिर समयमा राजनीतिक दलका नेता तथा कार्यकर्ताले पनि उत्ताउलो, भड्किलो अभिव्यक्ति दिएर स्थितिलाई चर्काउने काम गर्नुहुँदैन । यस्तै, सुरक्षाकर्मीको मनोबल उचो बनाउन सरकारले देशव्यापी रूपमा मनोपरामर्श कार्यक्रम सञ्चालन गर्न सक्छ । साथै, सुरक्षाकर्मीका लागि आवश्यक पर्ने आर्थिक र लजिस्टिक सहायता छिट्टै उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ । त्यस्तै, क्षतिग्रस्त प्रहरीचौकी पनि यथाशीघ्र पुनर्निर्माण गर्नुपर्दछ ।

तोडफोड, आगजनी र हिंसात्मक गतिविधिमा संलग्न व्यक्तिहरूलाई प्रमाणका आधारमा छिटोभन्दा छिटो पक्राउ गर्नुपर्दछ । समुदायस्तरमा पनि सुरक्षा टोली गठन गरेर स्थानीय प्रशासन र सुरक्षा निकायको समन्वय र सहयोगमा परिचालन गर्न विशेषतः स्थानीयस्तरमा स्थानीय सरकार तथा राजनीतिक दलहरूले भूमिका निर्वाह गर्नुपर्दछ । यसरी योजनाबद्ध रूपमा सुरक्षाको व्यवस्थापन गर्न सके मुलुकमा सुरक्षा व्यवस्था सुदृढ हुन सक्दछ । अहिलेको जस्तो नाजुक अवस्थामा स्थानीयस्तरमा हुन सक्ने हुलदंगा र साम्प्रदायिक सद्भाव भङ्काउने प्रयास रोक्न विशेष सतर्कता अपनाउनुपर्छ ।

निर्वाचन सम्पन्न गराउने काम निर्वाचन आयोगको हो । यतिखेर निर्वाचन आयोगमा प्रमुख आयुक्त नै छैनन् । यससम्बन्धी नियुक्ति गर्ने र आवश्यक पर्ने जनशक्तिको तत्कालै व्यवस्था गर्नुपर्दछ । निर्वाचन हुने क्षेत्रमा सम्भावित जोखिमको मूल्यांकन गर्ने र सुरक्षा बढाउने काममा सुरक्षा निकायसँग निरन्तर समन्वय आवश्यक हुन्छ । सबै राजनीतिक दलहरूलाई निर्वाचनमा सहभागी हुने वातावरण सिर्जना गर्न आपसी परामर्श, बैठक, भेला नियमित रूपमा गर्नुपर्छ ।

यसैगरी, निर्वाचनमा आवश्यक पर्ने सामग्री र अनुगमनको सहयोगका लागि अन्तर्राष्ट्रिय संघ-संस्थासँग सहकार्यका लागि सरकारहरूबाट पहल हुनुपर्दछ । निर्वाचनमा बुद्धिजीवी एवं नागरिकको भूमिका अहं रहेको हुन्छ । बुद्धिजीवी तथा नागरिक समाजले निर्वाचनको माहोल बनाउन तथा असल जनप्रतिनिधि छनोट विषयमा मतदातामा जागरण सिर्जना गर्न सक्छन् । निर्वाचन आयोगले पनि निर्वाचन सचेतना अभियानलाई सघन ढंगबाट सञ्चालन गर्नुपर्दछ ।

यस्तै, निर्वाचनमा मिडियाको भूमिका थप महत्त्वपूर्ण रहेको हुन्छ । सरकारले मिडियालाई पनि आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराएर निर्वाचनको वातावरण सिर्जना गर्ने काम गर्नुपर्दछ । राजनीतिक दलहरू लोकतन्त्रका महत्त्वपूर्ण स्तम्भ हुन् । तिनले अहिलेको परिवर्तितपछि पुनर्गठित भएर अग्रगामी एजेन्डा लिएर जनतासमक्ष जानुपर्दछ । मतदाताहरू पनि निर्वाचनमा सहभागी हुन उत्साह हुने वातावरण सिर्जना गर्नुपर्छ । यतिवेला जेन-जी आन्दोलनकारीको मात्र होइन, सम्पूर्ण देश र देशवासी मुख्य माग भनेको ठुल्ठुला अनियमितताको अनुसन्धान गर्नुपर्ने र भ्रष्टाचारीहरूलाई कारबाहीको दायरामा ल्याइनुपर्दछ भन्ने छ । भ्रष्टाचार नियन्त्रणका लागि गठित अख्तियार दुरुपयोग निवारण आयोग राजनीतिक प्रभाव र दबाबका कारण उच्चपदस्थ राजनीतिक तथा प्रशासनिक व्यक्तिहरू संलग्न अनियमितताबाट अनुसन्धान गर्न उदासीन रह्यो । यो पनि जनतामा असन्तोष बढ्ने कारण बन्यो । अतः सुशासन कायम गर्न निष्पक्षतापूर्वक अनुसन्धान गरेर कारबाहीका लागि सिफारिस गरिनुपर्छ । यस्तै, न्यायिक निकायमा भएको राजनीतिक हस्तक्षेप र प्रभाव अन्त्य गर्नुपर्छ । यसले मात्र अदालतलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र बनाउन सकिन्छ । खासगरी, न्यायाधीश नियुक्तिसम्बन्धी विद्यमान ऐन, कानुन तत्कालै सुधार गरिनुपर्छ ।

अन्त्यमा, लोकतन्त्रका लागि निर्वाचन रक्तसञ्चार हो । निर्वाचनबाट नै लोकतन्त्रलाई सुदृढ बनाउन सकिन्छ । संविधानको रक्षा र सुधारका लागि जनताका आवश्यकता सम्बोधन गर्न पनि निर्वाचन अपरिहार्य हुन्छ । निर्वाचनअघि नै आन्दोलनका सबै दोषी पक्षमाथि अनुसन्धान गरेर कारबाही गर्ने र समाजमा शान्ति-सुरक्षा कायम गर्नुपर्ने सरकारको दायित्व हुन्छ । सरकार र राजनीतिक दलहरूबिचको नियमित छलफलले मात्र मुलुकमा निर्वाचनको वातावरण सुनिश्चित हुनेछ । शासकीय व्यवस्थाको सुधारदेखि निर्वाचन प्रणालीसम्मको सुधार, संवैधानिक तथा न्यायिक अंगको सुधारको विषय भने निर्वाचन अधिपछि नै बहसलाई निरन्तरता दिनुपर्छ ।

निर्वाचनबाट पछि हटेर मुलुकका समस्या समाधान हुँदैनन् । अहिले देश, जनता र संविधानको रक्षाका लागि पनि निर्वाचन अपरिहार्य छ । यसबाट नै लोकतन्त्रको सुदृढीकरण हुन्छ र मुलुकले सकारात्मक नयाँ दिशा लिन सक्छ ।

खनाल नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का पोलिटब्युरो सदस्य हुन् ।

३ प्रश्न

सरुवा रोग विशेषज्ञ
डा. शेरबहादुर पुनलाई



अहिले फेरि डेंगु संक्रमितको संख्या बढिरहेको छ, यसको कारण के होला ?

नेपालमा विशेषगरी मनसुनपछि डेंगु संक्रमितको संख्या बढ्ने गरेको छ । हुन त मनसुनदेखि नै यसको संख्या बढ्न थालेको हुन्छ । तर, मनसुनपछि लामखुट्टेलाई प्रजनन गर्न सहज हुने परिस्थिति सिर्जना हुन्छ । जस्तो, स्थिर जमेको पानी र ठिक्कको तापक्रम लामखुट्टे वृद्धिका लागि उपयुक्त हुन्छ । यही अवधिमा केही वर्षदेखि काठमाडौंजस्तो 'पकेट एरिया'मा संक्रमणले ठुलो रूप लिन थालेको छ । तथापि, थोरै संख्यामा संक्रमित वर्षभरि नै देखिन थालेको छ । अहिले यो नेपालको रैथाने रोग बनिसकेको छ । चिसो बढेको समय केही कम र दसैं-तिहारपछि उच्च देखिए पनि वर्षैभरि संक्रमित देखिन थालेको छ ।

रैथाने बनिसकेको डेंगु रोकथाममा सरकारको तयारी भने पर्याप्त किन देखिँदैन ?

दसैं-तिहारपछि डेंगुका बिरामीको संख्या ह्वात्तै बढ्ने क्रम केही वर्षदेखि नै छ । तर, यसको रोकथाम गर्न सम्बन्धित निकायले पर्याप्त ध्यान दिएको छैन । कदम नै नचालेको त होइन, तर पर्याप्त छैन । सायद, यसलाई ठुलो जनस्वास्थ्य समस्या नठानेर गम्भीरता नलिएको होला ।

नेपालमा डेंगुले बंग्लादेशकै जस्तो विकराल रूप लिने सम्भावना कत्तिको छ ?

बंग्लादेशमा अहिले डेंगुबाट बर्सेनि सयौंको ज्यान जान थालेको छ । केही दशकअघिसम्म त्यस्तो स्थितिमा थिएन । त्यहाँको वर्तमान चित्र भविष्यमा नेपालका लागि चेतावनी हो । भविष्यमा यस रोगविरुद्ध खोप विकास भए त फरक कुरा हो नत्र लामखुट्टेको टोकाइबाट बचौं भनेर मात्र संकट टार्न अब गाह्रो हुनेछ । नेपालमै पहिले खासै नसुनिने यो रोगले तीन वर्षअघि अर्थात् सन् २०२२ मा ८८ जनाको ज्यान लियो । त्यही वेला नै चेतुपर्ने थियो । अझै हेलचेक्र्याइँ गरियो भने पछि गम्भीर अवस्था निम्तिन सक्छ ।

प्रेरक प्रसंग

सुगालाई साधुको सन्देश

सेठ र उनकी धर्मपत्नी हरेक दिन सत्संगमा जान्थे । सेठले एउटा सुगा पालेका थिए । एक दिन सुगाले सेठसित सोध्यो- सेठजी, तपाईंहरू हरेक दिन कहाँ जानुहुन्छ ? सेठले जवाफ दिए- हामी हरेक दिन साधुमहाराजको सत्संग सुन्न जान्छौं ।

सेठजीको जवाफ सुनेपछि सुगाले भन्यो- हजुरहरू सत्संगमा जानुहुन्छ भने कृपया साधुमहाराजसँग म कहिले स्वतन्त्र हुन्छु भनेर पनि सोधिदिनुहोस् न है ? हुन्छ, हामी सोधिदिउँला भनेर उनीहरू सत्संग सुन्न गए । सत्संग समाप्त भयो । सबै श्रोता बाहिरिएपछि सेठजीले सोधे- साधुमहाराज, मैले एउटा सुगा पालेको छु । त्यसले आज एउटा प्रश्न हजुरसामु राखिदिन अनुरोध गरेको छ । ऊ जान्न चाहन्छ कि ऊ कहिले स्वतन्त्र हुनेछ ?



प्रश्न सुन्नासाथ साधु महाराज बेहोस भएर ढले । उनलाई सहयोगीहरूले उठाएर आश्रमको भित्री भागमा लगे । सेठ चुपचाप त्यहाँबाट निस्किए । उनी घर पुग्नासाथ सुगाले सोध्यो- सेठजी, मेरो स्वतन्त्रताबारे साधु महाराजले के भन्नुभयो त ? सेठले भने- तेरो भाग्य नै खोटो रहेछ । प्रश्न सोध्नासाथ साधु महाराज बेहोस भएर ढल्नुभयो । सेठको जवाफ सुनेपछि सुगाले भन्यो- केही छैन सेठजी, मैले बुझ्छैं ।

अर्को दिन बिहान सेठ र उनकी पत्नी सत्संगका लागि निस्किँदै थिए, त्यति नै खेर सुगा पिँजडामा जानाजान छटपटाउँदै बेहोस भएर ढल्यो । सेठलाई लाग्यो, ला ! सुगा त मऱ्यो कि क्या हो ! उनले सुगालाई पिँजडाबाट बाहिर निकाले । मौका पाउनासाथ सुगा भुर्र उडेर बेपत्ता भयो ।

सत्संगमा पुग्नासाथ साधुले सेठसित सोधे- हिजो तपाईं सुगाको बारेमा केही सोध्दै हुनुहुन्थ्यो, अब ऊ कहाँ छ ? सेठले भने- महाराज, आज बिहानै ऊ जानाजान बेहोस भएको नाटक गरेर पिँजडामा लडेको रहेछ । मैले ऊ मरेछ भन्ठानेर बाहिर निकाल्नासाथ ऊ उडेर बेपत्ता भयो ।

सेठको जवाफ सुनेपछि मुसुक्क मुस्कुराउँदै साधुले भने- हेर्नुहोस् त सेठजी, तपाईं यति धेरै दिनदेखि सत्संग सुनेर पनि अझै सांसारिक मायामोहको पिँजडामा फसिरहनुभएको छ, तर त्यो सुगा भने सत्संगमा नआईकनै पनि मेरो एउटा इसारा बुझेर स्वतन्त्र भयो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

समाजको सुरक्षा कसले दिने ?

जेन-जी आन्दोलनपछि शान्ति सुरक्षा कमजोर हुँदा समाजमा त्रास बढेको छ । समाजिक सञ्जालमा प्रहरीमाथि दिनदहाडै हातपात गरेका भिडियो र फोटो देखिन थालेका छन् । समाज कता जाँदै छ भन्ने चिन्ता बढेको छ । निरीह प्रहरीलाई थर्काउँदा-धम्काउँदा इज्जत आउँछ भन्ने सोच समाजमा बढ्दै छ । यस्ता अराजक गतिविधिलाई कानुनी दायरामा ल्याएर कारबाही गर्नुपर्छ । अन्यथा समाजमा अराजकहरूको मनोबल बढ्छ ।

अहिले नियम-कानुन बुझेका गृहमन्त्रीज्यू छन् । तर, त्यसको उपलब्धि फिल्डमा देखिनुपर्छ । समाजमा अहिले प्रहरी संगठनको उपस्थिति पहिलेभन्दा घटेको महसुस हुन्छ । रातको समय चौकीमा ताल्चा लगाएको देखिन्छ । समाजको सुरक्षाका लागि युवाहरूले गस्ती बढाएका छन् । अहिले प्रहरीको मनोबल हिजो माओवादी द्वन्द्वकै जस्तो कमजोर बनेको छ । म बस्ने जोरपाटी क्षेत्रमा स्थानीय युवाहरूले समय मिलाएर राति गस्ती गरिरहेका छन् । प्रहरी छ । चौकी छ । तर, जनताले सुरक्षाको प्रत्याभूति गर्न सकेका छैनन् । कहिलेसम्म युवाहरूले गस्ती गर्ने भन्ने प्रश्न उब्जेको छ । जेलबाट भागेका कैदीहरू हजारौंको संख्यामा अझै बाहिरै छन् । प्रहरीबाट लुटिएका हतियार फिर्ता भइसकेका छैनन् । अहिलेको सरकारले निर्वाचनलाई मुख्य लक्ष्य भनेको छ । तर, यस्तो त्रासमा जनता भोट हाल्न कसरी जालान् ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी काठमाडौं

क्रिकेटको सफलता

नेपालले यसअघि पनि क्रिकेट विश्वकप प्रतियोगिता खेलेको थियो । सन् २०१४ र सन् २०२४ मा नेपालका सहभागिता सहभागितामै सीमित भयो । विगतको अनुभवसहित नेपाल फेरि अर्को वर्ष हुने क्रिकेट विश्वकप टी-२० (सन् २०२६ मा)मा सहभागी हुने अवस्था नजिक पुगेको छ । नेपाली क्रिकेट टोली सम्पूर्ण नेपालीहरूको खुसीका थोरै कारणमध्ये एक बन्दै आएको छ । नेपालको क्रिकेट टिमले सन् २०२६ मा विगतको सबै रेकर्ड तोडेर अघि बढ्न सकोस् । यसपालि उसले विगतमा भन्दा राम्रो प्रदर्शन गरोस् भन्ने हामी सबै नेपालीको हार्दिकताका साथ अग्रिम बधाई छ ।

● **बलराम थापा**, कुश्लेचौर, क्षेत्रपाटी, काठमाडौं

नसुध्रिएका कर्मचारी

वीर अस्पतालका एकजना लेखा अधिकृत आइतबार घुससहित रंगेहात पक्राउ परेछन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले उनलाई घुससहित रंगेहात पक्राउ गरेको रहेछ । खबरअनुसार अख्तियारको टोलीले ती अधिकृतसँग एक लाख २० हजार आठ सय ५० रुपैयाँ घुस रकम बरामद गरेछन् । सप्लायर्सलाई नियमित दिनुपर्ने भुक्तानी रोकेर उनले घुस लिएका हुन् । देशको यो अवस्थामा पनि कर्मचारीले घुस खान छाडेका छैनन् । कत्ति लाज नलागेको ! यस्तालाई आफन्तहरूको अगाडि मुख देखाउन नसक्ने सजाय दिनुपर्ने । कर्मचारीलाई देशभन्दा आफ्नै साँघुरो स्वार्थ मात्र महत्त्वपूर्ण हुनेरहेछ ।

● **नारायण आचार्य**, काठमाडौं

गम्भीर बन

सामान्य आरोप लागेका र कतिपय निर्दोषसमेत अहिले जेलमा छन् । सुशासनको माग राखेर सडकमा उत्रिएका युवाहरूलाई ताकी-ताकी गोली हान्दा ७६ जना मारिएका छन् । तर, त्यसका लागि प्रमुख जिम्मेवार तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई पक्राउ गर्न प्रहरी र प्रशासन अलमल देखिएको छ । मेरो देशमा यस्तै दुःखद मजाक हुन्छ । देश चलाएको हो कि भाँडाकुटी खेलेको हो ? अहिलेको सरकार जेन-जी युवाहरूको त्याग र बलिदानको जगमा बनेको हो । त्यसैले ती युवामाथिको अत्याचारको सही अनुसन्धान र दोषीलाई कारबाही गरेर तिनलाई न्याय दिऊ सरकार ।

● **राम भुजेल**, धरान, सुनसरी

कम भएको छैन ट्रम्पको नोबेल शान्ति पुरस्कार पाउने चाहना

नोबेल जसरी पनि हासिल गर्ने उग्र चाहनाले ट्रम्पको बाँकी कार्यकालको विदेश नीतिलाई आकार दिन सक्छ ।



देश / विदेश

● जेम्स क्र्याबट्री
ब्रिटिस लेखक क्र्याबट्री भूराजनीति विश्लेषक हुन् ।

फेरि अर्को वर्ष, ट्रम्पको प्रयास खेर गयो । यस वर्षको नोबेल शान्ति पुरस्कार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पाउने सम्भावना न्यून रहेको पहिले अनुमान थियो । त्यति मात्र होइन, भविष्यमा समेत उनले पुरस्कार जित्ने सम्भावना न्यून नै छ । तैपनि यसपटकको पछिल्लो असफलताले भविष्यमा पुरस्कार जित्ने ट्रम्पको चाहना दोब्बर बनाउने सम्भावना छ । यसले अमेरिकी विदेश नीतिलाई आकार दिने महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

खासमा, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई गाजा शान्ति सम्झौता स्वीकार गर्न ट्रम्पको दबाब यही पुरस्कार जित्न सकिने सोचले प्रेरित भएको बताइन्छ । पूर्वराष्ट्रपति जो बाइडेनको कार्यकालको अन्तिमतिर खासमा अहिले सहमति भएकै विषय रहेको सम्झौता छलफलमा थियो । तर, बाइडेन सो सहमति स्वीकार गराउन इजरायलमाथि दबाब दिन तयार भएनन् । तर, ट्रम्पले यस सम्झौताले नोबेल दिलाउन सक्ने सोचमा जुवा खेले । र, परिणामस्वरूप एक अस्थिर नै सही एक शान्ति सम्झौता भएको छ ।

यसै महिना, ट्रम्प मलेसियामा आयोजना हुने दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संघ आसियानको वार्षिक शिखर सम्मेलनमा छोटो समयका लागि भए पनि पुग्न सक्छन् । प्रायः संघको आमन्त्रणको बाबजुद अघिल्ला अमेरिकी राष्ट्रपतिहरू संघको भेलामा कहिल्यै उपस्थित भएनन् । तर, ट्रम्प भने कम्बोडिया र थाइल्यान्डबिचको सीमा तनाव मिलाउन मध्यस्थता गरेको थप श्रेय लिन भेला हुन जाँदै छन् । संयुक्त राष्ट्रसंघमा हालै सम्बोधन गर्ने क्रममा ट्रम्पले शान्ति ल्याएको सात द्वन्द्व रोकेको उल्लेख गरेका थिए । ती प्रत्येक युद्ध रोकेकोमा ट्रम्पले नोबेलका लागि आफ्नो योग्यता पुगेको जोड दिएको हुन सक्छ । ट्रम्पको नोबेल जसरी हासिल गर्ने उग्र चाहनाले धेरै फाइदा दिन सक्ने पछिल्लो गाजा सम्झौताले नै देखाएको छ ।

विदेशी सरकारहरूले समेत ट्रम्पको आवेगलाई उपयोग गर्न थालेका छन् । पाकिस्तान एउटा स्पष्ट उदाहरण हो, जसले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई नोबेल शान्ति पुरस्कारका लागि औपचारिक रूपमा सिफारिस गरेको थियो । यसै मार्गमार्फत इस्लामाबादले हालैका महिना चलाखीपूर्वक अमेरिका-पाकिस्तान सम्बन्धमा उल्लेख्य सुधार गर्न सफल भएको छ ।

ट्रम्पलाई शान्ति स्थापनाको उनको पहलकै आधारमा नोबेल कमिटीले पुरस्कारबारे पुनर्विचार गर्न सक्नेजस्तो लागेको छ । यो सही होला भनेर विश्वास गर्ने कुनै आधार छैन । तथापि, यही सोचका कारण भविष्यको अमेरिकी कूटनीति अघि बढ्ने देखिन्छ । ट्रम्पलाई पुरस्कार दिलाउन सक्ने सबैभन्दा बढी सम्भावना भएको क्षेत्र मध्यपूर्व नै हो । ट्रम्प र उनको प्रशासनका अन्य सदस्यहरू साउदी अरबलाई समेत 'अब्राहम एकोर्ड'मा समावेश गर्न उत्सुक छन् । त्यसो भए मध्यपूर्वको



क्षेत्रीय सन्तुलन नै बदलिनेछ भने ट्रम्पलाई मध्यपूर्वका ऐतिहासिक सम्झौताकर्ताको रूपमा प्रस्तुत गर्न सक्छ । यसले ट्रम्पलाई शंकाका नजरले हेरिरहेको पुरस्कार समितिको मन बदल्न सक्छ ।

कोरियाली प्रायद्वीप ट्रम्पलाई नोबेल दिलाउने दोस्रो सम्भावित क्षेत्र हो । ट्रम्पले पहिलो कार्यकालमा उत्तर कोरियाली नेता किम जोङ उनसँग वार्तामार्फत प्रगति गर्ने असफल प्रयास गरेका थिए । गत अगस्ट महिनामा, ट्रम्पले ह्वाइट हाउसमा दक्षिण कोरियाका नवनिर्वाचित राष्ट्रपति ली जे-म्युङसँग भेट गर्दै 'यसै वर्ष' किमलाई भेट्ने आशा व्यक्त गरे । दक्षिण कोरियामा यसै महिना एसिया-प्रशान्त आर्थिक सहयोग शिखर सम्मेलन हुँदै छ । त्यसको छेउमा ट्रम्प-किमबिच सम्भावित भेटघाट हुने अनुमान बढाएको छ । उसो त किमले दक्षिण कोरिया भ्रमण गर्ने सम्भावना कम छ । तथापि, कोरियाली प्रायद्वीपमा शान्तिका लागि थप अमेरिकी दबाब सम्भावना पहिलेभन्दा उच्च छ ।

तथापि, अन्य राष्ट्रहरूले ट्रम्पको नोबेल भोकलाई आफ्नो फाइदाका लागि प्रयोग गरिरहनेछन् । चीनले अहिले वासिङटनसँग हुने भावी वार्तामा प्योङ्याङमाथिको आफ्नो प्रभाव कसरी प्रयोग गर्न सकिन्छ भनेर मूल्यांकन गरिरहेको अवस्था छ । बेइजिङले समेत यसमा ट्रम्पको नोबेल भोकसँग खेल्न सक्ने विश्लेषण भइरहेको छ । बेइजिङले ट्रम्पको भावनासँग खेल्छ भने अरू परिष्कृत विदेश मन्त्रालयले पनि त्यस्तै गर्नेछन् ।

ट्रम्पको नोबेल पुरस्कारप्रतिको एकल धुनले अब अमेरिकी नीतिलाई उल्लेखनीय रूपमा मार्गदर्शक गर्ने देखिन्छ । अर्थात्, अब ट्रम्पको बाँकी कार्यकालमा वासिङटनको कूटनीतिक ऊर्जा कता खर्च हुनेछ भन्ने कुराको सबैभन्दा भरपर्दो सूचक नै कुन कुरो पुरस्कार दिलाउने सामर्थ्य राख्छ भन्ने कुरा हुने भयो । अर्को शब्दमा भन्नुपर्दा, ट्रम्पको शान्ति स्थापना गर्ने महत्त्वाकांक्षा अब अन्तर्राष्ट्रिय सम्बन्धको एक प्रमुख पक्ष बन्ने देखिन्छ ।

फरेन पोलिसीबाट

इजरायल–हमास युद्धविराम कार्यान्वयनमा संशय

विगत दुई वर्षमा इजरायली सेनाले गाजालाई लगभग ध्वस्त पारेको छ र गाजापट्टीको जनसंख्या चरम भोकमरीको चपेटामा परेको छ



● मारिका सोस्नोविस्की
सोस्नोविस्की मेलबर्न युनिभर्सिटीकी वरिष्ठ रिसर्च फेलो हुन् ।



युद्धका दुवै पक्षले अर्को युद्धविराममा सहमति जनाएपछि गाजा र इजरायल दुवैमा खुसियालीका दृश्य देखिएका छन् । यदि सबै कुरा ठिकठाक रह्यो भने इजरायल र हमासद्वारा लागू गरिएको यो तेस्रो युद्धविराम मात्र हुनेछ, तथापि हिंसा रोक्न प्रयासस्वरूप अन्य धेरै सम्झौता भएका छन् । यहाँ खुसी हुनुपर्ने धेरै कुरा छन् । सबैभन्दा उल्लेखनीय कुरा यो युद्धविरामले गाजामा प्यालेस्टिनीविरुद्ध हिंसाको नरसंहार अभियानको रूपमा स्थापित भएको विषयलाई रोक्नेछ, हमासद्वारा राखिएका सबै बन्धकको रिहाइ र गाजामा भोकमरीको अवस्था कम गर्न त्यहाँ सहायता पुनः सुरु हुनेछ ।

यद्यपि, त्यहाँ धेरै थाहा नपाएका विषय पनि छन् । यस युद्धविरामको 'पहिलो चरण'का सर्त नोभेम्बर २०२३ र जनवरी २०२५ मा अघिल्ला युद्धविराममा पूर्वाभ्यास गरिएको भए पनि धेरै अन्य सर्त अस्पष्ट छन् । यसले तिनीहरूको कार्यान्वयनलाई गाह्रो र सम्भवतः विवादित बनाउँछ । यो चरण पूरा भएपछि धेरै कुरा घरेलु इजरायली राजनीति र ट्रम्प प्रशासनको तत्परतामा निर्भर हुनेछ ।

दुवै पक्षलाई सहज

युद्धविराम सम्झौता सेप्टेम्बर २९ मा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँगै ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सार्वजनिक गरेको २० बुँदे योजनामा आधारित देखिन्छ । 'पहिलो चरण' भनिएको यस योजनामा कार्यान्वयन गरिने कुरा युद्धविरामका व्यावहारिक, विस्तृत र तत्कालका सर्त हुन् ।

दुवै पक्षद्वारा जारी गरिएको शान्ति योजनाको पाठमा यी सर्त निम्नानुसार उल्लेख गरिएका छन् :

बुँदा ३ – युद्धको 'तत्काल' अन्त्य र 'सहमत रेखा'मा इजरायली सेना फिर्ता ।

बुँदा ४ र ५ – प्यालेस्टिनी कैदीहरूको बदलामा हमासद्वारा सबै जीवित र मृतक बन्धकहरूको रिहाइ ।

बुँदा ७ – जनवरीको युद्धविराम सम्झौताका सर्तअनुरूप गाजापट्टीमा प्रवाहित हुने पूर्ण सहायता ।

यी चरणहरू सकारात्मक भए तापनि युद्धविराम सम्झौताको अंशको रूपमा यी दुवै पक्षले स्वीकार गर्ने न्यूनतम कुरा हुन् ।

विगत दुई वर्षमा इजरायली सेनाले गाजालाई लगभग ध्वस्त पारेको छ र गाजापट्टीको जनसंख्या भोकमरीको चपेटामा परेको छ । इजरायली सरकारमाथि बन्धकहरूलाई घर फर्काउन ठुलो घरेलु दबाब पनि छ भने हमाससँग उनीहरूको रिहाइबाहेक खेल्नका लागि कुनै कार्ड बाँकी छैन । यी विशेष सर्तको पाठ यसरी मस्यौदा गरिएको छ कि इजरायल र हमास दुवैलाई के गर्ने र कहिले गर्ने भन्ने थाहा छ । यसले गर्दा उनीहरूले सर्त पालना गर्ने सम्भावना बढी हुन्छ ।

यी सर्तमा दुवै पक्षको निहित स्वार्थ पनि छ । यसबाहेक सन् २०२३ को नोभेम्बर र यसै वर्षको जनवरीमा गाजा युद्धविरामको समयमा दुवै पक्षले यी सर्त पहिले नै चालिसकेका छन् । यो कुरालाई मनन गर्दै म आशा गर्छु कि यी सर्तहरू आगामी दिनमा लागू हुनेछन् । त्यसपछि के हुनेछ भन्ने कुरा कम स्पष्ट छ ।

> युद्धविराम सम्झौताको अस्पष्ट सर्तसँगै इजरायललाई धेरै गतिशीलता प्रदान गर्नेछ । उदाहरणका लागि हमासले सम्झौताका सर्त पालना नगरेको दाबी गर्दै इजरायली सरकारले पुनः बमबारी सुरु गर्न सक्छ, सहायता कटौती गर्न सक्छ वा गाजामा प्यालेस्टिनीलाई थप विस्थापित गर्न सक्छ ।

चौतर्फी अनिश्चितता कायमै

युद्धविरामको पहिलो चरण लागू भएपछि हमासले आफूलाई २०११ मा सुरु भएको सिरियाली गृहयुद्धको समयमा भएको युद्धविराम सम्झौता जस्तै परिस्थितिमा पाउनेछ । म यी सम्झौतालाई गला रेट्ने सम्झौता भन्छु । यसप्रकारका युद्धविराम सम्झौता दुई समान पक्षबिच वार्ता गरिएका सम्झौताजस्ता छैनन् । बरु, तिनीहरू अत्यधिक जबर्जस्ती सम्झौता हुन् जसले कमजोर पक्षलाई कुनै पनि कुरामा सहमत हुन बाध्य बनाउँछ । बन्धकहरूलाई रिहा गरिसकेपछि हमास आफ्नै नगन्य सौदाबाजी शक्तिमा फर्कनेछ । समूह र गाजावासी फेरि एकपटक इजरायली सैन्यशक्ति र घरेलु र अन्तर्राष्ट्रिय राजनीतिको दयामा निर्भर हुनेछन् ।

ट्रम्प शान्ति योजनाका अन्य सर्त हमासको निशस्त्रीकरण (बुँदा १ र १३), गाजाको भावी शासन (बुँदा ९ र १३) र गाजाको पुनर्विकास (बुँदा २, १० र ११)सम्बन्धी योजना पनि अत्यन्तै अस्पष्ट छन् । सम्झौताअन्तर्गत बन्धकहरूलाई रिहा गरेपछि हमाससँग कुनै लाभ हुनेछैन । यो, युद्धविराम सम्झौताको अस्पष्ट सर्तसँगै इजरायललाई धेरै गतिशीलता प्रदान गर्नेछ । उदाहरणका लागि इजरायली सरकारले हमासले सम्झौताका सर्त पालना नगरेको दाबी गर्न सक्छ र त्यसपछि बमबारी पुनः सुरु गर्न सक्छ, सहायता कटौती गर्न सक्छ वा गाजामा प्यालेस्टिनीलाई थप विस्थापित गर्न सक्छ ।

बुँदा १२ ले 'कसैलाई पनि गाजा छोड्न बाध्य पारिनेछैन' भनी सही रूपमा उल्लेख गरेको छ । तर, इजरायलले त्यहाँको अवस्थालाई यति असहज बनाउन सक्छ कि यदि उनीहरू बाँच्न चाहन्छन् भने त्यहाँबाट जानुबाहेक उनीहरूसँग अरू कुनै विकल्प नहुन सक्छ । बुँदा १५ र १६ ले संयुक्त राज्य अमेरिका (अरब र अन्य अन्तर्राष्ट्रिय साझेदारहरूसँग)ले सम्झौताको सुनिश्चितकर्ताको रूपमा काम गर्न गाजामा अस्थायी अन्तर्राष्ट्रिय बल विकास गर्ने उल्लेख छ । इजरायल रक्षा बल (आईडिएफ)ले 'निशस्त्रीकरणसँग जोडिएको मापदण्ड, कोसेढुंगा र समयसीमाको आधारमा' पनि फिर्ता लिनेछ ।

तर, यी 'मापदण्ड, कोसेढुंगा र समयसीमा' अनिर्दिष्ट छोडिएका छन् र पक्षका लागि सहमत हुन गाह्रो हुनेछ । यो पनि सम्भव छ कि इजरायलले युद्ध पुनः सुरु गर्ने औचित्य प्रमाणित गर्न हमासले केही सर्त पूरा गर्न असफल भएको तर्क गरेर यी सर्तहरूको अस्पष्टतालाई आफ्नो फाइदाका लागि प्रयोग गर्न सक्छ । पहिलो चरण पछि यसको कुनै लाभ छैन भन्ने थाहा पाएर हमासले स्पष्ट रूपमा भनेको छ कि यसले अमेरिकाले आफ्नो ग्यारेन्टर भूमिका पूरा गर्ने अपेक्षा गरिरहेको छ । युद्धविरामलाई समर्थन र अनुगमन गर्न अमेरिकाले २०० सेना पठाउने वाचा गर्नु राम्रो संकेत हो । तर, यस चरणमा हमाससँग अमेरिका आफ्नो वचनप्रति प्रतिबद्ध होस् भनेर प्रार्थना गर्नुबाहेक अरू कुनै विकल्प छैन ।

युद्धविराम अब नेसेट (इजरायलको संसद्)को बहुमतले पारित गरिसकेपछि पाँचजना अतिदक्षिणपन्थी मन्त्रीहरूले सम्झौताको विपक्षमा मतदान गरे । यसमा इजरायलका राष्ट्रिय सुरक्षामन्त्री इटामार बेनग्भिर पनि छन्, जसले युद्धविराम 'एडोल्फ हिटलरसँगको सम्झौता'जस्तै भएको बताए । यो विपक्षी समूहले निःसन्देह पहिलो चरण लागू भएपछि नेतन्याहुको सरकारलाई ढाल्न थप धम्की दिनेछ ।

युद्धविरामको समस्या

यस युद्धविरामको पहिलो चरणले हमास र इजरायललाई प्रमुख विषय प्रदान गर्नेछ- बन्धक कैदी आदानप्रदान, हिंसाको अन्त्य र मानवीय सहायता । इजरायली र प्यालेस्टिनीबिचको शान्तिका लागि लामो बाटोमा युद्धविराम सधैं एक सानो कदम हुने थियो । प्यालेस्टिनीहरूसँग उनीहरूको आत्मनिर्णयमा अर्थपूर्ण संलग्नताविना हामी केवल आशा गर्न सक्छौं कि गाजावासीको भविष्य अझ खराब हुनेछैन । सिरियाको यार्मुक शिविरका एक प्यालेस्टिनी नेताले मलाई २०१८ मा भनेझैं 'यदि युद्धविराम भयो भने मानिसहरूलाई थाहा हुन्छ कि सैतान आउँदै छ ।'

-द कन्भर्सेसनबाट

इतिहासमा आज

अक्टोबर १३



सन् १९८१ : इजिप्टका तत्कालीन राष्ट्रपति अनवर सदतको हत्याको एक सातापछि भएको निर्वाचनमा होसनी मुबारक देशको नयाँ राष्ट्रपतिमा निर्वाचित

सन् १८८४ : लन्डनको ग्रिनविचमा देशान्तरको युनिभर्सल मेरिडियन समयको स्थापना ।

सन् १९२४ : अब्दुल्लाजिज इविन साउद नेतृत्वको साउदी सेनाबाट विनासंघर्ष मक्का कब्जा ।

सन् १९४३ : नाजी जर्मनीविरुद्ध इटालीले युद्धको घोषणा गऱ्यो ।

सन् १९४४ : द्वितीय विश्वयुद्धका क्रममा अमेरिकाको सेनाबाट आर्चेनको लडाइँमा पहिलो जर्मनी सहर कब्जा ।

सन् १९८३ : अन्तरिक्षयान च्यालेन्जरले अहिलेसम्मकै धेरै ७ सदस्य सातजनालाई अमेरिकाको फ्लोरिडास्थित केनेडी स्पेस सेन्टरमा सकुशल अवतरण गरायो ।

सन् २०१० : चिलीको कोपियापो खानी दुर्घटनाका कारण सुरुडमा थुनिएको ६९ दिनपछि सबै ३३ कामदार सकुशल उद्धार गरिए ।

तालिबानको हमलामा ५८ पाकिस्तानी सेना मारिए

काबुल/ तालिबान सरकारले उत्तरी सीमामा रहेका केही पहाडी इलाकामा पाकिस्तानी सेनामाथि आक्रमण गरेको पुष्टि गरेको छ । तालिबानका प्रवक्ताले 'बदलाको कार्य' भन्दै ५८ पाकिस्तानी सैनिक मारिएको बताएका छन् । पाकिस्तानले बिहीबार अफगान हवाई क्षेत्र उल्लंघन गरेको र आफ्नो सीमाभित्रको बजारमा बम विस्फोट गरेको बदलामा उक्त आक्रमण गरिएको तालिबानले दाबी गरेको छ ।

पाकिस्तानले उक्त तथ्यांकलाई अस्वीकार गर्दै आफ्ना सशस्त्र सेनाका २३ सदस्य मारिएको र 'दुई सय तालिबान र सम्बद्ध आतंककारीलाई निष्प्रभावी पारिएको' दाबी गरेको छ । पाकिस्तानका गृहमन्त्री मोहसिन नक्वीले अफगान हमलामा सर्वसाधारणमाथि गोली चलाइएको बताएका छन् । देशको सेनाले 'हरेक ईंटाको बदला ढुंगाले' जवाफ दिने उनले चेतावनी दिए ।

इस्लामाबादले काबुलले आफ्नो भूमिमा पाकिस्तानलाई लक्षित गर्ने आतंककारीलाई आश्रय दिएको आरोप लगाएको छ, जुन दाबी तालिबान सरकारले अस्वीकार गरेको छ । अफगान र पाकिस्तानी दुवै पक्षले कुनार-कुर्रम क्षेत्रमा साना हतियार र तोपखाना प्रयोग गरेको बिबिसीले जनाएको छ । आइतबार एक पत्रकार सम्मेलनमा तालिबान प्रवक्ता जबिहुल्लाह मुजाहिदले ५८ जना पाकिस्तानी सेनाको मृत्युको अतिरिक्त, लगभग ३० जना घाइते भएको बताए ।

सिलबन्दी दरभाउँपत्र आह्वानको सुचना

दोस्रो पटक (सूचना नं. NAWF/RSMV/CANTEEN/BANSBARI/2082/83/33)

यस रिपूमर्दिनी सैनिक महाविद्यालय काठमाण्डौ बांसबारी क्यान्टिन संचालन गर्नको लागि नेपाल सरकारबाट ईजाजत प्राप्त फर्महरुले दरभाउँ पत्र पेश गर्न सम्बन्धित सबैमा यो सुचना प्रकाशन गरीन्छ ।

सि.नं.	दरभाउँपत्र विवरण	दरभाउँपत्र दस्तुर	बैंक खाता नं
१.	खाजा, खाना, नास्ता आईटमहरु	१०००।००	धरौटी खाता नं १३४१०६६७७६५२४००२ रिपुमर्दिनी सैनिक महाबिधालय विद्यार्थी धरौंटी खाता एन.आई.सि.एसिया बैंक लि.

दरभाउँपत्र पेश गर्ने अन्तिम मिति २०८२/०७/११ गते को १२०० बजे सम्म खोलुवा मिति सो दिनको १३०० यसै महाविधालयमा हुनेछ ।
थप जानकारीको लागि यस विधालयको फोन नं ०१४३७४३३५ मा सम्पर्क गर्न सकिनेछ ।

पाणिनि बचत तथा ऋण सहकारी संस्था लि.

काठमाडौं महानगरपालिका-२८, बागबजार, काठमाडौं

ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

यस पाणिनि बचत तथा ऋण सहकारी संस्था लि.का तर्पासिसलमा उल्लेखित ऋणीले संस्थाबाट लिएको ऋणको भुक्तानी सम्बन्धी सम्झौता भए अनुसार तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई बस्नु भएकाले ऋण वापत तिर्न बुझाउनु पर्ने साँवा, ब्याज तिर्ने सम्बन्धमा ऋणीलाई मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यस संस्थासंग भएको ऋण सम्बन्धी शर्तहरू उल्लंघन गर्नु भएकोले ऋणीले लिनुभएको ऋण भुक्तान गर्न ३५(पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यथासिघ्र संस्थामा सम्पर्क गरी आफुले उपभोग गरेको ऋणमा बुझाउनु पर्ने सम्पूर्ण रकम भुक्तान गर्नुहोला । यदि यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र सहकारीमा भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम(साँवा, ब्याज र हर्जना) नबुझाएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम, ऋण नीति अनुसार संस्थाको असुल गर्नुपर्ने रकम संस्थामा दृष्टिवन्धक रोक्का रहेको तर्पासिल बमोजिमको सम्पत्ति लिलाम गरी असुल उपर गरिनेछ ।

क्र. स.	ऋणीको नाम/थर, तिनपुस्ते	ऋणीको फोटो	धितो विवरण
१	**नाम : युवराज पोखेल** बाबु : चन्द्रकान्त पाखेल बाजे : हुमकान्त पोखेल श्रीमति : कमला पोखेल ना.नं. ११३।७८६।१४५९, अर्घाखाँची स्थायी ठेगाना : अर्घाखाँची जि.पणेना-९ भई हाल काठमाण्डौं-१०, बानेश्वर		मालपोत कार्यालय, कलंकीमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला साविक दहचोक गाविस वडा नं. ३ नक्सा सिट नं.इक क्रमशः कित्ता नं. २११० र २११५ को क्रमशः क्षेत्रफल ०-२-१-२(७५.५१ब.मी) र ०-१-०-० (३१.७९ ब.मी.)

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०६/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बोडे, भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**
२०८२/०७/११ गते/स्थान : शाखा कार्यालय बोडे, भक्तपुर — २०८२/०७/१३ गते, बिहीबार दिनको ३ बजे

क्र.स.	ऋणीको नाम, ठेगाना
१.	**नाम : रबिन शर्मा** ना.प्र.नं. २७१०१६-७०५६३, जि.प्र.का. काठमाडौं, जारी मिति : २०६७/०९/२९ बाबुको नाम : कुमार प्रसाद शर्मा, बाजेको नाम : गोपाल प्रसाद उपाध्याय ठेगाना : काठमाडौं जिल्ला, गोठाटार वडा नं. ९, हाल : भक्तपुर जिल्ला, मध्यपुरठिमी न.पा. वडा नं. ९, निलबराही

जमानतकर्ताको विवरण

१. नाम : कृष्ण कुमारी मैनाली शर्मा	२. नाम : राजिव शर्मा
ना.प्र.नं. २७-०१-७५-११५९७, जि.प्र.का. काठमाडौं जारी मिति : २०७५/०९/०८ पतिको नाम : रबिन शर्मा ससुराको नाम : कुमार प्रसाद शर्मा ठेगाना : काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ हाल : भक्तपुर जिल्ला, मध्यपुरठिमी न.पा. वडा नं. ९, निलबराही	ना.प्र.नं. २९१७३३४०, जि.प्र.का. सर्लाही जारी मिति : २०५५/६/२६ बाबुको नाम : कुमार प्रसाद शर्मा बाजेको नाम : गोपाल प्रसाद उपाध्याय ठेगाना : सर्लाही जिल्ला, मंलगवा गा.वि.स. वडा नं. ८ हाल : भक्तपुर जिल्ला, मध्यपुरठिमी न.पा. वडा नं. ९, निलबराही

धितोको विवरण

रबिन शर्मा र राजिव शर्माको संयुक्त नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ठा कायम रहेको भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं. ३, नक्सा सिट नं. १०२१११११६ स्थित कित्ता नं. ८५ को क्षेत्रफल १७२.७६ व.मि.को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५१७०३०६-१२
शाखा कार्यालय : बोडे, भक्तपुर, फोन नं. ०१-६६३९४१७
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

सातौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०६/२७

आदरणीय सेयरधनी महानुभावहरु,

मुक्तिनाथ कृषि कम्पनी लि.को मिति २०८२ आश्विन २४ गते सम्पन्न संचालक समितिको १०० औ बैठकको निर्णय अनुसार कम्पनीको सातौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण संस्थापक तथा सर्वसाधारण सेयरधनि महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान :
मिति : २०८२ कार्तिक २१ गते, (तदनुसार नोभेम्बर ०७, २०२५)
समय : दिनको ११:३० बजे
स्थान : सिल्भर वक ब्यान्क्वेट एण्ड इभेन्ट्स सेन्टर, गैरिधारा, काठमान्डौ ।

छलफलका विषयहरु:

(क) सामान्य प्रस्तावहरु :
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. यस कम्पनीको सहायक कम्पनीहरुको आ.व. २०८१/०८२ आषाढ मसान्त सम्मको वित्तिय विवरणहरु सहितको एकिकृत विवरणहरु छलफल गरि पारित गर्ने ।
४. आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. आ.व. २०८१/०८२ सम्मको संचित मुनाफाबाट वितरण गरिने बोनस सेयरको कर प्रयोजनार्थ हुन आउने रकम रु. २९,४७,००० (उनान्तीस लाख सट्चालिस हजार मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(ख) विशेष प्रस्तावहरु:
६. कम्पनीको अधिकृत पूँजी रु. १,५०,००,००,००० (एक अर्ब पचास करोड मात्र), जारी पूँजी तथा चुक्ता पूँजी रु. १,२०,९५,८८,८०० (एक अर्ब बिस करोड पन्चानब्बे लाख अठासि हजार आठ सय मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोहि बमोजिम प्रबन्धपत्रको सम्बन्धित बुँदा संशोधन गर्ने ।
७. हाल कायम चुक्ता पूँजी रु. ७०,००,००,००० (सत्तरी करोड मात्र) को ८ प्रतिशत अर्थात रु. ५,५९,९३,००० (पाँच करोड उनान्साठ्ठि लाख त्रीयानब्बे हजार मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
८. कम्पनीको बोनस सेयर वितरण पश्चात हुन आउने कुल चुक्ता पूँजी रु. ७५,५९,९३,००० (पचहत्तर करोड उनान्साठ्ठि लाख त्रीयानब्बे हजार मात्र) को ६० प्रतिशत हकप्रद सेयर निष्काशन गर्ने प्रस्ताव पारित गर्ने र सोहि बमोजिम प्रबन्धपत्रको सम्बन्धित बुँदा संशोधन गर्ने ।
९. कृषि मूल्य श्रृंखला विकास संरचनाको लागि नियमनकारी निकायको स्विकृती लिई कृषि ऋणपत्र जारी गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने र ऋणपत्र जारी सम्बन्धि प्रबन्धपत्र र नियमावलिको सम्बन्धित बुँदा संशोधन गर्ने ।
१०. कम्पनीले उद्देश्य मिल्ने कम्पनीहरुलाई प्राप्ति (Acquire) गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।
११. कम्पनीको प्रबन्धपत्र र नियमावलिका प्रस्तावित बुँदाहरुमा संशोधन गर्ने तथा संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

(ग) विविध

द्रष्टव्यः सातौ वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८२ कार्तिक १४ गतेका दिन यस कम्पनीको सेयर दाखिला खारेज बन्द (Book Close) हुने व्यहोरा सेयरधनी महानुभावहरुलाई जानकारी गराइन्छ ।

संचालक समितिको आज्ञाले,
रामशरण तिमल्सिना
कम्पनी सचिव

वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी

१. सातौ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०७/१४ गते (१) एक दिन कम्पनीको शेयर धनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ । मिति २०८२/०७/१३ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन तथा मतदान दिन सक्नेछन् ।
२. वार्षिक सभामा भाग लिन आउनुहुने शेयरधनीहरु महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ ।
३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी हाजिरी पुस्तिका बिहान १०:३० बजे देखि खुल्ला रहने छ ।
४. कुनै शेयरधनी साधारण सभामा स्वयं उपस्थित हुन नसक्ने भै साधारण सभामा भाग लिन तथा मतदान गर्न प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय, बसुन्धारा काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन ।
५. प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एक जना शेयर धनीलाई मात्र प्रतिनिधि नियुक्त गर्नु पर्नेछ ।
६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीको तर्फबाट खटाईएको वा मनोनित गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छन ।
७. नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनुहुनेछ ।
८. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस कम्पनीको केन्द्रीय कार्यालय बसुन्धारा, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा वेवसाईट www.muktinathkrishi.com मा हेर्नहुन अनुरोध छ ।

मुक्तिनाथ कृषि कम्पनी लि.
MUKTINATH KRISHI COMPANY LTD.
An Associate Company of Muktinath Bikas Bank

Basundhara Ringroad, Kathmandu Nepal
Tel: +977-1-4950097
Email: info@muktinathkrishi.com
Web: www.muktinathkrishi.com

■ रसुवागढीमा बेलिब्रिज निर्माण अन्तिम चरणमा

दुई साताभित्र नाका सञ्चालनमा ल्याइने

तीन महिनादेखि सुस्ताएको चीनसँगको व्यापार चलायमान हुने अपेक्षा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

रसुवास्थित नेपाल-चीन सीमाको लेन्देखोलामा चीनले निर्माण गरिरहेको बेलिब्रिज अन्तिम चरणमा पुगेको छ। अब दुई सातामा बेलिब्रिजको निर्माण सम्पन्न गरेर रसुवागढी-केरुङ नाका सञ्चालनमा ल्याउने तयारी रहेको छ। यससम्बन्धी सबै काम चीनले नै गरिरहेको छ।

गत २४ असारमा चीनतर्फबाट आएको बाढीले नाकामा रहेको १० मिटर चौडाइ र एक सय मिटर लामो मितेरी पुल बगाएको थियो। त्यसपछि रसुवागढी-केरुङ नाका बन्द अवस्थामा छ। नेपाल र चीनबिच हुने व्यापारका लागि रसुवागढी-केरुङ नै प्रमुख नाका थियो। तर, बाढीले पुल बगाएपछि नेपाल र चीनको व्यापार तीन महिनादेखि प्रभावित भएको छ। दुवैतर्फ कन्टेनेरहरू रोकिएका छन्। त्यसपछि वैकल्पिक रूपमा मुस्ताङको कोरला नाका खुला गरिए पनि प्रभावकारी बन्न सकेको छैन।

रसुवागढी नाका बाढीबाट प्रभावित भएलगत्तै चीनले बेलिब्रिज निर्माणको प्रक्रिया अघि बढाएको थियो। आवश्यक तयारी गरेर गत २७ भदौबाट बेलिब्रिज जडानका काम सुरु गरिएको थियो, जुन अहिले अन्तिम चरणमा पुगिसकेको छ। तिहार (कात्तिक ६) आसपासमा बेलिब्रिजको निर्माण सम्पन्न गरेर नाका सञ्चालनमा ल्याउने तयारी रहेको छ। नाका सञ्चालनमा आएपछि चीनतर्फको व्यापार सहज हुनेछ।

बेलिब्रिजको लम्बाइ ९० मिटरको हुनेछ। पुलको भारवहन क्षमता भने ५५ टन हुनेछ। चीनतर्फ एप्रोज सडक (पुल र सडक जोड्ने खण्ड)समेत बनिसकेको छ। नेपालतर्फको झन्डै २० मिटर लामो एप्रोज सडक बनाउन भने बाँकी छ। बेलिब्रिज जडान भएपछि एप्रोच सडक निर्माण गरिनेछ। त्यसको काम गर्न भने धेरै समय नलाग्ने बताइएको छ।

रसुवा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले बेलिब्रिज निर्माणको काम अन्तिम चरणमा पुगेको बताए। 'लेन्देखोला बेलिब्रिज निर्माणको काम अन्तिम चरणमा पुगेको छ।

चिनियाँ पक्षले तिहारअघि नै पुल निर्माण गर्ने गरी काम गरिरहेको देखिन्छ। तर, कहिले निर्माण सकिन्छ भनेर हामीले भन्न सक्ने अवस्था छैन। तर, तिहारआसपासमा बेलिब्रिजको निर्माण सकिन्छ,' उनले भने, 'त्यससँगै रसुवागढी-केरुङ नाका पनि सञ्चालनमा आउनेछ।'



असार २४ कै बाढीले उक्त नाका र काठमाडौं जोड्ने पासाङ ल्हामु राजमार्गको विभिन्न खण्डमा अवरुद्ध भएको थियो। त्यो अवरुद्ध खुला भए पनि पछिल्लोपटक १७, १८ र १९ असोजमा आएको बाढीपहिरोले स्याफ्रुबेंसी-रसुवागढी सडकखण्ड अवरुद्ध भएको छ। यद्यपि, बेलिब्रिज निर्माण भइसक्दा अवरुद्ध सडक पनि खुला हुने सहायक प्रमुख जिल्ला अधिकारीले बताए।

त्यस खण्डमा आइतबार साना गाडी छिर्ने गरी अवरुद्ध खुलाइएको छ। यद्यपि, सडक सफा गरेर ठुला गाडीलाई बाटो खुला गर्न बाँकी छ। यस्तै, बाढीले कुलुङ पुलको फाउन्डेसन पनि प्रभावित बनाएको छ। त्यसलाई मर्मत-सम्भार गर्न अझै एक साता समय लाग्नेछ। बेलिब्रिज बनिसक्दा कुलुङ पुलको मर्मत-सम्भार भइसक्ने सडक परियोजनाका प्रमुख कृष्णनाथ ओझाले बताए।

'नाकामा चीनले नै बेलिब्रिज बनाइरहेको छ। हामीले भने सडक अवरुद्ध खुलाउने तथा मर्मत-सम्भार गर्ने काम गरेका छौं। बेलिब्रिज बनिसक्दा सडकको मर्मत-सम्भार पनि सकिन्छ,' उनले बताए।

पक्की पुल चीनले नै बनाउने

बेलिब्रिज अस्थायी पुल मात्रै हो। त्यहाँ स्थायी रूपमा पक्की पुल नै बनाउनुपर्नेछ। त्यो पनि चीनले नै बनाउने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक उच्च अधिकारीले बताए। उनका अनुसार यसबारे औपचारिक सम्झौता हुन भने बाँकी छ।

मितेरी पुल पहिला पनि चीनले नै बनाएको थियो। चीनले सन् १९६२-१९६४ मा यो मितेरी पुल बनाएको थियो। पछि २०१९ मा यसलाई पुनर्निर्माण गरेर सञ्चालनमा ल्याइएको थियो। त्यसको ६ वर्षमा बाढीले बगाएको थियो। अब त्यहाँ स्थायी रूपमा नयाँ पक्की पुल नै बनाउनुपर्नेछ, त्यो पनि चीनले नै बनाउने मन्त्रालयका एक उच्च अधिकारीले बताए।

'भारत र र चीन सीमानाकाका पक्की पुलहरू छिमेकी मुलुककै सहयोगमा बनाउने अभ्यास छ। चीनतर्फ नाकामा भएका पुल यसअघि पनि चीनले नै बनाएको हो। अब रसुवागढीमा पनि चीनले नै पक्की पुल बनाउनेछ। यसका लागि द्विपक्षीय छलफल तथा वार्ता भइरहेको छ,' स्रोतले भन्यो, 'यसले औपचारिक पाउन भने बाँकी छ। तर, नयाँ पुल पनि चीनले नै बनाउनेछ। यसमा हामी ढुक्क छौं।'

रसुवा नाकाबाट हुने वैदेशिक व्यापारमा गिरावट

चालू आवको दुई महिनामा रसुवा नाकाबाट ३७ करोड ५६ लाख ४१ हजार रुपैयाँबराबरको वस्तु आयात भएको छ। बाढीले पुल र बाटो बगाएका कारण सो अवधिमा मानिसले नै बोकेर सामान आयात गरिएको थियो। यो अवधिमा रसुवा नाकाबाट निर्यात भने शून्य नै रहेको छ। गत आवको दुई महिनामा उक्त नाकाबाट ११ अर्ब ५४ करोड ५१ लाख ३२ हजार रुपैयाँको आयात भएको थियो। निर्यात भने १७ करोड ७५ लाख ३५ हजार रुपैयाँको भएको भन्सार विभागको तथ्यांकमा देखिन्छ। गत आवभर उक्त नाकाबाट ८५ अर्ब २३ करोड २३ लाख ६० हजारको आयात र दुई अर्ब चार करोड ५२ लाख ६१ हजार रुपैयाँबराबरको निर्यात भएको थियो।



रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारी भन्छन्-



लेन्देखोला बेलिब्रिज निर्माणको काम अन्तिम चरणमा पुगेको छ। चिनियाँ पक्षले तिहारअघि नै पुल निर्माण गर्ने गरी काम गरिरहेको देखिन्छ। तिहारआसपासमा बेलिब्रिजको निर्माण सकिन्छ, त्यससँगै रसुवागढी-केरुङ नाका पनि सञ्चालनमा आउनेछ। बाढीपहिरोले स्याफ्रुबेंसी-रसुवागढी सडकखण्ड अवरुद्ध भएको छ। यद्यपि, बेलिब्रिज निर्माण भइसक्दा अवरुद्ध सडक पनि खुला हुनेछ।

एक महिनादेखि योजना आयोग नेतृत्वविहीन

ओली सरकारको बहिर्गमनसँगै तत्कालीन उपाध्यक्ष र सदस्यहरू स्वतः पदमुक्त भए, प्रधानमन्त्री सुशीला कार्कीले सरकार गठनको एक महिना बितिसक्दासमेत आयोग गठन गरेकी छैनन्



कृष्ण रिजाल/नयाँ पत्रिका

२३ र २४ भदौको जेन-जी आन्दोलनबाट केपी ओली नेतृत्वको सरकार ढलेसँगै राष्ट्रिय योजना आयोगसमेत उपाध्यक्ष र सदस्यविहीन बनेको छ। प्रधानमन्त्री अध्यक्ष रहने आयोगमा उपाध्यक्ष र सदस्यहरू नियुक्ति गर्ने प्रावधान छ। तर, प्रधानमन्त्री एवं आयोग अध्यक्ष सुशीला कार्कीले सरकार गठन भएको एक महिना बित्दासमेत उपाध्यक्ष र सदस्यहरू नियुक्ति गर्न सकेकी छैनन्।

राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०७६ ले आयोगका उपाध्यक्ष र सदस्यहरूको पदावधि पाँच वर्षको हुने निर्धारण गरेको छ। गठन आदेशले सरकारले चाहेका वेला उपाध्यक्ष र सदस्य फेर्न सक्ने व्यवस्थासमेत गरेको छ। तर, गठन आदेशले पाँच वर्षको अवधि तोके पनि सरकार फेरिएसँगै आयोगका उपाध्यक्ष र सदस्यहरू फेरिने गरिएको छ। ओलीको बहिर्गमनसँगै तत्कालीन उपाध्यक्ष प्राडा शिवराज अधिकारी र सदस्यहरू स्वतः पदमुक्त भएको तत्कालीन एक सदस्यले बताए। उनले भने, 'हामीले राजीनामा गरेका होइनौं, तत्कालीन अध्यक्ष अर्थात् प्रधानमन्त्री नै नरहेपछि उपाध्यक्ष र सदस्यहरू रहने कुरै रहेन, हामी स्वतः पदमुक्त भएको हाम्रो बुझाइ हो।'

आयोगका विषयमा अहिले केही निर्णय नभएको अर्थमन्त्री रामेश्वर खनालले बताए। 'यस विषयमा अहिलेसम्म गम्भीर छलफल छैन,' उनले भने। सरकारले खर्च कटौतीको नीति लिएको छ। चुस्त मन्त्रिपरिषद बनाउने, चालू खर्च कटौती गर्ने, साना आयोजना तल्ला तहमा पठाउनेजस्ता नीति लिएको छ।

योजना आयोगका प्रवक्ता हरिशरण पुडासैनीले अहिले आयोग नरहेको बताए। यद्यपि, सचिवालयले काम गरिरहेको उनले जानकारी दिए। 'दैनिक, प्रशासनिक एवं आवश्यक अन्य काम भइरहेका छन्, उपाध्यक्ष एवं सदस्यहरू नरहेको भए पनि काम नै रोकिएका छैनन्,' उनले भने, 'यद्यपि, राजनीतिक तथा नीतिगत तहका काम भने भएका छैनन्।'

सचिवालयले आयोग गठनका लागि अर्थमन्त्रीमार्फत सरकारलाई आग्रह गरेको उनले बताए। 'हामीले आयोग गठनको मागचाहिं गरेका छौं, आयोग भएको भए नीतिगत निर्णयमा अझ सहज हुने थियो,' उनले भने।

विगतदेखि नै योजना आयोगको औचित्यमाथि प्रश्नसमेत उठ्दै आइरहेको छ। तर, तीनै तहका सरकारको स्रोत र खर्चको अनुमानदेखि विकासका समस्या समाधान र अनुगमनमा कानुनले उपाध्यक्ष खोज्छ। आयोगका उपाध्यक्ष नै राष्ट्रिय स्रोत अनुमान समितिको संयोजक रहने कानुनी व्यवस्था रहेको छ। प्रधानमन्त्री नेतृत्वको राष्ट्रिय विकास परिषद्को उपाध्यक्ष पनि योजना आयोगकै उपाध्यक्ष रहने प्रावधान छ। त्यस्तै, राष्ट्रिय विकास समस्या समाधान समितिमा पनि उपाध्यक्ष रहने व्यवस्था छ।

'यो चुनावी सरकार हो, यसको ध्यान चुनावमा केन्द्रित हुनुपर्ने भएकाले योजना आयोगमा उपाध्यक्ष र सदस्यहरू नियुक्त नगर्ने सरकारको मनसाय हुन सक्छ, एउटा दृष्टिकोणबाट यो ठीक पनि हो,' आयोगका एक पूर्वउपाध्यक्षले भने, 'तर, अर्थतन्त्रसँग सम्बन्धित थुप्रै कानुनले आयोग र उपाध्यक्षको भूमिका खोज्छ।'

■ स्रोत र खर्चको सीमा अनुमान गर्ने समिति नेतृत्वविहीन

आयोगका उपाध्यक्ष नहुँदा स्रोत र खर्चको सीमा अनुमान गर्ने समिति पनि नेतृत्वविहीन भएको छ। योजना आयोगका उपाध्यक्ष नै राष्ट्रिय स्रोत अनुमान समितिको संयोजक रहने कानुनी व्यवस्था रहेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ ले स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ। यसका लागि योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने व्यवस्था गरिएको छ। उपदफा १ मा भनिएको छ, 'योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्नेछ।' स्रोत अनुमान समितिले तयार गरेको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारणसम्बन्धी प्रतिवेदन ७ फागुनभित्र अर्थमन्त्रीसमक्ष पेस गर्नुपर्ने व्यवस्थासमेत छ।

योजना आयोगको उपाध्यक्ष संयोजक रहने राष्ट्रिय स्रोत अनुमान समितिका सदस्यहरूमा आयोगकै सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने), नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ मन्त्रालयका सचिव र महालेखा नियन्त्रक रहने व्यवस्था छ। त्यस्तै, सदस्य सचिव भने योजना आयोगका सदस्य सचिव नै रहने उल्लेख छ। समितिले आर्थिक परिसूचक, आगामी आर्थिक वर्षहरूमा उपलब्ध हुन सक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋणलगायत संघीय सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ठ भई स्रोतको र चालू वर्षको मध्यमकालीन खर्च संरचनालाई समेत दृष्टिगत गरी समिष्टगत आर्थिक स्थायित्वमा प्रतिकूल असर नपर्ने गरी खर्चको अनुमान गर्नुपर्ने कानुनी व्यवस्था छ।

Request for Proposals

First Published Date: 13/10/2025

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies to conduct Vulnerability Assessment and Penetration Testing (VAPT) services.

Terms and Conditions:

1. Eligibility Criteria:
   - A registered legal entity incorporated under relevant act of their respective country.
   - The bidder must ensure that all professionals proposed for deployment in this project possess a valid VAPT-related certification (such as OSCP, OCSE, CEH, CompTIA PenTest+, CPT, or an equivalent recognized certification).
   - The bidder should have performed VAPT service in Banks and Financial Institutions (BFIs). Only completed/ On-going/ initiated projects would be considered for evaluation.
   - Not have been criminally prosecuted/blacklisted by any authority, Bank and financial Institution mainly on fraud, money laundering or any other act prohibited by law.
2. RFP documents with detailed Scope of works, Terms & Conditions can be received upon submission of a request letter in the official company letterhead along with proof of deposit of **non-refundable application fee of NPR 5,000/- (In words: NPR. Five Thousand Only) to the bank.** Companies in Nepal are requested to physically visit the bank to submit the request letter along with proof of deposit and collect the RFP document from the **Administration Department, 4th floor, Ghantaghar building, Kathmandu, Nepal.** Whereas, Companies outside of Nepal can email their request letter along with proof of deposit to **admin@nabilbank.com** to request the RFP document.

a. **In case service provider firm/companies are from Nepal,** deposit of NPR. 5,000/- is to be made in any of the following bank account:

A/C Name: Miscellaneous Deposit Receipt
A/C Number: 93254001006
Bank: Nabil Bank Limited, Head Office
Bank BIC (Swift code): NARBNPKA (for international transfers)
Purpose of Deposit/Transfer: <<Bid REF code>> <<Bidder's Name>>

b. **In case service provider firm/companies are from India,** deposit of INR equivalent to NPR. 5,000/- is to be made in any one of the following bank accounts:

Standard Chartered Bank Ltd., Kolkata	ICICI Bank Ltd., Mumbai	Axis Bank Ltd., Silgudi
A/C Name: Nabil Bank Ltd. A/C No. 33105139469 SWIFT code: SCBLINBB IFSC code: SCBL0036001	A/C Name: Nabil Bank Ltd. A/C No. 000405075236 SWIFT code: ICICINBB IFSC code: ICIC0000004	A/C Name: Nabil Bank Ltd. A/C No. O35010200025230 SWIFT Code: AXISINBB IFSC code: UTIB0000035

c. **In case service provider firm/companies are from countries other than India,** deposit of USD equivalent to NPR. 5,000/- to be made in any one of the following bank accounts:

Standard Chartered Bank Ltd., New York, USA	Mashreq Bank Ltd., New York, USA
A/C Name: Nabil Bank Ltd. A/C No. 3582021695001 SWIFT code: SCBLUS33	A/C Name: Nabil Bank Ltd. A/C No. 70010135 SWIFT code: MSHQUS33

3. The Physical copy of Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, **Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than **4:00 PM, 11th November, 2025 i.e. 25th of Kartik 2082.** Bid documents received after this deadline will not be accepted.
4. In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for bid opening day as well.
5. The received Bids shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11:00. A.M. on 12th November, 2025 i.e. 26th of Kartik 2082.** Non-attendance of any or all the bidder's representatives shall not hinder the opening of the bid.
6. The Bank reserves the ultimate rights to accept/ reject any proposals and shall not be required to disclose any reason whatsoever.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871

बढेन लगानीकर्ताको मनोबल

नेप्से परिसूचक एकै दिनमा ७८.८३ अंकले घट्यो, ६ अर्ब ७० करोडको कारोबार

काठमाडौं/ सेयर बजारमा तगारोका रूपमा लिइएको सेयर धितो कर्जाको सीमा खारेजीले पनि लगानीकर्ताको मनोबल बढाउन सकेन। बजार परिसूचक घट्न थालेसँगै नेपाल राष्ट्र बैंकले एकल ग्राहक कर्जाअन्तर्गत सेयर धितो कर्जाको अधिकतम २५ करोड रुपैयाँको सीमा हटाएको थियो। तर, राष्ट्र बैंकको पहललाई आइतबारको बजारले पत्याएन। आइतबार परिसूचक ७८.८३ अंकले घटेर २५०३.३५ विन्दुमा रोकिएको छ।

लगानीकर्ताको मनोबल कमजोर बनेसँगै बैंकिङदेखि जलविद्युत् र पर्यटनसम्म सबै क्षेत्रमा नकारात्मक प्रभाव परेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार होटेल तथा पर्यटन समूहको परिसूचक सबैभन्दा बढी ४.८४ प्रतिशतले घटेको छ। त्यसपछि अन्य समूहको परिसूचक ४.७९ प्रतिशतले घटेर दोस्रो स्थानमा छ। त्यस्तै, हाइड्रोपावर ३.७९ प्रतिशत, फाइनान्स ३.६७ प्रतिशत, डेभलपमेन्ट बैंक २.९३ प्रतिशत, माइक्रोफाइनान्स २.८८ प्रतिशत र व्यापार २.८५ प्रतिशतले घटेका छन्।

जीवन बिमा समूहको परिसूचक २.५५ प्रतिशत, निर्जीवन बिमा २.३२ प्रतिशत, बैंकिङ २.३ प्रतिशत र म्यानुफ्याक्चरिङ तथा प्रोसेसिङ १.९४ प्रतिशतले घटेका छन्। तुलनात्मक रूपमा सबैभन्दा कम गिरावट म्युचुअल फन्डमा देखिएको छ। यो समूहको परिसूचकमा ०.९९ प्रतिशतको कमी आएको छ। कुल ६ अर्ब ७० करोड रुपैयाँको कारोबार भएको छ। सर्वाधिक कारोबार हुनेमा नेपाल पुनर्बिमा कम्पनी र एनएलजी इन्स्योरेन्स कम्पनी छन्। कुल बजार पुँजीकरण ४१ खर्ब ८४ अर्ब रुपैयाँ कायम छ।

५४ मेगावाटको माथिल्लो भोटेकोशी खुल्यो

स्थानीयलाई १० प्रतिशत सेयर दिने सहमतिपछि एक महिनादेखि बन्द पावरहाउस सञ्चालनमा

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

४५ मेगावाट क्षमताको माथिल्लो भोटेकोशी कम्पनी आइतबार बेलुकाबाट सञ्चालनमा आएको छ। उत्पादन क्षेत्र भोटेकोशी गाउँपालिका र प्रत्यक्ष प्रभावित स्थानीयलाई १० प्रतिशत सेयर उपलब्ध गराउने सहमति भएपछि एक महिनादेखि बन्द पावरहाउस खुलेको हो। जेन-जी आन्दोलनपछि भोटेकोशीका स्थानीयले जेन-जीको नाममा विद्युत्गृहको पावरहाउस बन्द गरेका थिए। पावरहाउस बन्द भएपछि प्रतिकित्ता सेयर एक सय हुने गरी उत्पादन क्षेत्र भोटेकोशी गाउँपालिकाभित्रका प्रभावित स्थानीयलाई १० प्रतिशत सेयर दिन कम्पनी सहमत भएको भोटेकोशी गाउँपालिका प्रमुख पासाङ नुर्पु शेर्पाले जानकारी दिए।

सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाको रोहबरमा आइतबार दिउँसो कम्पनीका प्रतिनिधि, गाउँपालिका जनप्रतिनिधि, जेन-जी प्रतिनिधि र स्थानीय अगुवासहितको सर्वपक्षीय बैठकले सेयरबारे सहमति जुटाएको हो। एक महिनादेखि पावरहाउस बन्द हुँदा ३० करोडभन्दा धेरै आम्दानी गुमेको अपर भोटेकोशी पावर कम्पनी लिमिटेडका सहायक महाप्रबन्धक बबिन प्रधानले जानकारी दिए।

उत्पादन सुरु भएको २५ वर्षपछि कम्पनीले स्थानीयलाई सेयर प्रदान गरेको छ। यसअघि ०७१ पुसमा राजनीतिक दलसँग ६ प्रतिशत सेयर दिने सहमति भएको थियो। यद्यपि, प्राकृतिक विपत्तिको कारणले सेयरको विषय स्थगित भएको थियो।



संघर्ष गरेर स्थानीय बासिन्दाले सेयर प्राप्त गर्न सफल भएको जेन-जी प्रतिनिधि फुर्पा शेर्पाले बताए। आयोजनामा सुरुमा ८५ प्रतिशत सेयर लगानी अमेरिकन कम्पनी पान्डा इनर्जीले गरेको थियो। हाल नेपाली व्यवसायी सिद्धार्थशमशेर राणाको तारा म्यानेजमेन्ट कम्पनीले खरिद गरेको छ।

विद्युत् कम्पनी रहेको स्थान भोटेकोशी वडा नं ३ का वडाध्यक्ष निमासोना शेर्पाले भोटेकोशी पावर कम्पनीले दिने सेयरबाट स्थानीय लाभान्वित हुने बताए। विगतमा भएको सम्झौताअनुसार पाँच वर्षपछि यो जलविद्युत् कम्पनी नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ।

नबिल एसएसईको नयाँ समूहका लागि आवेदन खुला

काठमाडौं/ नबिल बैंकले नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप (नबिल एसएसई)अन्तर्गत फेलोसिप र सर्टिफिकेट कोर्सको नयाँ समूहका लागि आवेदन आह्वान गरेको छ। सामाजिक उद्यमशीलता प्रवर्द्धन गर्ने लक्ष्यसहित सुरु गरिएको यस कार्यक्रममा उद्यमशीलतामार्फत समाजमा सकारात्मक योगदान पुऱ्याउने सोच भएका व्यक्तिहरू सहभागी हुन सक्नेछन्। १८ वर्ष उमेर पूरा भएका इच्छुक नेपालीले आगामी २८ कात्तिकसम्म आवेदन दिन सक्ने बैंकले जनाएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले यसपटकदेखि नबिल एसएसई कार्यक्रमलाई मुलुकको विकास, गरिबी निवारण र सशक्तीकरणको लक्ष्यसहित गरिब र विपन्न वर्गलाई केन्द्रित गरिएको बताए।



'मुलुकको विकासप्रति हाम्रो प्रतिबद्धता पूरा गर्नका लागि सामाजिक उद्यमीको सशक्तीकरण सबैभन्दा प्रभावकारी माध्यम बनेको छ,' उनले भने। नबिल एसएसईअन्तर्गतका कार्यक्रम उपलब्ध स्रोतलाई रणनीतिक रूपमा परिचालन गर्दै पछाडि पारिएका समुदायसम्म पुग्न तथा वित्तीय नवप्रवर्तन गर्दै समावेशी विकास र रोजगारी सिर्जनामा केन्द्रित भएको बताए। नबिल एसएसईअन्तर्गत दुईवटा कार्यक्रम फेलोसिप र सर्टिफिकेट कोर्स छन्। बैंकका अनुसार हाल नबिल एसएसईको फेलोसिप कोर्सको छैटौं समूहका लागि आवेदन खुलाइएको हो। ६ महिना अवधिको यो कार्यक्रम त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकायसँगको सहकार्यमा सञ्चालन भइरहेको छ। बैंकका अनुसार नबिल एसएसईका दुवै कार्यक्रममा सहभागी हुन चाहनेले नबिल बैंकको वेबसाइट, नबिल एसएसईको सोसल मिडियामार्फत आवेदन दिन सक्नेछन्।

फेलोसिप कार्यक्रम स्टार्टअप तथा नवीनतम आइडियामा काम गरिरहेका सामाजिक उद्यमीलाई लक्षित गरिएको छ। जसमा सहभागीले ६ महिनासम्म विश्वस्तरीय प्रशिक्षण र मेन्टरसिप पाउनेछन्। साथै, नेटवर्क विस्तार, वित्तीय पहुँच सुविधा पनि पाउनेछन्। फेलोसिपअन्तर्गत हालसम्म ७६ जना सहभागी भई ६२ उद्यम सञ्चालन भइरहेका छन्। त्यसैगरी सर्टिफिकेट कोर्स सातवटै प्रदेशमा सञ्चालित छन्।

ग्लोबल आइएमई बैंकद्वारा आठ प्रतिशत नगद लाभांश घोषणा

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले गत आर्थिक वर्षको मुनाफाबाट सेयरधनीलाई दिने लाभांश घोषणा गरेको छ। बैंकले हाल कायम चुक्ता पुँजीको आठ प्रतिशत नगद लाभांश (करसहित) वितरण गर्ने प्रस्ताव गरेको हो।

उक्त प्रस्ताव नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई बैंकको आउँदो साधारणसभाबाट पारित भएपछि बैंकले सेयरधनीलाई वितरण गर्नेछ। बैंकका देशभरका तीन सय ५२ शाखा कार्यालय, तीन सय ८४ एटिएम, एक सय ५५ शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरबाट सेवा दिँदै आएको छ।

सामसङको 'तिहारको मुड, सबै गुड' अफर

काठमाडौं/ सामसङ नेपालले तिहारलक्षित अफर 'तिहारको मुड, सबै गुड' सार्वजनिक गरेको छ। यो अफरले ग्राहकलाई क्यासब्याक, एक्सचेन्ज बोनसका साथै लक्की ड्रमार्फत साप्ताहिक तथा बम्पर पुरस्कार जित्ने अवसर प्रदान गर्ने कम्पनीको भनाइ छ।



अफर २६ असोजदेखि ३० कात्तिकसम्म देशभरका अधिकृत सामसङ विक्रेताहरूमा लागू हुने बताइएको छ। अफर अवधिभर ग्राहकले सामसङका टिभी, फ्रिज र वासिङ मेसिन किन्दा आकर्षक छुटका साथ नयाँ भर्सनका उत्पादनहरू किन्न सक्नेछन्। जसमा टिभी किन्दा ३५ प्रतिशतसम्म क्यासब्याक पाइनेछ भने एक्सचेन्ज बोनस पाँच हजारसम्म पाइनेछ।

त्यसैगरी, फ्रिजमा १९ प्रतिशत क्यासब्याक र ६ हजार रुपैयाँको एक्सचेन्ज बोनस तथा वासिङ मेसिनको खरिदमा २४ प्रतिशत क्यासब्याक र ७ हजारसम्म एक्सचेन्ज बोसन पाउन सकिने कम्पनीले जनाएको छ।

त्यसैगरी, साप्ताहिक र बम्पर पुरस्कारमा ग्राहकले टिभी, फ्रिज र वासिङ मेसिन किन्दा साप्ताहिक पुरस्कारमा क्रमशः साउन्डबार, २३ लिटर माइक्रोवेभ ओभन पाउनेछन् भने बम्पर पुरस्कारमा क्रमशः ३५ लिटर बिस्पोक एआई फ्रिज, नौ केजी फ्रन्ट लोड वासिङ मेसिन र ६५ इन्चको युएचडी टिभी जित्न सक्नेछन्। यो अफरमा सहभागी हुन सामान किनेपछि उत्पादनको सिरियल नम्बर एसएमएसमार्फत पठाउनुपर्ने कम्पनीले जनाएको छ।

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

सिलगढी,डोटी

ठेक्का सम्झौता अन्त्य किन नगर्ने सम्बन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०६/२७

यस दिपायल सिलगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका तपसिलमा उल्लेखित ठेक्काको न्यून कार्य प्रगति भएको, म्याद समाप्त भएको र बाह्य समस्या बिना लामो समयसम्म निर्माण कार्य रोकिएको निर्माण कार्य अगाडी बढाउन विभिन्न मितिमा लिखित तथा मौखिक ताकेता गर्दा समेत सन्तोषजनक कार्य प्रगति नभएको, निर्माण कार्य प्रगति गराउन तथा Revised Work Schedule पेश गर्ने सम्बन्धी कार्यालयको पत्र/सूचनालाई समेत बेवास्ता गरि निर्माण कार्य सम्पन्न नगरेको तथा निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र ठेक्का सम्झौताको शर्त बमोजिम ठेक्का सम्झौता अन्त्य किन नगर्ने ? ठेक्का सम्झौता अन्त्य गर्न नपर्ने कुनै मनासिब कारण भएमा २१ (एक्काइस) दिन भित्र भरपर्दो कार्यतालिका र विश्वसनीय स्पष्टीकरण सहित आधिकारिक व्यक्तिहरू यस कार्यालयमा उपस्थित हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ, समयमा उपस्थित भई स्पष्टीकरण पेश नगरेमा वा प्राप्त स्पष्टीकरण चित्तबुझ्दो नभएमा ठेक्का सम्झौताको शर्त तथा प्रचलित ऐन नियम बमोजिम कानूनी कारबाहीको प्रकृया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

सि.नं	ठेक्का नं.	ठेक्काको नाम/ ठेक्काको विवरण	निर्माण व्यवसायीको नाम
१	NCB/DSNP/02/080/081	नगर अस्पताल आयोजना निर्माण कार्य	इन्द्रायणी बिल्डर्स काठमाडौं, नेपाल
२	NCB/DSNP/07/077/078	तिखा खानेपानी निर्माण आयोजना	चन्द निर्माण सेवा एण्ड सप्लाएर्स

प्रमुख प्रशासकीय अधिकृत

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

सल्यानटार, धादिङ
वागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८२/०६/२७

यस त्रिपुरासुन्दरी गाउँपालिकाबाट मिति २०८२/०५/२३ गते प्रकाशित सूचना अनुसार E-Bid मार्फत बोलपत्र आह्वान गरिएको मा उक्त कार्यका लागि पेश हुन आएका बोलपत्रदाताहरूको बोलपत्र मूल्याङ्कन गर्दा सारभुत रूपमा प्रभावग्राही तपशीलको बोलपत्र स्वीकृत गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र सार्बजनिक खरिद नियमावली २०६४ को नियम ५४ (क) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

क्र.स.	ठेक्का नं.	कामको विवरण	प्रस्तावपत्रदाताको नाम	कबोल रकम मु.अ.कर समेत रु.
1	TRM/DHADING/WORKS/NCB-07/2082/083	Narshing Dham Truss Structure Continuous Works	Laxmi Nirman Sewa, Nilkantha-13, Dhading	२२,४०,९०१.१५

प्रमुख प्रशासकीय अधिकृत

एनएमबि बैंक लिमिटेड, बबरमहलको
गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८२।०६।२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८२।०७।११ (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरणः

१. ऋणीको नामः अनन्त खाद्य उद्योग प्रा. लि. **कर्जा शिर्षक :** ओभरड्राफ्ट सुविधा, अपरिवर्त्य प्रतितपत्र, ट्रष्ट रिसिप्ट कर्जा, बैंक जमानत, डिमाण्ड कर्जा, आवधिक चालुपूंजी कर्जा र आवधिक कर्जा

(नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: १६३१८१/०७३/०७४, दर्ता मितिः २०७३/१०/२३, स्थायी लेखा नं.: ६०६००३७०६, ठेगानाः सुनसरी जिल्ला, दुहवी न.पा., वडा नं. ४।

सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुः

क. कृष्ण कुमार अग्रवालः ना.प्र.प.नं (जारी मिति/स्थान): ३३५/४१४९२ (२०३४/०४/११/काठमाडौं), बाजेको नामः जवाहर मल अग्रवाल, बाबुको नामः रामेश्वर लाल अग्रवाल, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२।

ख. मन्जु अग्रवालः ना.प्र.प.नं(जारी मिति/स्थान): ९७६०४/१२८०४(२०४६/०४/२५/सुनसरी), बाबुको नामः माहाविर प्रसाद गुप्ता, ससुराको नामः रामेश्वर लाल अग्रवाल, पतिको नामः कृष्ण कुमार अग्रवाल, ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ५।

ग. अनन्त अग्रवालः ना.प्र.प.नं (जारी मिति/स्थान): १५७२९/१६२३२/०४४(२०५८/०२/३०/सुनसरी), बाजेको नामः रामेश्वर लाल अग्रवाल, बाबुको नामः कृष्ण कुमार अग्रवाल, ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२।

व्यक्तिगत जमानतकर्ताः

बसन्त कुमार चौधरीः ना.प्र.प.नं (जारी मिति/स्थान): २७ १०६०/८४४०८ (२०६८/०५/०६/काठमाडौं), बाजेको नामः भुरामल चौधरी, बाबुको नामः लूनकरण दास चौधरी, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२।

लिलाम हुने धितोको विवरणः

जवाहर मल अग्रवालको नाति, रामेश्वर लाल अग्रवालको छोरा, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२ बस्ने **कृष्ण कुमार अग्रवाल**को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरुः

क. सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ५ स्थित कि.न. ६१ को क्षेत्रफल ०-०-११-० बिगाहाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

ख. सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. २ स्थित कि.न. ३०७ को क्षेत्रफल ०-०-१०-० बिगाहाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

२. ऋणीको नामः के एस के ट्रेड सप्लायर्स **कर्जा शिर्षकः** क्यास क्रेडिट र सवारी साधन कर्जा

(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रूपन्देहीमा दर्ता रहेको), दर्ता नं.: ४३९३७/०७५/७६, दर्ता मितिः २०७५/१२/१९, स्थायी लेखा नं.: ६१०७१२२८१, ठेगानाः रूपन्देही जिल्ला, मायादेवी गा.पा., वडा नं. ७।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः

ववलु भरः ना.प्र.प.नं (जारी मिति/स्थान): १७४९(२०५६/१०/२१/रूपन्देही), बाजेको नामः मगरू भर, बाबुको नामः सुखराज भर, ठेगानाः रूपन्देही जिल्ला, हाटी बनगाई गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, मायादेवी गा.पा., वडा नं. ७।

व्यक्तिगत जमानतकर्ताहरूः

क. वृजेश भरः ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-७६-०३७२०(२०७६/०३/०२/रूपन्देही), बाजेको नामः सुखराज भर, बाबुको नामः ववलु भर, ठेगानाः रूपन्देही जिल्ला, मायादेवी गा.पा., वडा नं. ७।

ख. कौशिल्या भरः ना.प्र.प.नं (जारी मिति/स्थान) : ३७१०७१/१२९३४(२०६९/०२/०८/रूपन्देही), बाबुको नामः सत्यनारायण भर, ससुराको नामः सुखराज भर, पतिको नामः ववलु भर, ठेगानाः रूपन्देही जिल्ला, हाटी बनगाई गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, मायादेवी गा.पा., वडा नं. ७।

लिलाम हुने धितोको विवरणः

धनी एनएमबि बैंक लि./ऋणी **के एस के ट्रेड सप्लायर्स**को नाममा लुम्बिनी प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

सवारीसाधनको विवरणः

कम्पनीः सामे डयूज फार लि. भारत, मोडलः AGROMAX 45 ट्रेक्टर, सवारी दर्ता नं.: लु ४ त ७३३४, बनेको सालः २०२०, च्यासिस नं.:DE15280E19, इन्जिन नं.: 3B48836E19

३. ऋणीको नामः सरोज एग्रो **कर्जा शिर्षकः** क्यास क्रेडिट

(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा दर्ता रहेको), दर्ता नं. ७०८१/७८१/९३/६३, दर्ता मितिः २०७५/११/३०, स्थायी लेखा नं. ६०९३७३४५१, ठेगानाः रौतहट जिल्ला, कटहरीया गा.वि.स./न.पा. वडा नं. ५।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः

संजय प्रसाद जैसवालः ना.प्र.प.नं (जारी मिति/स्थान): ३२-१-६९-४११७(२०६९।०५।१४/रौतहट) ,बाजेको नामः हिरालाल साह कलवार, बाबुको नामः विन्देश्वरी साह कलवार, ठेगानाः रौतहट जिल्ला, कटहरीया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ५।

व्यक्तिगत जमानतकर्ताहरुः

क. अमिरखा देवीः ना.प्र.प.नं (जारी मिति/स्थान): ५६६८-१६७४(२०४५।०१।२५/रौतहट) ,बाबुको नामः गेना साह कल्वार, ससुराको नामः हिरालाल साह कलवार, पतिको नामः विन्देश्वरी साह कलवार, ठेगानाः रौतहट जिल्ला, कटहरीया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ५।

ख. नन्द किशोर प्रसाद जैसवालः ना.प्र.प.नं (जारी मिति/स्थान): ३२-०१-६९-०४०४९(२०६९।०५।१२/रौतहट) ,बाजेको नामः हिरालाल साह कलवार, बाबुको नामः विन्देश्वरी साह कलवार, ठेगानाः रौतहट जिल्ला, कटहरीया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ५।

ग. विन्देश्वरी साह कलवारः ना.प्र.प.नं (जारी मिति/स्थान): १०८६-१०७८(२०४२।०९।०४/रौतहट), बाजेको नामः नेवलाल साह कलवार, बाबुको नामः हिरालाल साह कलवार, ठेगानाः रौतहट जिल्ला, कटहरीया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ५।

घ. मनोज कुमार साहः ना.प्र.प.नं (जारी मिति/स्थान): ५०७६(२०६३।०२।१८/रौतहट) ,बाजेको नामः हिरालाल साह कलवार, बाबुको नामः विन्देश्वरी साह कलवार, ठेगानाः रौतहट जिल्ला, कटहरीया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ५।

ङ. सिमा कुमारीः ना.प्र.प.नं (जारी मिति/स्थान): ३२-०१-७९-११५०३(२०७९।१०।२९/रौतहट) ,बाबुको नामः जितनारायण सा कलवार, ससुराको नामः विन्देश्वरी साह कलवार, पतिको नामः मनोज कुमार साह, ठेगानाः रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ५।

लिलाम हुने धितोको विवरणः

गेना साह कल्वारको छोरी, हिरालाल साह कलवारको बुहारी, विन्देश्वरी साह कलवारको पत्नी, रौतहट जिल्ला, कटहरीया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ५ बस्ने **अमिरखा देवी**को नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, कटहरीया गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.न. ६०५ र १३०६ को क्षेत्रफल क्रमशः ०-०-७-० र ०-०-१३-० विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम विक्री गरिने ३५ (पैतिस) दिने सार्वजनिक सूचना


प्रकाशित मिति : २०८२/०६/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ व्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक, लिखित पत्राचार तथा एसएमएसबाट बारम्बार तारताकेता गर्दा समेत वेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको साँवा व्याज चुक्ता/भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना र ३५ दिने धितो लिलाम सम्बन्धि सुचना प्रकाशित गर्दा समेत कर्जाको साँवा व्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पूर्ण शर्त/बन्देज तथा सम्झौताहरू उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि **पुनः ३५ (पैतिस) दिने धितो लिलाम सम्बन्धि सूचना** प्रकाशित गरिएको छ। तपसिल बमोजिमको धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य सघं संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा, बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरि **यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको** कर्जा असुलि विभागमा आइपुग्ने गरी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। साथै लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम विक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०८१ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।


तपसिल

१. ऋणी तथा व्यक्तिगत जमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री अन्जु अर्याल
पति : राजेन्द्र कुमार बस्नेत
ससुरा : श्याम कृष्ण बस्नेत
ना.प्र.नं. : ४३५६
जारी मिति : २०४९/०९/२४ (काठमाण्डौं)
ठेगाना : काठमाण्डौं जिल्ला का.म.न.पा.वडा नं. १४, स्थायी ठेगाना भएकी।



व्यक्तिगत धनजमानिकर्ता : श्री राजेन्द्र कुमार बस्नेत
बाबु : श्याम कृष्ण बस्नेत
बाजे : राम कृष्ण बस्नेत
ना.प्र.नं. : ३८३८
जारी मिति : २०४४/०३/०२ (धादिङ)
ठेगाना : धादिङ जिल्ला नौबिसे गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा.वडा नं. १४, बस्ने।



धितोको विवरण

- ❖ अन्जु अर्याल बस्नेतको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला बाडभञ्ज्याङ गा.वि.स.वडा नं. २, नक्सा सिट नं. २ख स्थित कित्ता नं. ३३६ को जम्मा क्षेत्रफल ६०४.१३ (१-३-०-० रोपनी) बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।
- ❖ अन्जु अर्यालको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला बाडभञ्ज्याङ गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २ख स्थित कित्ता नं. ३३७ को जम्मा क्षेत्रफल ३८१.५६ (०-१२-०-० रोपनी) बर्गमिटरको पुरा जग्गा र सो जग्गामा बनेको घरसहित सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणी तथा व्यक्तिगत जमानिकर्ताको नाम र ठेगाना


ऋणी : श्री अमन श्रेष्ठ
बाबु : गुरु श्रेष्ठ
बाजे : सिंह बहादुर श्रेष्ठ
ना.प्र.नं. : १०४९
जारी मिति २०५७/०४/१३ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला महादेबस्थान गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल का.म.न.पा.वडा नं ११ बस्ने।




व्यक्तिगत धनजमानिकर्ता : श्री मुना श्रेष्ठ
पति : अमन श्रेष्ठ
ससुरा : गुरु श्रेष्ठ
ना.प्र.नं. : ८५३४
जारी मिति : २०६०/०९/०३ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला महादेबस्थान गा.वि.स.वडा नं. ५, स्थायी ठेगाना भई हाल का.म.न.पा.वडा नं ११ बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : श्री राम श्रेष्ठ
बाबु : गुरु श्रेष्ठ
बाजे : सिंह बहादुर श्रेष्ठ
ना.प्र.नं. : १५६८३
जारी मिति : २०५९/०२/२२ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला महादेबस्थान गा.वि.स.वडा नं. ५, स्थायी ठेगाना भई हाल का.म.न.पा.वडा नं ११ बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : श्री अपर्णा महर्जन
पति : राम श्रेष्ठ
ससुरा : गुरु श्रेष्ठ
ना.प्र.नं. : १०६०/७०२६३
जारी मिति : २०६७/०९/२३ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. २९, स्थायी ठेगाना भई हाल का.म.न.पा.वडा नं ११ बस्ने।



धितोको विवरण

- ❖ अमन श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. १४, नक्सा सिट नं.१०२११४२११ स्थित कित्ता नं.३९० को जम्मा क्षेत्रफल १०७.२९ बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
- ❖ राम श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. १४, नक्सा सिट नं.१०२११४२११ स्थित कित्ता नं.३८९ को जम्मा क्षेत्रफल १०७.२९ बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरू

१. लिलाम विक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवाकेन्द्र कार्यालयहरू बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ।
२. लिलाम विक्री सम्बन्धि सम्पूर्ण शर्त/बन्देजहरू बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
४. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउँसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौंमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पूर्ण शर्त लागु हुनेछ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ।

पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम विक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम विक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति, समय र स्थान
२०८२/०७/३० गते कार्यालय समय सम्म	२०८२/०८/०१ गते सोमबार केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं दिउँसो ३ बजे

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था

IME Co-operative
IME Co-operative Service Ltd.
आईएमई को-अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601, 5339602
info@imecsl.com
www.imecsl.com

Biratnagar : 021-524540
Nepalgunj: 081550708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-528864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-562184
Gongabu : 01-4364761
Butwal : 071-546585
Dhangadhi: 091-590581
Baglung: 068-524280

का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७०
सोमबार २७ असोज ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

आइसिसी टी-२० विश्वकप छनोट

एक रनको रोमाञ्चक जित

युएईलाई अन्तिम ३ बलमा ३ रन आवश्यक रहेको अवस्थामा नेपालले हरेक बलमा विकेट लिँदै निकाल्यो सनसनीपूर्ण जित

रमेश सुवेदी / नयाँ पत्रिका

नेपालले आइसिसी पुरुष टी-२० विश्वकपअन्तर्गत एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटको सुपर-६ मा युएईलाई रोमाञ्चक खेलमा १ रनले हराएको छ। सुपर सिक्सको महत्त्वपूर्ण पहिलो खेलमा ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेट गुमाउँदै १४० रनको मध्यम योगफल बनाएको थियो। प्रत्युत्तरमा युएईले २० ओभरमा नौ विकेट गुमाउँदै १३९ रन जोड्दा १ रनले स्तब्ध भयो। जितसँगै नेपाल सुपर सिक्समा ४ अंकका साथ दोस्रो स्थानमा छ। शीर्ष स्थानमा ओमानको पनि ४ अंक नै छ। तर, रनरेटमा ओमान शीर्ष स्थानमा रहेको हो। नेपालले सोमबार कतारविरुद्ध प्रतिस्पर्धा गर्दै छ।

युएईलाई अन्तिम ओभरमा १० रन आवश्यक

अल अमेरात क्रिकेट मैदानमा युएईलाई अन्तिम ओभरमा १० रन आवश्यक थियो। नेपालका कप्तान रोहित पौडेलले अन्तिम ओभरमा दीपेन्द्रसिंह ऐरीलाई बलिङ गर्न दिए। इनिङ्सको १९.३ ओभरमा युएईका परासरले छक्का प्रहार गर्दै खेल नेपालबाट खोस्ने प्रयास गरेका थिए। युएईलाई अन्तिम तीन ३ बलमा ३ रनै आवश्यक रह्यो। यो टी-२० आई फर्म्याटमा सामान्यजस्तै हो। इनिङ्सको १९.४ ओभरमा दीपेन्द्रले परासरलाई ३२ रनमा सन्दीप जोराबाट क्याच आउट पारे। इनिङ्सको १९.५ ओभरमा हैदरलाई जोराले रनआउट गरे। इनिङ्सकै अन्तिम बलमा जाहिद अली २ रन लिने प्रयासमा रनआउट हुँदा नेपालले युएईमाथि सनसनी रूपमा १ रनको जित निकाल्यो। खेलमा उत्कृष्ट प्रदर्शन गरेका दीपेन्द्रसिंह नै म्यान अफ दी म्याच भए। उनले चार ओभरमा २२ रन दिएर तीन विकेट लिए।

दीपेन्द्रले लिए सराफुको महत्त्वपूर्ण विकेट

तेस्रो क्रममा ब्याटिङ गरेका अलिसान सराफु क्रिजमा रहँदा नेपाल दबाबमै थियो। सराफु आवश्यक रनरेटअनुसार ब्याटिङ गर्दै नेपाली बलरमाथि हाबी भइरहे। इनिङ्सको १३औँ ओभरमा दीपेन्द्रसिंहले बलिङ गरेका थिए। सराफुले स्विप गर्ने चक्करमा दीपेन्द्रसिंहबाट क्लिन बोल्ड भए। उनी क्लिन बोल्ड हुँदा नेपाल खेलमा फर्किंयो। सराफुले ४० बलमा तीन चौका र पाँच छक्का प्रहार गर्दै सर्वाधिक ५८ रन बनाए। युएईका ओपनर जोनाथन फिगीले २९ बलमा १९ रन बनाए। दोस्रो विकेटका लागि जोनाथन र एलिसानबिच ५७ बलमा सर्वाधिक ८१ रनको साझेदारी भएको थियो। नेपालका लागि सोमपाल कामी, सन्दीप लामिछाने र गुल्सन झाले समान एक विकेट लिएका थिए।

आसिफको १०औँ अर्धशतक

नेपालको पहिलो ब्याटिङमा ओपनर आसिफ शेखले १०औँ टी-२० अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले ४७ बलमा सर्वाधिक ५१ रनको योगदान दिए। यसक्रममा उनले चार चौका र एक छक्का प्रहार गरे। उनी ध्रुव परासरबाट बोल्ड भए। कुशल भुर्तेलले २६ बलमा समान दुई चौका र छक्कासहित २८ रन बनाए। नेपालले पहिलो विकेटका लागि ५६ रनको साझेदारी गरेको थियो। कप्तान रोहित पौडेलले १९ बलमा एक चौकासहित २० रन जोडे। रोहित र आसिफबिच दोस्रो विकेटका ३९ रनको साझेदारी भएको थियो। बलियो प्रतिद्वन्द्वी युएईविरुद्ध नेपालको मध्यक्रम चल्न सकेन। नेपालले १५.६ ओभरमा तीन विकेट गुमाउँदा १०३ रन बनाएको थियो। बाँकी चार ओभरमा नेपालले ३७ रन जोडेको थियो।

आजका खेल

ओमानविरुद्ध युएई, **समय** : दिउँसो ४:१५
नेपालविरुद्ध कतार, **समय** : ८:४५ राति



अंक तालिका सुपर सिक्स

टोली	खेल	जित	हार	अंक	रनरेट
ओमान	२	२	०	४	१.४९
नेपाल	२	२	०	४	०.४०
युएई	२	१	१	२	०.२५
जापान	१	०	१	०	-०.७८
सामाओ	१	०	१	०	-१.०४
कतार	२	०	२	०	-१.१५

युएईले खेलमा मौका दियो



रोहित पौडेल, कप्तान, नेपाल

युएईसामु १४१ रनको लक्ष्य ठुलो होइन। पहिलो ब्याटिङ गर्दा कम्तीमा १६० रन लक्ष्य दिने योजना थियो। पहिलो इनिङ्समा २० रनले पछि परेजस्तो लाग्छ। युएईका बलरले मध्यतिर रोकेका थिए। जसकारण पछि बाउन्ड्री खासै आएन। यद्यपि, बलिङमा लक्ष्य रक्षा गर्न सक्ने आत्मविश्वासी भएर बसेका थियौँ। प्रतिस्पर्धामा युएईले खेलमा फर्कने मौका दियो। हामी पनि यही मौकाको खोजीमा थियौँ। दीपेन्द्रसिंह दाजुले सधैँ फिल्डिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गर्दै आउनुभएको छ। आजको खेलमा पनि यस्तै भयो। युएईको दुई रनआउटले खेल नै परिवर्तन भयो।


रनआउट नै हारको कारण बन्यो



मुहमद वासिम, कप्तान, युएई

खेल निकै रोमाञ्चक बन्यो। नेपाललाई मध्यम योगफलमा रोक्यौँ। बलरहरूलाई यसको श्रेय दिन चाहन्छु। लक्ष्य पछ्याउँदा सबै राम्रो भइरहेको थियो। आवश्यक रनरेटअनुसार ब्याटिङ भइरहेको थियो। खेलको मध्यमा माइन्ड गेम खेल्न सकेनौँ। नेपाली बलरले उत्कृष्ट पुनरागमन गरेको भन्नुपर्छ। अन्तिम ओभरतिर एक वा दुई रन लिँदा खेल हाम्रो पक्षमा थियो, तर स्ट्रोक लगाउने ध्यानमा विकेट गुम्यो। अझ डेथ ओभरमा ब्याट्समयानहरू रनआउट हुनु नै युएईको हारको कारण बनेजस्तो लाग्छ। नेपालसँगको खेलमा सबैले मजा लिएको हुनुपर्छ। आगामी खेलमा सकारात्मक सोचका साथ प्रतिस्पर्धा हुनेछ।

अझ उत्कृष्ट प्रदर्शन गर्छु



दीपेन्द्रसिंह ऐरी, खेलाडी, नेपाल

युएईमाथिको जितले खुसी छु। यस्तै प्रदर्शन भइरहँदा नेपाल विश्वकपमा पुग्नेछ। धेरैले फिल्डिङ र बलिङमा मैले उत्कृष्ट प्रदर्शन गरेको भनेका छन्। तर, पुराना खेलहरूको तुलनामा यो त्यति राम्रो होइन। अझ उत्कृष्ट प्रदर्शन गर्न बाँकी छ। आगामी दिनमा योभन्दा फरक खेल हुनेछ। सबै खेलमा राम्रो खेल्नुपर्छ। सहभागी कुनै पनि टोली सामान्य छैनन्। सबै बलिया छन्। यसकारण गल्ती नगरी खेल्नुपर्छ।

अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालको सयौँ जित

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले एक सय अन्तर्राष्ट्रिय खेलमा जित निकालेको छ। आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन छनोटमा युएईलाई १ रनले हराउँदै नेपालले समग्रमा अन्तर्राष्ट्रिय क्रिकेटमा सयौँ जित पूरा गरेको हो। नेपालले १०९ टी-२० आई खेलमा ६२ र ७७ एकदिवसीयमा ३८ मा जित हात पारेको छ। सन् २०१४ मा पहिलो टी-२० आई र सन् २०१८ मा एकदिवसीयमा डेब्यु गरेको नेपालले कुल १८६ खेलमा सय जित, ७७ हार, चार बराबरी र पाँच नतिजाविहीन नतिजा हात पारेको छ।

सन् २०१८ मा नेपालले आइसिसीको एकदिवसीय मान्यता पाएको थियो। नेपालले अहिलेसम्म एकदिवसीय विश्वकप स्थानमा बनाउन सकेको छैन। नेपालले ५० ओभरको एकदिवसीय विश्वकपको ग्लोबल छनोटसम्म स्थान बनाएको छ। तर, टी-२० विश्वकपमा भने नेपालले दुईपटक प्रतिस्पर्धा गरिसक्यो।

अहिले तेस्रोपटक विश्वकप खेल्ने लक्ष्यका साथ नेपाली टोली ओमानमा छ। सन् २०१४ मा बंगलादेशले आयोजना गरेको विश्वकपमा नेपालले पहिलोपटक स्थान बनाएको थियो।

> नेपालले समग्रमा १०९ टी-२० आईमा ६२ र ७७ एकदिवसीयमा ३८ मा जित निकालेको छ

पहिलो अन्तर्राष्ट्रिय टी-२० आईमा नेपालले हङकङलाई हराएको थियो। सोही विश्वकपमा नेपालले बलियो अफगानिस्तानलाई समेत स्तब्ध पारेको थियो। त्यसको १० वर्षपछि नेपालले टी-२० विश्वकप (२०२४) मा स्थान बनायो। गत वर्ष अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा नेपालले दक्षिण अफ्रिका र बंगलादेशजस्तो बलियो टेस्ट राष्ट्रविरुद्ध उत्कृष्ट प्रदर्शन गऱ्यो।

दक्षिण अफ्रिकासँग नेपाल १ रनले चुक्दा इतिहास रच्न वञ्चित भयो। अन्तर्राष्ट्रिय क्रिकेट यात्रामा नेपालले गत सेप्टेम्बरमा आइसिसीको टेस्ट राष्ट्र वेस्ट इन्डिजविरुद्ध टी-२० आई सिरिज खेलेको थियो।

नेपालले पहिलोपटक टेस्ट राष्ट्रविरुद्ध सिरिज खेल्दा २-१ को ऐतिहासिक जित निकाल्यो। टी-२० फर्म्याटमा नेपालले भारत, पाकिस्तान, दक्षिण अफ्रिका, जिम्बावे, आयरल्यान्ड, वेस्ट इन्डिज र बंगलादेशविरुद्ध प्रतिस्पर्धा गरिसकेको छ।

एकदिवसीयमा भने नेपालले आयरल्यान्ड र जिम्बावेसँग एकदिवसीय ग्लोबल विश्वकप छनोटमा प्रतिस्पर्धा गरेको थियो। आइसिसीको एकदिवसीय वरीयतामा नेपाल १७औँ र टी-२०आईमा १८औँ स्थानमा छ। नेपालले तीनपटक एसियन खेलकुद प्रतियोगितामा सहभागिता जनाएको छ।

प्रहरी महिला संघद्वारा एरिका सम्मानित

नयाँ पत्रिका

नेपाल प्रहरी श्रीमती संघले अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा नेपाललाई स्वर्ण पदक दिलाएकी एरिका गुरुङलाई नगदसहित सम्मान गरेको छ। एरिकाले गत १७ देखि १९ असोजमा मलेसियामा भएको डब्लुकेएफ कराँते वान सिरिज 'ए'मा ऐतिहासिक स्वर्ण पदक जितेकी थिइन्। नेपाल प्रहरी श्रीमती संघले आइतबार एरिकालाई २५ हजार ५५५ रुपैयाँसहित सम्मान गरेको हो। नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष भावना श्रेष्ठ खापुडले एरिकालाई दोसल्ला ओढाएर सम्मानपत्रद्वारा सम्मान गरेकी हुन्।

संघले नेपाली राष्ट्रिय कराँते टोलीका प्रशिक्षक एवं १३औँ दक्षिण एसियाली खेलकुद (साग)का दोहोरो स्वर्ण विजेता मन्डेकाजी श्रेष्ठलाई पनि सम्मान गरेको थियो। एरिका नेपाल पुलिस क्लबकी खेलाडी पनि हुन्। उनले गत शुक्रबार सम्पन्न च्याम्पियनसिपमा कुमितेमा ६८ केजी तौलमाथि स्वर्ण जितेकी थिइन्। उनले ट्युनिसियाकी मसाक्नी टेस्निम, चेक रिपब्लिककी हाकोभा अमाली र पोल्यान्डकी डेनिस्जेवस्का जुलियालाई पछाडि पार्दै स्वर्ण जितेकी थिइन्। सेमिफाइनलमा हाकोभालाई ७-० ले हराएकी एरिकाले फाइनलमा मसाक्नीलाई २-० ले निराश पारिन्। कराँते वान सिरिज 'ए'मा स्वर्ण पदक जित्ने एरिका पहिलो नेपाली खेलाडी पनि हुन्।

विश्वप्रसिद्ध धावक जोन नेपालगन्जमा

नेपालगन्ज / मिनी ओलम्पिक भनेर चिनिने कमनवेल्थ गेम्स २०१० का स्वर्ण विजेता केन्याली धावक जोन के नेपालगन्ज आइपुगेका छन्। धारा नेपालगन्ज म्याराथनको निमन्त्रणामा उनी नेपालगन्ज आएका हुन्। म्याराथनका संस्थापक टिएस ठकुरी, रेस डाइरेक्टर चन्द्रबहादुर गुरुङ र संस्थापक सदस्य भीम ओलीले लिजेन्ड धावक जोनलाई स्वागत गरेका छन्। रनिङ इभेन्ट गौघाट ग्रिन रनमा अतिथि धावकका रूपमा सहभागी हुन जोन आएको गुरुङले जानकारी दिए। जोनले सन् २००३ देखि २०१० सम्म मुम्बई म्याराथन (भारत), इन्सेद (नेदरल्यान्ड्स), टोरन्टो वाटरफ्रन्ट (क्यानडा), सिंगापुर र बसेल्स (बेल्जियम) म्याराथन दौड जितेका थिए। गौघाट ग्रिन रन गत वर्षदेखि खजुराको सीतापुरमा सुरु भएको हो। २८ असोजमा दौड खजुरा पालिकाअन्तर्गतका विद्यालयका विद्यार्थीले चार विधामा प्रतिस्पर्धा गर्नेछन्।

एन्फा मुख्यालयमा फुटबल समर्थकको प्रदर्शन

नयाँ पत्रिका

फुटबल समर्थकले अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालयमा आइतबार शान्तिपूर्ण धर्ना बसेका छन्। एक दर्जनभन्दा बढी समर्थकले नेपाली फुटबलमा देखिएका समस्याको निकास निकाल्न एन्फा नेतृत्वलाई दबाब दिँदै शान्तिपूर्ण रूपमा धर्ना बसेका हुन्। समर्थकले पंकजविक्रम नेम्वाङ नेतृत्वमा रहेको एन्फाले 'सहिद स्मारक 'ए' डिभिजन लिग नगर्नु, आर्थिक अपारदर्शिता, नेतृत्वको गैरजवाफदेहिता र होम गेम विदेश'जस्ता विषयमा प्लेकार्डसहित प्रदर्शन गरेका हुन्।

सातदोबाटोमा रहेको एन्फा मुख्यालयमा धर्ना बस्नुअघि सुरक्षाकर्मी बाक्लो रूपमा परिचालन गरिएको थियो। 'वाक्कलाग्दो एन्फा, दिक्कलाग्दो नेपाली फुटबल', 'वेक अप एन्फा', 'एन्फा फुटबल एसोसिएसन कि कन्सल्टेन्सी', घरेलु



लिग चलाऊ, फुटबल बचाऊ', विश्वकप चार वर्षमा आउँछ, तर 'ए' डिभिजन कहिले आउँछ,' प्लेकार्डमा लेखिएको थियो।

नेम्वाङले एन्फा सम्हालेको तीन वर्ष पूरा भएको छ। उनको कार्यकालमा एकपटक मात्र सहिद स्मारक 'ए' डिभिजन लिगको साइकल पूरा भएको छ। गत वर्ष मात्र एन्फाले 'बी' डिभिजन लिग आयोजना गरेको थियो। तर, 'ए' डिभिजन लिग अन्तिमपटक तीन वर्षअघि गरेको थियो। 'ए' डिभिजन लिग नहुँदा अधिकांश राष्ट्रिय खेलाडी पलयान भइसकेका छन्।

एन्फाले स्थगित गऱ्यो बैठक

एन्फाले सहिद स्मारक 'ए' डिभिजन लिगका क्लबसँगको आइतबार तय बैठक स्थगित गरेको छ। गत भदौमा एन्फाले लिगमा आबद्ध क्लबलाई २६ असोज १ बजेका लागि लिग आयोजना गर्ने सम्बन्धमा बैठक बोलाएको थियो। तर, एन्फाले आवश्यक तयारी नपुगेका कारण स्थगित गर्नुपरेको जानकारी दिएको छ। 'बैठकका लागि आवश्यक तयारी नपुगेको हुँदा स्थगित गरिएको छ,' एन्फाले जनाएको छ, 'आगामी बैठकबारे पत्रबाट जानकारी गराइनेछ।'

आयरल्यान्डविरुद्ध पेनाल्टीमा चुके रोनाल्डो



एजेन्सी

पोर्चुगलले फिफा विश्वकप- २०२६ अन्तर्गत युरोपियन छनोटमा शनिबार राति आयरल्यान्डमाथि १-० को जित निकालेको छ। समूह 'एफ'मा महत्त्वपूर्ण ३ अंक हात पारे पनि कप्तान क्रिस्टियानो रोनाल्डोले प्रभावशाली खेल प्रदर्शन गर्न सकेनन्। आयरल्यान्डसँगको प्रतिस्पर्धामा रोनाल्डोले पेनाल्टी मिस गरेका थिए। यो वर्ष उनले तेस्रोपटक पेनाल्टीमा गोल गर्न नसकेका हुन्। रोनाल्डोले यसअघि युइएफए नेसन्स लिगमा डेनमार्कविरुद्धको ५-२ जितमा पनि पेनाल्टीमा गोल गर्न सकेका थिएनन्। उनले दुई साताअघि साउदी प्रो लिगमा पनि पेनाल्टी मिस गरेका थिए।

खेलको ७५औँ मिनेटमा पोर्चुगलले पेनाल्टी प्रहार गर्ने अवसर पाएको थियो। रोनाल्डोले प्रहार गरेको बललाई आयरल्यान्डका गोलरक्षक कोभिन केलेहले उत्कृष्ट बचाउ गरे। केलेहले अन्तिम क्षणमा खुट्टा उठाएर बल रोक्दै रोनाल्डोको पेनाल्टी असफल बनाए। जितसँगै पोर्चुगलले विश्वकप छनोटको तीनै खेल जित्दै ९ अंक बटुलेर समूह 'एफ'को शीर्ष स्थान कायम राखेको छ। दोस्रो स्थानमा रहेको हंगेरीले समान खेलबाट ४ अंक बनाएको छ।

पोर्चुगलले आयरल्यान्डविरुद्धको खेललाई दुई महिनाअघि भएको कार दुर्घटनामा निधन भएका डिएगो जोटाप्रति समर्पित गरेको थियो। आयरल्यान्डले बलियो पोर्चुगललाई ९० मिनेटसम्म गोलरहित बराबरीमा रोकेको थियो। खेलको अन्तिम इन्जुरी समयको पहिलो मिनेटमा रुबेन नेभेस नायक बने। उनले पोर्चुगललाई जित दिलाउन महत्त्वपूर्ण गोल गरे। उनी दिवंगत साथी जोटाले लगाउने २१ नम्बरको जर्सी लगाएर मैदानमा उत्रिएका थिए। मिडफिल्डर रुबेनले हेडिङ गोल गरेका हुन्।

सन् २०१५ मा डेब्यु गरेका रुबेनले आफ्नो ५९औँ अन्तर्राष्ट्रिय खेलमा पहिलो गोल गरे। पोर्चुगलले आयरल्यान्डविरुद्ध ७० प्रतिशत बल पोसेसन बनाएको थियो। पोर्चुगलले ३० वटा सट प्रहार गरेको थियो। खेलमा आयरल्यान्डको तुलनामा पोर्चुगलले धेरै गोल अवसर निकाल्दा सदुपयोग गर्न सकेन।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

ढुङ्गा, गिट्टी,बालुवा उत्खनन् तथा संकलन र बिक्री सम्बन्धी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२७)

यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न जानकी गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि यस गाउँपालिका क्षेत्र भित्रबाट बग्ने कर्णाली नदीको तोकीएका क्षेत्रहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन् तथा संकलन र बिक्री सम्बन्धी ठेक्का न्यूनतम ठेक्का अंकमा नघट्ने गरी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना प्रकाशित गरिएको छ। यो बोलपत्र PPMO को वेबसाईट :- www.bolpatra.gov.np/egp मा हेर्न र डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि जानकी गाउँपालिकाको कार्यालय, दुर्गौली, कैलालीको सूचना पाटी वा वेबसाईट : www.janakimunkailali.gov.np मा हेर्न सकिनेछ ।

क्र. सं.	आय ठेक्का नं.	ठेक्काको विवरण	कूल नदीजन्य पदार्थ उत्खनन् तथा संकलन (घन मिटर)	न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) रु.	बोलपत्र फाराम दस्तुररु.	बोलपत्र खोलिने मिति र समय
१.	JRM/IR/02/2082/083	कर्णाली नदीको तोकिएका क्षेत्रहरूबाट (कैलाशेश्वर सामुदायिक वन नजिकको घाट देखि जगतपुर सामुदायिक वन नजिकको घाट वडा नं. ६, मालझुल घाट वडा नं. ६ र रानीटप्पा घाट वडा नं. ६ र ९)	३९,८००	८४,३७,६००।- (अक्षेरुपी चौरासी लाख सैतिस हजार छ सय मात्र ।)	३,०००।- (अक्षरेपी तीन हजार मात्र ।)	२०८२।०७।२६ (12 Nov. 2025) दिनको २:०० बजे ।
२.	JRM/IR/03/2082/083	कर्णाली नदीको तोकिएका क्षेत्रहरूबाट (मुनुवाँ ठाँडा (कालिका सामुदायिक वनको पूर्वतिर) वडा नं. ९, बलचौर घाट, वडा नं. ९ र गोराङ्गे घाट, वडा नं. ९)	४१०००	८६,९२,०००।- (अक्षेरुपी छयासी लाख बयानब्बे हजार मात्र ।)	३,०००।- (अक्षरेपी तीन हजार मात्र ।)	२०८२।०७।२६ (12 Nov. 2025) दिनको २:०० बजे ।

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com